सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२५ मंसिर २०८०, सोमबार (11 Dec 2023, Monday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २३१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ फास्ट ट्र्याकको ठेक्का प्रक्रिया

प्राविधिक मूल्यांकनमा फेल भएको थ्रीएचसीलाई पनि पुनः सामेल गराइयो

जब कि अस्वीकृत भएपछि थ्रीएचसी-अफ्कोन्स जेभीले पुनरावलोकनको माग नै गरेको थिएन

मिलन विश्वकर्मा/नयाँ पत्रिका

काठमाडौं-तराई मेधश द्रुतमार्ग (फास्ट ट्र्याक)को टेन्डरमा प्राविधिक मूल्यांकनमा अनुत्तीर्ण (फेल) भएको अर्को कम्पनीलाई पनि पुनः मूल्यांकन गराएर ठेक्का प्रक्रियामा सामेल गरेको पाइएको छ। प्याकेज ९ बीको टेन्डरमा प्राविधिक मूल्यांकनमा फेल भएको नेपालको हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन र भारतको अफ्कोन्स इन्फ्रास्ट्रक्चर (अफ्कोन्स-थ्रीएचसी) जेभीलाई पुनः मूल्यांकनमा उत्तीर्ण गराएर वित्तीय मूल्यांकनको चरणमा तानिएको हो। जब कि यो कम्पनीले पुनः मूल्यांकनका लागि मागसमेत गरेको थिएन। हाई हिमालय हाइड्रो कन्स्ट्रक्सन जलविद्युत् क्षेत्रमा लगानी गर्दै आएका व्यवसायी किरण मल्लको हो।

प्राविधिक मूल्यांकनमा फेल भएको कालिका-एसएक्सआरबी (चिनियाँ कम्पनी) जेभीलाई पुनः मूल्यांकन गरेर पास गराएको विषयमा गत बिहीबार नयाँ पत्रिकामा समाचार छापिएको थियो। प्याकेज ८ ए र प्याकेज ९ बीको टेन्डर प्रक्रियामा सहभागी कालिकाले सुरुको मूल्यांकनमा असन्तुष्टि देखाउँदै सार्वजनिक खरिद पुनरावलोकन समिति (पिपिआरसी)मा उजुरी दिएपछि पुनः मूल्यांकन गरेर प्रक्रियामा पुनः सामेल गरिएको थियो। रक्षा मन्त्रालयले पनि पिपिआरसीकै निर्णयअनुसार टेन्डर प्रक्रिया अघि बढाउन पत्र पठाएपछि त्यस्तो निर्णय लिएको सेनाले जनाएको छ।

तर, पुनरावलोकनको माग नै नगरेको अफ्कोन्स- थ्रीएचसीलाई पनि ठेक्का प्रक्रियामा सामेल गरिएको छ। पुनः मूल्यांकनका लागि निवेदन नै नदिएको कम्पनीलाई पुनः मूल्यांकन गरेर ठेक्का प्रक्रियामा भित्र्याउने काम कसरी

» पृष्ठ ११ मा क्रमशः

मूल्यांकन रिभ्यु गर्ने क्रममा उत्तीर्ण भयो

● **कृष्णप्रसाद भण्डारी**, प्रवक्ता, नेपाली सेना



पहिलाको मूल्यांकन प्रक्रियामा आफ्कोन्स- थ्रीएचसी जेभीमा हाई हिमालय हाइड्रो कन्स्ट्रक्सनको केही समस्या देखिएको थियो। पछिल्लो मूल्यांकनमा त्यो समस्या देखिएन, त्यसैले मूल्यांकन रिभ्यु गर्ने क्रममा उत्तीर्ण भयो।

तर, पिपिआरसीका एक उच्च अधिकारी सार्वजनिक खरिद ऐनको दफा ५० अनुसार पनि मूल्यांकनमा असन्तुष्टि देखाएर निवेदन दिने कम्पनीको मात्रै पुनः मूल्यांकन हुने बताउँछन्। सेनाले के कारण अरूको पनि पुनः मूल्यांकन गऱ्यो जानकारी नभएको उनको भनाइ छ। 'अरू कम्पनीले रिभ्युका लागि आवेदन नै दिएका थिएनन्। कालिका जेभीले मात्रै दिएको हुनाले सोही कम्पनीलाई मात्रै लागू हुने गरी निर्णय भएको हो। सार्वजनिक खरिद ऐनको दफा ५० मा पनि जसले न्याय माग्न आएको हो, उसैलाई न्याय दिलाउने भन्ने स्पष्ट छ,' उनले भने, 'तर, सेनाले के-कसरी टेन्डर अघि बढायो, त्यसबारे भने हामीलाई जानकारी छैन।'

पिपिआरसीका अध्यक्ष मोहन सापकोटाले भने यसबारे प्रतिक्रिया दिन चाहेनन्। सार्वजनिक खरिद अनुगमन कार्यालय (पिपिएमओ)का प्रवक्ता विष्णुप्रसाद शर्मा 'यो पिपिआरसीको विषय भएकाले उतैबाट जानकारी लिनूस्' भन्दै पन्छिए। एक पूर्वसचिवले पनि पुनः मूल्यांकनका लागि निवेदन नै नदिएको कम्पनीको पुनः मूल्यांकन गरिनु गलत अभ्यास भएको बताए। 'यो घटनाबारे म अनभिज्ञ छु। तर, जसले मलाई मर्का परेको छ भनेर पिपिआरसीमा आवेदन नै दिएको छैन। उसलाई पुनः मूल्यांकन गरेर उत्तीर्ण गर्नु गलत प्रवृत्ति हो,' उनले भने, 'यसले गलत नजिर स्थापित गर्छ। न्याय जसले माग्छ, उसलाई दिने हो। न्याय नमागेकालाई न्याय दिने होइन।'

■ विमानस्थलबाट शृंखलाबद्ध सुन तस्करी

भन्सारको एक्सरे मेसिनबाटै पास भयो ६.५६५ किलो सुन

■ बरामद १४ र ६.५ केजी सुन तस्करी गर्ने गिरोह एउटै रहेको आशंका





त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित भन्सार कार्यालयको एक्सरे मेसिन र वाक थ्रु गेटमा जाँचपास भएर बाहिरिएको ६.५६५ किलो तस्करीको सुन(बायाँ)सहित प्रहरीले शनिबार राति इजिप्टका नागरिक मोहम्मद लासिनलाई पक्राउ गरेको छ। बिहीबार राति पनि पूर्वसूचनाका आधारमा भन्सारका कर्मचारीले विमानस्थलभित्रै १४ किलो सुनसहित गोरखाका चन्द्र घलेलाई पक्राउ गरेको थियो। दुवैजना फ्लाई दुबईको उडान नम्बर एफ जेट ५७३ बाट राति ११:४० मा काठमाडौं उत्रिएका थिए। घले र लासिनले भारतीय नागरिकले दिएको सुन आफूहरूले ल्याएको प्रारम्भिक बयान दिएका छन्। दुवै घटनामा तस्करीको शैली उस्तै भएकाले एउटै गिरोहको संलग्नता हुन सक्ने आशंका गरिएको छ।

टेकराज थामी/नयाँ पत्रिका

यात्रुले शंकास्पद वस्तु भित्र्याएको छ-छैन पहिचान गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयमा 'एक्सरे' र 'वाक थ्रु गेट' छन्। तर, तिनै मेसिनमा 'जाँच पास' भएर पटक-पटक तस्करीको सुन आउने गरेको छ। विमानस्थलका कर्मचारीको मिलेमतोको आशंकासँगै मेसिनको प्रभावकारितामा पनि प्रश्न उठेको छ।

शनिबार राति ११:५१ मा फ्लाई दुबईको उडानबाट इजिप्टका नागरिक ३३ वर्षीय मोहम्मद लासिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अवतरण गरे। अन्य यात्रुसँगै उनी विमानस्थलस्थित भन्सार कार्यालयको चेक पोइन्टमा पुगे। 'एक्सरे मेसिन'अगाडि उभिए, चेकजाँचमा उनी पास भए। त्यसपछि सरासर 'वाक थ्रु गेट'तिर लागे। त्यहाँ पनि उनको शरीरमा शंकास्पद वस्तु रहेको

» पृष्ठ ११ मा क्रमशः

सरोकारवाला निकायको यस्तो दाबी

● **शोभाकान्त पौडेल**, महानिर्देशक, भन्सार विभाग



कतिपय अवस्थामा हाम्रो एक्सरे मेसिनले सुन डिटेक्ट नगर्ने कुरा साँचो हो। तस्करहरूले लेपन लगाउनेदेखि अनेक विधिको प्रयोग गर्छन्। त्यसअनुसारको हाम्रो प्रविधि छैन। हामीले तत्काल नयाँ एक्सरे मेसिन खरिद गर्न विमानस्थललाई ६ करोड रुपैयाँ दिइसकेका छौं। अर्को कुरा, विमानस्थलमा सयवटा निकाय छन्। कतिपय निकायको सुन तस्करी गर्ने समूहसँग हिमचिम नहोला भन्न पनि सकिन्न। जसकारण अन्य बाटोबाट पनि पास भएको हुन सक्छ।

● **टोकराज पाण्डे**, प्रमुख, विमानस्थल भन्सार कार्यालय



हामीकहाँ प्रयोग भएको एक्सरे मेसिन अन्तर्राष्ट्रिय मापदण्डअनुसारकै हो। तर, सुन बरामदको पछिल्लो घटनाले त्यसमा केही कैफियत छ कि जस्तो देखिन्छ। अर्धठोस अवस्थाको सुनलाई यसले पहिल्याउन सकेको देखिएन। तस्करले अनेक केमिकल प्रयोग गर्छन्, त्यसैले पनि यस्तो समस्या आएको हुन सक्छ।

● **डिआइजी अर्जुन चन्द**, प्रमुख, विमानस्थल सुरक्षा कार्यालय



भन्सारको चेक पोइन्ट पास गरेर बाहिर आएका यात्रुबाट सुन बरामद भएका छन्। यसको अर्थ भन्सारमा प्रयोग गरिएको 'एक्सरे' र 'वाक थ्रु गेट'ले काम गर्न नसकेको भन्ने हो।

अर्थ पत्रिका

चार महिनामा प्रदेशको पुँजीगत खर्च ६% मात्रै

कोशी : ७.५४ प्रतिशत
अर्थात् एक अर्ब ३७ करोड रुपैयाँ मात्रै पुँजीगत खर्च

मधेश : १.९५ प्रतिशत
अर्थात् ४९ करोड ७९ लाख मात्रै पुँजीगत खर्च

बागमती : ६.२१ प्रतिशत
अर्थात् दुई अर्ब २२ करोड ११ लाख मात्रै पुँजीगत खर्च

गण्डकी : ९.३१ प्रतिशत
अर्थात् एक अर्ब ८८ करोड दुई लाख मात्रै पुँजीगत खर्च

लुम्बिनी : ६.५९ प्रतिशत
अर्थात् एक अर्ब ५३ करोड १९ लाख मात्रै पुँजीगत खर्च

कर्णाली : ५.२९ प्रतिशत
अर्थात् ८४ करोड दुई लाख ९३ हजार मात्रै पुँजीगत खर्च

सुदूरपश्चिम : ५.२३ प्रतिशत
अर्थात् ८९ करोड दुई लाख मात्रै पुँजीगत खर्च

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एक वर्ष बित्दा पनि बागमतीका संसदीय समितिले पाएनन् नेतृत्व

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सभाको दोस्रो कार्यकालको एक वर्ष बित्दा पनि संसदीय समितिले नेतृत्व पाएका छैनन्। प्रदेश सभा सुरु भएको सात महिनापछि गत असारमा पाँच संसदीय समिति गठन भए पनि कुनै पनि समितिको सभापति भने चयन हुन नसकेका हुन्।



ज्येष्ठ सदस्यको भरमा रहेको संसदीय समितिको बैठक दुई महिनायता ठप्प, विधेयक अलपत्र

सभापति चयन नहुँदा १९ भदौमा पहिलोपटक संसदीय समितिको बैठक बस्दा समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गरेका थिए। त्यसयता ज्येष्ठ सदस्यले नै संसदीय समितको नेतृत्व गरिरहेका छन् भने दुई महिनायता समितिको बैठक नै बस्न छाडेको छ।

प्रदेश मामिला समितिको पछिल्लो बैठक २२ असोजमा बसेको थियो। उक्त बैठकबाट समितिले दफावार छलफलपछि प्रतिवेदनसहित प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश सभामा फिर्ता पठाएको थियो। २४ असोजमा प्रदेश सभाको बर्खे अधिवेशन नै अन्त्य भएपछि संसदीय समितिको बैठक पनि बस्न सकेको छैन। समितिको सभापति चयन नहुँदा प्रतिपक्षी दलका सांसदले समिति बैठकलाई महत्त्व नै नदिएको शिक्षा समितिको अध्यक्षता गर्दै आएकी ज्येष्ठ सदस्य मीना पराजुली पोखरेलले बताइन्।

संसदीय समिति निष्क्रिय हुँदा समितिमा दफावार छलफलका लागि प्रदेश सभाले पठाएका तीन विधेयक अलपत्र छन्। १९ भदौयता प्रदेश सभाले समितिमा पाँच विधेयक पठाएको थियो। दुई विधेयकमाथि मात्र छलफल गरेर प्रतिवेदनसहित सदनमा पेस गरिएको छ।

प्रदेश मामिला समितिको बैठकबाट प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र उद्योग, पर्यटन तथा वातावरण समितिको बैठकबाट प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार

» पृष्ठ ११ मा क्रमशः



■ म्यानमारमा मानव तस्करी

पहिलेका पीडित नै अहिलेका अभियुक्त

नवराज मैनाली/नयाँ पत्रिका

रोजगारीको प्रलोभनमा म्यानमार पुऱ्याएर 'साइबर दास' बनाउने गिरोहका एजेन्टलाई प्रहरीले धमाधम पक्राउ गर्न थालेको छ। पछिल्लो दुई सातामा पाँचजना पक्राउ परेका छन्। पहिला आफैं रोजगारीका लागि म्यानमार पुगेकाहरूबाटै अरूलाई पनि फसाइएको अनुसन्धानबाट खुलिरहेको छ।

प्रहरीले शनिबार बुद्ध तामाङ तथा आइतबार कविता गुरुङलाई पक्राउ गरेको छ। उनीहरूले चिनियाँ गिरोहसँग मिलेर नेपालीलाई अवैध तरिकाले म्यानमार पठाएका थिए। प्रलोभनमा परेर त्यहाँ पुगेकाहरू हालै ६-६ हजार अमेरिकी डलर फिरौती बुझाएर नेपाल फर्किएका हुन्।

प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले एजेन्टहरूमाथिको कारबाहीलाई तीव्रता दिएको हो। दुई साताअघि मात्र ब्युरोले श्रीकृष्ण घले,



बुद्ध तामाङ

वाङ्गो लामा र प्रेमा लामालाई पक्राउ गरेको थियो। म्यानमारबाट हालै फर्केका पीडितहरूको उजुरी आउन थालेसँगै पक्राउ पर्नेहरू बढेका हुन्। मानव बेचबिखनको अपराधमा पीडितको जाहेरी नभई पक्राउ गर्न नमिल्ने प्रावधान छ।

ब्युरोका प्रमुख जीवनकुमार श्रेष्ठले म्यानमारमा सर्यौं नेपालीलाई पठाएर त्यहाँ बन्धक बनाएर अवैध काममा लगाउने गिरोहका एजेन्टमाथि कारबाहीलाई तीव्रता दिइएको बताए। 'केहीलाई पक्राउ गरेका छौं, अरू खोजीमा छन्,' उनले भने, 'यसमा संलग्न कतिपय चिनियाँ भाषाका दोभाषेहरू छन्।'

म्यानमारको म्यावडी भन्ने स्थानमा चिनियाँहरूको क्याम्पमा करिब एक वर्ष बसेर फिरौती बुझाई नेपाली युवा फर्किएका छन्। त्यहाँ अनलाइन स्क्यामिङको काम लगाइएको र लक्ष्यअनुसार काम गर्न नसक्दा चरम यातना दिएको उनीहरूले बताएका छन्। नेपाल फर्कन खोज्नेलाई ६ हजार अमेरिकी डलरमा किनेको भन्दै सोबराबर रकम माग्दै यातना दिने गरिएको छ। धेरैजना हालै फिरौती बुझाएर फर्किएका छन्। हाल त्यहाँ द्वन्द्व चलेकाले उद्धारको काम पनि हुन सकेको छैन, जसकारण पीडितहरू

» पृष्ठ ११ मा क्रमशः

काठमाडौंका सामुदायिक कुकुरमा देखियो डिस्टेम्पर रोग

कुकुरमा ज्वरो आउने, खाना नखाने, झोक्राउने, नाकमा सिँगान र आँखामा चिप्रा देखिए खोप अनिवार्य लगाउन आग्रह

काठमाडौं/ काठमाडौं महानगर क्षेत्रका केही सामुदायिक कुकुरमा डिस्टेम्पर रोग देखिएको छ। महानगरपालिका पशुपक्षी विभागका प्रमुख डा. अवधेश झाका अनुसार कुकुरमा समस्या देखिएको भन्ने स्थानीयको सूचनाका आधारमा परीक्षण गर्दा रोग पत्ता लागेको हो।

कुकुरमा हुने यो रोग एक कुकुरदेखि अर्कोमा सजिलै सर्छ, तर कुकुरबाट मान्छेमा भने सर्दैन। यो प्राणघातक रोग हो। 'लक्षण देखिएपछि रोकथाम सुरु गरिसकेका छौं,' डा. झा भन्छन्, 'रोग लागेका कुकुरलाई ज्वरो आउने, खाना नखाने, झोक्राउने, नाकमा सिँगान र आँखामा चिप्रा देखिने हुन्छ। खोक्ने, बान्ता गर्ने, दिसा पातलो गर्ने, छारे रोगजस्तो लक्षण देखाउने, लडबडाएर हिँड्ने, किटकिट गरेर दाँत बजाउने पनि गर्छन्।'

रोग लागेका कुकुरका बारेमा जानकारी आएपछि उपचार र व्यवस्थापनको काम थालिसकिएको विभागले जनाएको छ। सामुदायिक कुकुरमा यस्ता समस्या देखिए, महानगरपालिकाको निःशुल्क टेलिफोन नम्बर १६६००१०५५११ र ११८० मा सूचना दिन विभागले अनुरोध गरेको छ। कुकुरबाट कुकुरमा सर्ने भएकाले रोग फैलिएका ठाउँमा घरपालुवा कुकुर बाहिर नलैजान र कुकुरलाई रोगविरुद्धको खोप अनिवार्य लगाउन विभागले अनुरोध गरेको छ।

प्रत्येक पाँच सय मिटरमा शौचालय बनाउँदै महानगर



स्वयम्भूस्थित सार्वजनिक शौचालय। फाइल तस्बिर

शान्ति तामाङ/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाभित्र रहेको सार्वजनिक शौचालय अभावको अवस्था समाधानका लागि महानगरले पहल सुरु गरेको छ। यसका लागि महानगरले प्रत्येक पाँच सय मिटरमा एउटा सार्वजनिक शौचालय बनाउने गरी योजना अघि सारेको हो।

काठमाडौं महानगरका अनुसार प्रत्येक पाँच सय मिटरमा एउटा शौचालय निर्माण भइसक्दा सार्वजनिक शौचालयको संख्या पाँच सयको हाराहारीमा हुनेछ। सार्वजनिक-निजी साझेदारी विभाग प्रमुख नरेन्द्रविलास ब्रजाचार्यका अनुसार प्रत्येक पाँच सय मिटरमा शौचालय निर्माणका लागि काम अघि बढिसकेको छ। 'मेयरसाबले पाँच सय मिटरमा एउटा शौचालय बनाउने भन्नुभएको छ। सोहीअनुसार वडामातहत काम गरिरहेका छौं,' बज्राचार्यले भने, 'वडालाई शौचालय निर्माणका लागि ठाउँ पहिचान गर्न भनेका छौं। तर, कतिपय वडाले ठाउँ पहिचान गरेर पनि बनाउन नसकेपछि हामीले नै ती ठाउँमा काम गरिरहेका छौं।'

गत पुसमा बसेको ११औं कार्यपालिका बैठकले वडालाई सार्वजनिक शौचालय बनाउन उपयुक्त स्थान पहिचान गरी आफ्नो वडा क्षेत्रभित्र सुविधासम्पन्न, आधुनिक शौचालय बनाउने अधिकार प्रत्यायोजन गरेको थियो। वडाले नसकेको ठाउँमा महानगर आफैंले निर्माण गरिरहेको छ। महानगरले सोह्रखुट्टे र बागबजारमा शौचालय निर्माण गरिसकेको छ। यसैगरी, गत असोजमा वडा सचिवहरूसँग भएको विभागको बैठकमा भएका शौचालयलाई नियमित गर्ने, सम्झौता भएकाहरूको सञ्चालन अवस्था अनुगमन गर्ने र नयाँ निर्माण गर्ने योजना कार्यान्वयनका लागि वडा सचिवहरूसँग भएको छलफलमा सार्वजनिक-निजी साझेदारी विभाग प्रमुख अधिकारीले बताएका थिए। सार्वजनिक शौचालयसम्बन्धी गलत धारणालाई रूपान्तरण गरेर सफा, दुर्गन्धरहित, व्यवस्थित, उज्यालो, हातधुने साबुन, पानीको व्यवस्था गराउने गरी काम गर्न लागिएको समेत महानगरले जनाएको छ। वडाकेन्द्रित भएर काम गर्ने उद्देश्यस्वरूप महानगरअन्तर्गत सहरी योजना आयोगको प्राविधिक सहयोगमा चार डूइङ, डिजाइन तयार भएको छ। सोही डूइङ, डिजाइन छनोट गरी सार्वजनिक शौचालय सञ्चालनका लागि खरिद प्रक्रिया अगाडि बढाउन महानगरले वडालाई भनेको छ।

■ महानगरभित्र जम्मा ५६ शौचालय

हाल महानगरभित्र जम्मा ५६ वटा मात्रै सार्वजनिक शौचालय छन्। ती शौचालयमध्ये १० वटा स्मार्ट प्रविधिमा आधारित छन् भने बाँकी प्रयोग गर्न मिल्ने अवस्थामा मात्र रहेका छन्। ती शौचालयलाई पनि मर्मत-सम्भार गरेर स्मार्ट शौचालयमा रूपान्तरण गर्ने महानगरको तयारी छ।

भूमिहीन सुकुमवासीको उचित व्यवस्थापन गर्न माग

काठमाडौं/ भूमिहीन तथा सुकुमवासीले आइतबार काठमाडौंमा विशेष कार्यक्रम आयोजना गर्दै उचित व्यवस्थापन गर्न माग गरेका छन्। नेपाल महिला एकता समाजले १५औं राष्ट्रिय महिला सम्मेलनको आयोजना गर्दै यस्तो माग गरेका हुन्। कार्यक्रममा उपसभामुख इन्दिरा रानाले भूमिमा महिलाको अधिकार सुनिश्चित हुनुपर्ने बताइन्। 'जग्गाजमिन महिलाको नाममा हुनुपर्छ, महिलाले परिवारकै भलो चिताउँछन्, तर उनीहरूको बसोवास असहज छ,' उनले भनिन्, 'भूमिहीनलाई वासको व्यवस्थापन गर्ने विषय संविधानमा उल्लेख भए पनि लागू हुन सकिरहेको छैन, जग्गाको स्वामित्व दिने हकमा बेवास्ता गरिए पनि निर्वाचनमा भोटका लागि महिलालाई प्रयोग गरिन्छ, भोट चल्ने अरू नचल्ने भन्ने हुँदैन।' उनले महिलाको नाममा लालपुर्जा भयो भने परिवार नै सुरक्षित हुने र भूमिहीनलाई जग्गा दिन सक्दो पहल गर्ने प्रतिबद्धता जनाइन्। यस्तै, समाजकी अध्यक्ष विना बुद्धाचार्यले भूमिहीन महिलाका कैयौं समस्या भएको र उनीहरूलाई बसोवासको व्यवस्थापनका लागि राज्यले चासो दिनुपर्ने माग राखिन्।

संक्षेपमा उपत्यका

गोदावरी : वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिने प्रलोभनमा आठ लाख ठगी गर्ने बर्दिया मधुवन नपा-६ घर भई ललितपुर गोदावारी नपा-१० बस्ने ३० वर्षीय अभिषेक श्रेष्ठलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। श्रेष्ठले पीडितलाई वैदेशिक रोजगारीका लागि अमेरिका पठाई प्रतिष्ठित होटेलमा मासिक तीन लाख रुपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै पीडितबाट पटक-पटक गरी उक्त रकम ठगी गरेको खुल्न आएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई ललितपुर लगनखेलबाट पक्राउ गरेको हो।

गौरीघाट : वैदेशिक रोजगारीका लागि दक्षिण अफ्रिका पठाइदिने प्रलोभनमा १७ लाख रुपैयाँ ठगी गर्ने झापा बिर्तामोड नपा-४ का काठमाडौं मनपा-७, गौरीघाट बस्ने १८ वर्षीय अन्जेश गिरीलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। गिरीले दुईजनालाई वैदेशिक रोजगारीका लागि दक्षिण अफ्रिका पठाई प्रतिष्ठित कम्पनीमा मासिक एक लाख २० हजार रुपैयाँ तलबमा काम लगाइदिन्छु भन्दै पटक-पटक गरी उक्त रकम ठगी गरेकाले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले सिनामंगलबाट पक्राउ गरेको हो।

डल्लु : युरोपेली देश माल्टामा आकर्षक जागिर लगाईदिने प्रलोभन देखाई ठगी गरेको आरोपमा काठमाडौं महानगरपालिका-१५, डल्लु बस्ने धर्मेन्द्र साहीलाई प्रहरीले पक्राउ गरेको छ। जुम्लाको हिमा गाउँपालिका-५ स्थायी घर भएका साहीले सोमबार तामाङसहित दुईजनालाई माल्टा पठाइदिन्छु भन्दै प्रतिव्यक्ति १० लाख लाग्ने र माल्टामा मासिक एक लाख १० हजार तलब हुने भनी विश्वास दिलाएका थिए। साहीले पीडितहरूबाट पटक-पटक गरी जम्मा सात लाख पाँच हजार रुपैयाँ रकम लिई सम्पर्कविहीन भएपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा उजुरी गरेका थिए। कार्यालयबाट खटिएको प्रहरी टोलीले धर्मेन्द्र साहीलाई ललितपुर महानगरपालिका-४, जावलाखेलबाट पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाएको छ।

गैह्रीधारा : काठमाडौं महानगरपालिका-१, गैह्रीधाराबाट ब्राउन सुगरजस्तो देखिने पदार्थ करिब ३० ग्राम ३३ मिलिग्रामसहित सोही महानगरपालिका-७, चाबहिल बस्ने रुकुम-पश्चिम बाफीकोट गाउँपालिका-८ घर भएका ४१ वर्षीय दण्डबहादुर खत्रीलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ।

पुतलीसडक : काठमाडौं महानगरले यस वर्ष महानगर दिवस सैनिक मञ्च टुँडिखेलमा आयोजना गर्ने भएको छ। शुक्रबार बसेको नगर कार्यपालिकाको २५औं बैठकले दिवसमा आयोजित समारोह टुँडिखेलमा मनाउने निर्णय गरेको हो। बैठकमा महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले समारोहसम्बन्धी जानकारी दिएका थिए। 'गएका वर्षहरूमा दिवसको मूल समारोह आयोजना गर्ने गरिएको ठाउँ वसन्तपुरमा यस वर्ष सवारी प्रवेशमा निषेध गरेका छौं। ठूलो स्पिकर राखेर गरिने कार्यक्रम रोकेका छौं। यो निषेध अरूका लागि मात्र होइन।

लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/०८/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ। उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण बापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून बमोजिम कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा व्यक्तिगत जमानी दिने समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

क.सं.	ऋणीको विवरण	धितोको विवरण
१.	**नाम : आकाश कुमार चौधरी** बाबुको नाम : राज कुमार चौधरी थारु बाजेको नाम : राम नारायण चौधरी ठेगाना : अमडुवा - ४, सुनसरी हाल : बर्जु - ३, सुनसरी ना.प्र.प.नं : ०६-०६-७५-००६१६ जि.प्र.का. सुनसरी जारी मिति : २०७५/०३/२९ **शाखा कार्यालय : सुनसरी**	आकाश कुमार चौधरीको नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता रहेको अमडुवा - ४ क (हाल वर्जु - ३) सुनसरी स्थित कित्ता नं. ८७८ र ८८३ को क्षेत्रफल क्रमशः ०-२-३ र ०-२-५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। २. ऋणी आकाश कुमार चौधरीको नाममा रहेको सम्पूर्ण चल सम्पत्ती र बजार बाकि रहेको रकम समेत यस विकास बैंकको नाममा हाईपोथिकेसन।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : नितु कुमारी चौधरी बाबुको नाम : राज कुमार चौधरी थारु बाजेको नाम : राम नारायण चौधरी ठेगाना : अमडुवा - ४, सुनसरी हाल : बर्जु - ३, सुनसरी ना.प्र.प.नं. : ०६-०६-७७-०१३४६ जि.प्र.का. सुनसरी जारी मिति : २०७७/०९/२९	**२. नाम : राज कुमार चौधरी थारु** बाबुको नाम : राम नारायण चौधरी बाजेको नाम : बृहस्पती चौधरी ठेगाना : अमडुवा - ४, सुनसरी हाल : बर्जु - ३, सुनसरी ना.प्र.प.नं. : २७३२/३७३२ जि.प्र.का. सुनसरी जारी मिति : २०५३/०१/०३
	३. नाम : मन्जु देवी चौधरी पतिको नाम : राज कुमार चौधरी थारु, ससुराको नाम : राम नारायण चौधरी ठेगाना : अमडुवा - ४, सुनसरी, हाल : बर्जु - ३, सुनसरी ना.प्र.प.नं. : ११२९०६, जि.प्र.का. सुनसरी, जारी मिति : २०६३/०५/०८	
	ऋणीको विवरण	**व्यक्तिगत जमानत दिनेको विवरण**
२.	**नाम : जानुका दाहाल** ससुराको नाम : हरि प्रसाद दहाल पतिको नाम : हिमालय दाहाल ठेगाना : दमक - ५, झापा हाल : दमक - ३, झापा ना.प्र.प.नं. : ०४२०४४/१९८ जि.प्र.का. झापा जारी मिति : २०६३/१२/३० **शाखा कार्यालय : दमक**	**नाम : हिमालय दहाल** बाबुको नाम : हरि प्रसाद दाहाल ससुराको नाम : दिल बहादुर बस्नेत ठेगाना : दमक - ५, झापा हाल : दमक - ३, झापा ना.प्र.प.नं. : ६१२५ जि.प्र.का. झापा जारी मिति : २०५५/५/१
	धितोको विवरण	
	जानुका दाहालको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता रहेको दमक - २, झापा स्थित कित्ता नं. ७८३२ को क्षेत्रफल ०-३-०-० र दमक - ५ झापा स्थित कित्ता नं. १४९०० को क्षेत्रफल ०-०-१०-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत	
	ऋणीको विवरण	**धितोको विवरण**
३.	**नाम : बिना कृषि फर्म** दर्ता गर्ने निकाय : प्रदेश सरकार, १ नं प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, विराटनगर, मोरङ्ग दर्ता नं. : १९०८४/०७७/०७८ दर्ता मिति : २०७७/१२/२५ रजिष्टर्ड कार्यालय : पथरी शनिश्चरे - ६, मोरङ्ग **प्रोप्राइटर : बिना बन्जरा** **शाखा कार्यालय : दमक**	बिना बन्जराको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता रहेको अमरदह - ५, मोरङ्ग स्थित कित्ता नं. ५, ९४६ को क्षेत्रफल क्रमशः ०-९-१०-०, ०-५-१०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : बिना बन्जरा पतिको नाम : गोकुल प्रसाद बन्जरा ससुराको नाम : बलभद्र बन्जरा ठेगाना : निजगढ - २, बारा हाल : पथरी शनिश्चरे - ६, मोरङ्ग ना.प्र.प.नं. : ३३३०११/२०३ जि.प्र.का. बारा जारी मिति : २०६३/१०/८	**२. नाम : गोकुल प्रसाद बन्जरा** बाबुको नाम : बलभद्र बन्जरा बाजेको नाम : लक्ष्मी प्रसाद बन्जरा ठेगाना : निजगढ - २, बारा हाल : पथरी शनिश्चरे - ६, मोरङ्ग ना.प्र.प.नं. : ८०१/१५७२ जि.प्र.का. बारा जारी मिति : २०४३/१०/४
	३. नाम : थिर प्रसाद बन्जरा बाबुको नाम : गोकुल प्रसाद बन्जरा, बाजेको नाम : बलभद्र बन्जरा ठेगाना : निजगढ - २, बारा, हाल : पथरी शनिश्चरे - ६, मोरङ्ग ना.प्र.प.नं. : ३३३०११/३५८, जि.प्र.का. बारा, जारी मिति : २०७०/०१/१९	
	ऋणीको विवरण	**धितोको विवरण**
४.	**नाम : खड्ग बहादुर बस्नेत** बाबुको नाम : दिल बहादुर बस्नेत बाजेको नाम : कृष्ण बहादुर बस्नेत ठेगाना : लखनपुर - १, झापा हाल : कमल - ५, झापा ना.प्र.प.नं. : ०४२०४३/४०९४ जि.प्र.का. झापा जारी मिति : २०७०/०९/०८ **शाखा कार्यालय : दमक**	बहादुर बस्नेतको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता रहेको लखनपुर -१, झापा स्थित कित्ता नं. ७६४ को क्षेत्रफल ०-५-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : जानुकादेवी थापा ससुराको नाम : दिल बहादुर बस्नेत पतिको नाम : खड्ग बहादुर बस्नेत ठेगाना : धुलाबारी - ९, झापा हाल : कमल - ५, झापा ना.प्र.प.नं. : २७७१२८० जि.प्र.का. झापा जारी मिति : २०५२/०९/३०	**२. नाम : भेष राज बस्नेत** बाबुको नाम : खड्ग बहादुर बस्नेत बाजेको नाम : दिल बहादुर बस्नेत ठेगाना : लखनपुर - १, झापा हाल : कमल - ५, झापा ना.प्र.प.नं. : ०४-०२-७२-००९८७ जि.प्र.का. झापा जारी मिति : २०७२/०२/२५
	ऋणीको विवरण	**धितोको विवरण**
५.	**नाम : हिराकाजी सुनार** बाबुको नाम : मनकाजि सुनार बाजेको नाम : लालजीत सुनार स्थायी ठेगाना : आर्बा - १, कास्की हाल : पोखरा - १०, कास्की ना.प्र.प.नं. : १२६१९१, जि.प्र.का. कास्की जारी मिति : २०५९/०२/१९ **शाखा कार्यालय : लामाचौर**	हिराकाजी सुनारको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको धिताल - २, कास्की स्थित कित्ता नं. ३६०३, ३६१६ र ३६१८ को क्षेत्रफल क्रमशः ४१.७३, १७२.८७ र १५.९० व.मी. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : मनकाजि सुनार बाबुको नाम : लालजीत सुनार बाजेको नाम : कुम्भ सिंह सुनार ठेगाना : आर्बाबिजय - १, कास्की हाल : पोखरा - १०, कास्की ना.प्र.प.नं. : ४६-०१-७१-०७९४८ जि.प्र.का. कास्की जारी मिति : २०७१/०८/१६	**२. नाम : सुक माया सुनार** पतिको नाम : मनकाजि सुनार ससुराको नाम: लालजीत सुनार ठेगाना : आर्बाबिजय - १, कास्की हाल : पोखरा - १०, कास्की ना.प्र.प.नं. : १२६३००, जि.प्र.का. कास्की जारी मिति : २०५९/०२/२२
	३. नाम : मोती सुनार बाबुको नाम : मनकाजि सुनार, बाजेको नाम : लालजीत सुनार ठेगाना : आर्बाबिजय - १, कास्की, हाल : पोखरा - १०, कास्की ना.प्र.प.नं. : १७१७४१, जि.प्र.का. कास्की, जारी मिति : २०६३/०५/२६	

क.सं.	ऋणीको विवरण	धितोको विवरण
६.	**नाम : नफिसा वानु** पतिको नाम : अलिम मिया ससुराको नाम : अमिनुल्ला मिया ठेगाना : पोखरा - १३, कास्की ना.प्र.प.नं. : ७४११७, जि.प्र.का. कास्की जारी मिति : २०५५/०४/२१ **शाखा कार्यालय : लामाचौर**	नफिसा वानु र तायरा मियाको संयुक्त नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको पोखरा - १३, कास्की स्थित कित्ता नं. १४८ को क्षेत्रफल १७२.१० ब.मी. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : अलिम मिया बाबुको नाम : अमिनुल्ला मिया बाजेको नाम : सन्नुकलाह मिया ठेगाना : पोखरा - १३, कास्की ना.प्र.प.नं. : ६२०० जि.प्र.का. कास्की जारी मिति : २०४९/१२/२६,	**२. नाम : मोहमद इरशाद** बाबुको नाम : अबदुल गफर बाजेको नाम : बलि मोहमद ठेगाना : भारत हाल : पोखरा - १३, कास्की भारती प्र.प.नं. : पिकेआर-१७१/१८ जारी मिति : २०१८/०९/२२
	२. नाम : तायरा मिया बाजेको नाम : अलि बहादुर मिया, पतिको नाम : मोहमद इरशाद ठेगाना : दहथुम - ३, स्याङ्गजा, हाल : पोखरा -१३, कास्की ना.प्र.प.नं : ७०८६३, जि.प्र.का. स्याङ्गजा, जारी मिति :२०६०/०२/०६, स्याङ्गजा	
	ऋणीको विवरण	**धितोको विवरण**
७.	**नाम : माया गुरुङ्ग** पतिको नाम : एक बहादुर गुरुङ्ग ससुराको नाम : हर्क बहादुर गुरुङ्ग ठेगाना : भोर्ले - ७, पर्वत हाल : भारत ना.प्र.प.नं. : ३५५२९, जि.प्र.का. पर्वत जारी मिति : २०५९/०५/१४ **शाखा कार्यालय : लामाचौर**	माया गुरुङ्गको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको अर्घौं - ८, कास्की स्थित कित्ता नं. ३७४३ र ३७४० को क्षेत्रफल क्रमशः ६९.५५ र ६३.५८ ब.मी. को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : एक बहादुर गुरुङ्ग बाबुको नाम : हर्क बहादुर गुरुङ्ग बाजेको नाम : जित बहादुर गुरुङ्ग ठेगाना : भोर्ले - ७, पर्वत हाल : भारत ना.प्र.प.नं. : १५८५, जि.प्र.का. पर्वत जारी मिति : २०४९/१२/१५,	**२. नाम : सिता गुरुङ्ग** बाबुको नाम : कृष्ण बहादुर गुरुङ्ग बाजेको नाम : मान बहादुर गुरुङ्ग ठेगाना : बालाकोट - ६, पर्वत हाल : पोखरा - १६, कास्की ना.प्र.प.नं. : ५४७४०, जि.प्र.का. पर्वत जारी मिति : २०६३/०४/२८,
	ऋणीको विवरण	**धितोको विवरण**
८.	**नाम : थ्रि स्टार एग्रो एण्ड लाइभस्टक ब्रिडिङ फार्म प्रा.लि.** दर्ता गर्ने निकाय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय/विभाग दर्ता नं. : २६२७७१/७७/०७८ दर्ता मिति : २०७८/०१/०९ रजिष्टर्ड कार्यालय : पोखरा - ३०, कास्की **संचालक/शेयरहोल्डर : १. भरत राज पौडेल २. ससीधर पौडेल, ३. नविन पोखरेल** **शाखा कार्यालय : राम बजार**	चन्द्रकान्त पोखरेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको घाहाचोक - १, कास्की स्थित कित्ता नं. १३०७, २४०, १२९७, १३००, १३०९ र १३१३ को क्षेत्रफल क्रमशः ३-१४-१-१, १-९-१-१, ०-१४-२-१, २-१०-०-०, ०-११-३-३, ०-१४-१-० को जग्गा, सो जग्गामा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : भरत राज पौडेल बाबुको नाम : बालाकृष्ण पौडेल बाजेको नाम : मघु पाध्या ठेगाना : लामाचौर - १, कास्की ना.प्र.प.नं. : १५७४८१ जारी मिति : २०६३/०२/०२ जि.प्र.का. कास्की	**२. नाम : ससीधर पौडेल** बाबुको नाम : बालाकृष्ण पौडेल बाजेको नाम : मघु पाध्या ठेगाना : लामाचौर - १, कास्की ना.प्र.प.नं. : ४६१०१३/१९४ जारी मिति : २०६५/०४/२१ जि.प्र.का. कास्की
	३. नाम : नविन पोखरेल बाबुको नाम : शिव प्रसाद पोखरेल बाजेको नाम : चन्द्रकान्त पोखरेल ठेगाना : घाचोक - २, कास्की ना.प्र.प.नं. : ४६ १०३८/४९३ जारी मिति : २०६८/११/२३ जि.प्र.का. कास्की	**४. नाम : चन्द्रकान्त पोखरेल** बाबुको नाम : पुर्ण प्रसाद पोखरेल बाजेको नाम : मनहरि पोखरेल ठेगाना : घाचोक - २, कास्की ना.प्र.प.नं. : ४६ १०३८/४०० जारी मिति : २०६८/०१/०९ जि.प्र.का. कास्की
	ऋणीको विवरण	**धितोको विवरण**
९.	**नाम : न्यु दिव्य फर्निचर एण्ड फर्निसिङ्ग सेन्टर** दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, इटहरी, सुनसरी दर्ता मिति : २०७६/०३/१२ दर्ता नं. : ७४७१/०७५/०७६ ठेगाना : इटहरी - ९, सुनसरी **संचालक : राजेन्द्र कुमार माझी** **शाखा कार्यालय : इटहरी**	चानो कुमारी माझी (थारु)को नाममा मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता रहेको दुहवि - ७/क, सुनसरी स्थित कित्ता नं. ७७४ को क्षेत्रफल ०-०-६.५०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : राजेन्द्र कुमार माझी बाबुको नाम : भुवन लाल माझी थारु बाजेको नाम : पहुप लाल माझी ठेगाना : मोतिपुर - २, मोरङ्ग हाल : दुहवि - ५, सुनसरी ना.प्र.प.नं. : ५/२१७०, जि.प्र.का. मोरङ्ग जारी मिति : २०६२/०५/०२	**२. नाम : चानो कुमारी माझी थारु** बाबुको नाम : कछुरीया माझी थारु पतिको नाम : राजेन्द कुमार माझी ठेगाना : कटहरी - २, मोरङ्ग हाल : दुहवि - ५, सुनसरी ना.प्र.प.नं. : ७२११५, जि.प्र.का. मोरङ्ग जारी मिति : २०५९/१०/२९
	ऋणीको विवरण	**धितोको विवरण**
१०.	**नाम : भुवन ढुंगेल** बाबुको नाम : देवी प्रसाद ढुंगेल बाजेको नाम : भगिरथ ढुंगेल ठेगाना : उर्लाबारी -४, मोरङ्ग हाल : उर्लाबारी - ६, मोरङ्ग ना.प्र.प.नं. : १५१७५ जि.प्र.का. मोरङ्ग जारी मिति : २०५१/०८/०७ **शाखा कार्यालय : केर्खा**	भुवन ढुंगेलको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता रहेको मधुमल्ला - ५/ड, मोरङ्ग स्थित कित्ता नं. ३८५९ को क्षेत्रफल ०-०-५.७५ (बिगाहा) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
	व्यक्तिगत जमानत दिनेको विवरण	
	१. नाम : गिता ढुंगेल पतिको नाम : भुवन ढुंगेल ससुराको नाम : देवी प्रसाद ढुंगेल ठेगाना : उर्लाबारी -४, मोरङ्ग हाल : उर्लाबारी - ६, मोरङ्ग ना.प्र.प.नं. : ३०५५९ जि.प्र.का. मोरङ्ग जारी मिति : २०६३/०७/१३	**२. नाम : सोस्तिका ढुंगेल** बाबुको नाम : भुवन ढुंगेल बाजेको नाम : देवी प्रसाद ढुंगेल ठेगाना : उर्लाबारी - ६, मोरङ्ग ना.प्र.प.नं. : ०५-०२-७६-००४०३ जि.प्र.का. मोरङ्ग जारी मिति : २०७६/०१/१२
	३. नाम : सृष्टी ढुंगेल बाबुको नाम : भुवन ढुंगेल, बाजेको नाम : देवी प्रसाद ढुंगेल ठेगाना : उर्लाबारी - ६, मोरङ्ग, ना.प्र.प.नं. : ०५-०२-७६-००४०५ जि.प्र.का. मोरङ्ग, जारी मिति :२०७६/०१/१२	

क.सं.	ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
११.	**नाम : विनोद भट्टराई** बाबुको नाम : रामकुमार भट्टराई बाजेको नाम : गंगा बहादुर भट्टराई ठेगाना : बिदुर - ३, नुवाकोट ना.प्र.प.नं. : २५-०१-६९-००१९३ जि.प्र.का. नुवाकोट जारी मिति : २०६९/०१/०७ **शाखा कार्यालय : देविघाट**	**नाम : सुनिता कोइराला भट्टराई** पतिको नाम : विनोद भट्टराई ससुराको नाम : राम कुमार भट्टराई ठेगाना : खड्गभञ्ज्याङ - ६, नुवाकोट हाल : बिदुर - ३, नुवाकोट ना.प्र.प.नं. : २५-०१-७२-०६४९९ जि.प्र.का. नुवाकोट जारी मिति : २०७२/०९/१६
	धितोको विवरण	
	विनोद भट्टराईको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता रहेको खड्गभञ्ज्याङ - ६, नुवाकोट स्थित कित्ता नं. १००५ र १४०९ को क्षेत्रफल क्रमशः २-१-३-२ र १-८-०-० को जग्गा, सो

लोसपामा ठाकुर र महतोबीच खटपट

आफ्ना तीन दर्जन नेतालाई नअटाएको भन्दै राजेन्द्र महतोले गरे केन्द्रीय समिति बैठक बहिष्कार

अनिल यादव/नयाँ पत्रिका

केन्द्रीय समिति विस्तारलाई लिएर महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीमा खटपट सुरु भएको छ। आफूनिकट तीन दर्जन नेता-कार्यकर्तालाई नअटाएको भन्दै पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले केन्द्रीय समिति बैठक नै बहिष्कार गरेका छन्।

८ असोजमा पुनर्गठित लोसपाको केन्द्रीय समिति तीन सय ११ सदस्यीय छ। तर, आइतबार सम्पन्न केन्द्रीय समिति बैठकमा दुई सय १६ जना मात्रै उपस्थित भएको महासचिव सुरेन्द्रकुमार झाले जानकारी दिए। महतोसहित अधिकांश उनीनिकट नेताहरूले बैठक बहिष्कार गरेको बुझिएको छ। नेता महतोले भने झन्डै आधा प्रतिशतले बैठक बहिष्कार गरेको दाबी गरे। मधेश आन्दोलनमा होमिएका नेता-कार्यकर्तालाई नै केन्द्रीय समितिमा नअटाइएका कारण बैठक बहिष्कार गर्न बाध्य भएको उनले बताए।

'अध्यक्षज्यूले मधेशवादी नेता-कार्यकर्तालाई नै पार्टीबाट निष्कासन गरिदिनुभयो,' उनले भने, 'गजेन्द्रनारायण सिंहको पालादेखि नै मधेश आन्दोलनमा होमिएका करिब तीन दर्जन नेता-कार्यकर्तालाई केन्द्रीय समिति विस्तार गर्दा हटाइएको छ। अध्यक्षज्यूको जीवन त कांग्रेसमा बितेको हो, तर मधेश आन्दोलनमा लागेकालाई यसरी अपमान गरिनु उचित होइन।' केन्द्रीय समिति पुनर्गठन गर्दा नै आफूले यसमा सचेत गराएको, तर अहिलेसम्म अध्यक्ष ठाकुरले नसच्याएको उनले बताए। 'गठन गर्दै नै यो भनेको थिएँ,' महतोले भने, 'उहाँले यसलाई सच्याउँछु भन्नुभएको थियो, तर केही गर्नुभएन। त्यही कारण बैठक बहिष्कार गरेको हुँ।'

■ पार्टी फुटको स्थितिमा पुगेको हो ?

केन्द्रीय समिति पुनर्गठनकै विषयलाई लिएर लोसपामा ठाकुर र महतोबीच दूरी बढेको छ। कतिपयले पार्टी फुटको स्थितमा पुगिसकेकोसम्म अनुमान लगाएका छन्। तर, वरिष्ठ नेता महतोले ठाकुरबाट सुधारको अपेक्षा रहेको बताए। 'अहिले नै फुटको अवस्था नहोला। उहाँले सुधार गर्नुहुन्छ भन्ने आशा छ,' उनले भने। महतोका अनुसार मधेश आन्दोलनमा लागेका चन्द्रप्रसाद राजवंशी, नारायण साह, पनिराम चौधरीलगायत थुप्रै नेतालाई केन्द्रीय समितिमा अटाइएको छैन। 'थुप्रो छ नाम, कति भन्ने,' महतोले भने, '२० जिल्लाका नेताहरू छन्। उनीहरू ३० वर्षदेखि केन्द्रीय सदस्य थिए। यो त मधेशवादलाई निष्कासन गरेसरह भयो। यो उहाँले राम्रो गर्नुभएन।'

महन्थनिकट मानिएका लोसपाका महासचिव सुरेन्द्रकुमार झाले भने केन्द्रीय समितिमा छुटेकालाई ल्याउने तयारी हुँदाहुँदै महतोले बैठक बहिष्कार गरेको बताए। 'विधानमा चार सय एक सदस्यीय केन्द्रीय समिति हुने व्यवस्था छ, अझै ९० जना मनोनीत गर्न बाँकी नै छ,' उनले भने, 'उहाँले भन्नेबित्तिकै हुने होइन नि ! राजनीतिमा निर्णय गर्दा प्रक्रिया र ढंग हुन्छ। अझै आठ दर्जनलाई ल्याउन बाँकी छ। विधानतः एकतिहाइ महिलाको सदस्य पुऱ्याउनुपर्नेछ। त्यो सबै मिलाएर छुटेका साथीलाई ल्याउने भनेर अध्यक्षज्यूले भन्नुभएकै छ। तैपनि उहाँ बैठकमा आउनुभएन।'

अहिलेको बैठक राष्ट्रिय सभा निर्वाचनकेन्द्रित भएकाले यसलाई बुझ्नुपर्ने उनको भनाइ थियो। 'केही साथी छुट्नुभयो भन्दैमा राष्ट्रिय सभाको निर्वाचनमा भाग नलिने, तयारी नगर्ने भन्ने हुँदैन,' उनले भने, 'यो पार्टीको आन्तरिक जीवनसँग जोडिएको कुरा छ। छुट्नुभएको साथीसँग हामी सम्पर्कमै छौं, ल्याउने भनेकै छौं। हिजो राजपा हुँदा साढे आठ सय केन्द्रीय सदस्य थिए, पदाधिकारी मात्रै एक सय ६८ पुगिसकेको थियो। अहिले चार सय एकमा झार्दा कोही न कोही त छुट्छ नै। अहिले अटाएका साथीहरू पनि सबै राजनीतिक संघर्ष गरेरै आएका हुन्,, नगरेका कोही छैनन्। त्यसैले आफ्नो मान्छे परेन भनेर घरमा बस्ने होइन, तान्नलाई भूमिकामा खेल्नुपऱ्यो नि !'



लोकतान्त्रिक समाजवादी पार्टीले स्थापनाको दुई वर्षपछि पदाधिकारीको जिम्मेवारी बाँडफाँटसहित केन्द्रीय समितिलाई आकार दिएको थियो। दुई वर्षको तयारीपछि गरिएको पदाधिकारी चयनमा परिवारवाद हाबी देखिएको भन्दै पार्टीभित्रै असन्तुष्टि बढेको थियो। केन्द्रीय समिति पुनर्गठन गर्दा लोसपाका शीर्ष नेताहरूले भागबन्डा गरेरै आफूसँगै श्रीमती, छोरी र नातेदारलाई पदाधिकारीको जिम्मेवारी दिएका हुन्। अध्यक्ष ठाकुरले पुनर्गठित केन्द्रीय समितिमा उनकै सम्धी, सम्धिनी पदाधिकारी चयन भएका छन्। छोरी मीनाक्षी ठाकुरलाई केन्द्रीय सदस्य बनाइएको छ। ठाकुरले सम्धी उमाकान्त झालाई पार्टीको वरिष्ठ उपाध्यक्ष र सम्धिनी इन्द्रा झालाई उपाध्यक्षको जिम्मेवारी दिएका छन्। उमाकान्तका आफ्नै भतिज डा. सन्दीप झालाई पार्टीको सचिव बनाइएको छ।

लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले आफ्ना दुई नातेदारलाई महासचिव बनाएका छन्। महतोका ज्वाईं अनिल महासेठ र भतिज उपेन्द्र महतोले महासचिवको जिम्मेवारी पाएका छन्। महासेठले भने आफूलाई जानकारी नदिई मनोनीत गरेको भन्दै जिम्मेवारी नलिने फेसबुकबाटै घोषणा गरेका थिए। अर्का नेता प्रदीपनारायण यादवका बाबुछोरा नै पदाधिकारी बनेका छन्। महन्थ ठाकुरको नेतृत्वमा तमलोपा हुँदा किसान संघका अध्यक्ष रहेका प्रदीप वरिष्ठ उपाध्यक्ष र उनका छोरा देवेन्द्र यादव महासचिव बनेका छन्। पुनर्गठिन केन्द्रीय समितिमा पदाधिकारी संख्या ६३ छ। ६ जनालाई वरिष्ठ उपाध्यक्ष तोकिएको छ। १५ जनालाई उपाध्यक्षको जिम्मेवारी दिइएको छ। कार्यकारी मानिने महासचिव पदमै १६ जना छन्। तर, यस विषयमा पार्टीभित्र आत्मालोचना भएको छैन। अझै आफ्ना नेता-कार्यकर्ता नपरेको विषयमै पार्टीका शीर्ष नेताबीच तिक्तता बढेको हो।



● सुरेन्द्रकुमार झा
महासचिव, लोसपा

विधानमा ४०१ सदस्यीय केन्द्रीय समिति हुने व्यवस्था छ, अझै ९० जना मनोनीत गर्न बाँकी नै छ। उहाँले भन्नेबित्तिकै हुने होइन नि ! राजनीतिमा निर्णय गर्दा प्रक्रिया र ढंग हुन्छ। अझै आठ दर्जनलाई ल्याउन बाँकी छ। विधानतः एकतिहाइ महिलाको सदस्य पुऱ्याउनुपर्नेछ। त्यो सबै मिलाएर छुटेका साथीलाई ल्याउने भनेर अध्यक्षज्यूले भन्नुभएकै छ। तैपनि उहाँ बैठकमा आउनुभएन।

कुनै बेला मधेशमा राम्रो प्रभाव रहेको लोसपा गत निर्वाचनमा राष्ट्रिय दलसम्म बन्न सकेन। संघमा चार सिट, मधेश प्रदेशमा नौ र लुम्बिनी प्रदेशमा तीन सिट मात्रै जित्न सफल भयो। जसपाबाट अलगिएर लोसपा गठन भएको दुई वर्षसम्म पनि केन्द्रीय समितिलाई पूर्ण आकार दिन नसकेर आलोचित रहेको थियो। आइतबारको राष्ट्रिय सभा निर्वाचनका लागि निर्वाचन आयोगमा दल दर्ता, पुसको दोस्रो साताभित्र मधेश प्रदेशमा विस्तारित केन्द्रीय समितिको बैठक गर्ने, पार्टीलाई आत्मनिर्भर बनाउन लेभी निर्धारण कार्यदललले तयार पारेको प्रस्तावित लेभीको प्रतिवेदन अनुमोदनलगायत एजेन्डा प्रस्ताव गरेका थिए। लोसपाका महासचिव झाका अनुसार बैठकले गरेका निर्णय सोमबार सार्वजनिक गर्ने तयारी छ।

संक्षेप

दलित वृद्धालाई शरण नदिने आश्रमकी अध्यक्ष पक्राउ

विराटनगर/ जातकै कारण दलित वृद्धालाई शरण दिन अस्वीकार गर्ने मोरङको बुढीगंगा गाउँपालिका- १ पुष्पलाल चोकमा रहेको जागृति वृद्धाश्रमकी अध्यक्ष भुवनेश्वरी आचार्य पक्राउ परेकी छिन्। आचार्यले मोरङ उर्लाबारी नगरपालिका- १ की ६२ वर्षीया शोभा सुन्दास (परियार)लाई सुरुमा आश्रममा बोलाए पनि 'दलित भएको थाहा पाएपछि' फिर्ता गरिदिएकी थिइन्।

सार्वजनिक खर्चमा सञ्चालन भएको आश्रमले दलित भएकै कारण विभेद गरेको घटनाबारे उजुरी दर्ता भएपछि अनुसन्धानका लागि सञ्चालिकालाई पक्राउ गरेको मोरङ प्रहरी प्रमुख एसपी दीपक पोखरेलले जानकारी दिए। 'अब पीडितको रायअनुसार जाहेरी दर्ता गराएर कानुनी कारबाही अगाडि बढाउनेछौं,' उनले भने। नयाँ पत्रिकाले २३ मंसिरको अंकमा 'दलित भएकै कारण ६२ वर्षीया वृद्धाले वृद्धाश्रममा समेत पाइनन् शरण' शीर्षकमा समाचार सम्प्रेषण गरेको थियो। सन्तान र अभिभावकविहीन वृद्धा शोभाको दयनीय अवस्था देखेर उर्लाबारी नगरपालिका- ३ की वडासदस्य टीका भुजेलले आश्रमकै आग्रहमा वडाको सिफारिस बनाएकी थिइन्। र, उनलाई आश्रममा राख्न १५ मंसिरमा पुऱ्याएकी थिइन्।

कारले स्कुटरलाई ठक्कर दिँदा दुईको मृत्यु

कास्की/ कारले स्कुटरलाई ठक्कर दिँदा आइतबार पोखरामा दुईजनाको मृत्यु भएको छ। करिब १६:१५ बजेतिर पोखरा महानगरपालिका- २६ सुन्दरीबजारस्थित पृथ्वी राजमार्गमा विपरीत दिशाबाट आउँदै गरेको ग.१३प ३५७८ नम्बरको स्कुटरलाई कारले ठक्कर दिएको थियो। ठक्करपछि स्कुटरमा सवार दुईजना घाइते भएकामा उनीहरूको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख मोहनकुमार थापाले जानकारी दिए। मृत्यु हुनेमा पोखरा महानगरपालिका- २५ हेम्जा बस्ने वर्ष २३ की अनिशा खड्का र पोखरा- ५ जिरो किमि बस्ने वर्ष २४ की भावना बराल छिन्। घटनालगत्तै इलाका प्रहरी कार्यालय सिसुवाबाट खटिएको प्रहरी टोलीले घाइते दुवैजनालाई उपचारका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल ल्याएकोमा उपचारका क्रममा उनीहरूको मृत्यु भएको प्रहरीले जनाएको छ।

बाख्रा चराउन गएका खड्काको लडेर ज्यान गयो

रामेछाप/ घरबाट बाख्रा चराउन जंगल गएका रामेछाप नगरपालिका- ६ ओख्रेनी होदिलका ६१ वर्षीय श्यामकुमार खड्काको भिरबाट लडेर ज्यान गएको छ। उनी शनिबार बाख्रा चराउन जंगल लिएर जान्छु भनेर हिँडेका थिए। राति अबेरसम्म खड्का नफर्किएपछि उनको खोजीका लागि घरपरिवारका सदस्यसहित छिमेकी जंगलतर्फ गएका थिए। हराएका खड्काको खोजी गर्ने क्रममा सोही स्थानको भिरखर्क सामुदायिक वनको भिरमा मृत अवस्थामा आइतबार बिहान शव फेला परेको थियो। खड्काको शव पोस्टमार्टमपछि आफन्तको जिम्मा लगाइएको प्रहरी चौकी रामेछापले जानकारी दिएको छ। खड्का जनसक्रिय आधारभूत विद्यालय होदिलका पूर्वप्रधानाध्यापकसमेत थिए।

संघीयतासम्बन्धी कानुन निर्माणको प्रक्रिया अघि बढिसक्यो : प्रधानमन्त्री



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारले संघीयतासम्बन्धी कानुन निर्माणको प्रक्रिया अगाडि बढाइसकेको बताएका छन्। मधेश प्रदेश सरकारको प्रतिनिधिमण्डलसँग आइतबार भएको छलफलमा उनले संघीय कानुन निर्माणमा गम्भीर भएर लागेको बताएका हुन्।

'संघीयताका निम्ति सबैभन्दा बढी लडेको माओवादी हो। संघीय लोकतान्त्रिक गणतन्त्रका निम्ति मैले गरेको संघर्ष र पहल देख्नुभएको छैन,' प्रचण्डले भने, 'अहिले पनि संघीय कानुन निर्माणका लागि पहल गरिरहेको छु। सरकारले प्रक्रिया अगाडि बढाइसकेको छ। तर, अन्तिम फैसला संसद्ले गर्छ। सहमतिमै कानुन निर्माण गर्ने गरी छलफल अघि बढेको छ।' संघर्षका कार्यक्रम थाती राखेर थप पहल गर्न प्रचण्डले सुझाए। उनले आ-आफ्नो पार्टीमा पहल बढाउन आग्रह पनि गरे। प्रदेश सरकारको मागप्रति प्रधानमन्त्री सकारात्मक रहेको र अन्य दलसँग छलफल जारी रहेको उनले सचिवालयले जनाएको छ।

एक महिनाअघि मधेश सरकारले प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाउँदै निजमती ऐन, प्रदेश प्रहरी समायोजनलगायत काम पूरा गर्न अल्टिमेटम दिएको थियो। मुख्यमन्त्री सरोज यादवले संविधानमा व्यवस्था भएबमोजिम संघीय कानुन छिटो निर्माण गर्नुको विकल्प नभएको बताए। 'हामीले थप माग गरेका छैनौं। संविधानले दिएको अधिकार हामीलाई चाहियो भनेका हौं। आवश्यक कानुन अभावमा काम गर्न प्रदेश सरकारलाई काम गर्न अप्ठेरो भएको छ,' उनले भने।

एकमहिने अल्टिमेटमको अवधि सकिएकाले प्रधानमन्त्रीसहित दलका शीर्ष नेताहरूको ध्यानाकर्षण गराएको मुख्यमन्त्री यादवले बताए। उनले प्रधानमन्त्रीको आग्रहलाई सकारात्मक रूपमा लिएको पनि बताए। आवश्यक कानुन तत्काल बन्नुपर्ने र प्रहरी समायोजन तुरुन्त हुनुपर्नेमा उनले जोड दिए।

मुख्यमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलले कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी ओली, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जसपा अध्यक्ष उपेन्द्र यादव र लोसपा अध्यक्ष महन्थ ठाकुरको पनि ध्यानाकर्षण गराएको छ। ओलीलाई धुलिखेल पुगेर र अन्य नेतालाई काठमाडौंमा भेटेर ध्यानाकर्षण गराएको मुख्यमन्त्री यादवले बताए। संघीयतासम्बन्धी कानुन निर्माणमा सबै नेताहरू सकारात्मक रहेको उनले जानकारी दिए। 'उहाँहरू सबै सकारात्मक हुनुहुन्छ। आशा छ, अब छिट्टै माग पूरा हुन्छ,' यादवले भने।

सामूहिक भोज खाएका एकको मृत्यु, ३९ बिरामी

लमजुङ/ सुन्दरबजार नगरपालिका- ८ डुढकुलामा क्रिसमसका अवसरमा सामूहिक भोज खाएकामध्ये एकको मृत्यु भएको छ। ३९ जना बिरामी परेका छन्। मृत्यु हुनेमा बैंसीसहर नगरपालिका- ४ पुरानकोट घर भई हाल सुन्दरबजार नगरपालिका- ९ भोटेओडार बस्दै आएकी ३२ वर्षीया देवी परियार छिन्। अस्पतालका प्रमुख हेमन्त श्रेष्ठले आइतबार बिहानीपख ४-५ बजेतिर बेहोस भएपछि परियारलाई अस्पताल ल्याएकोमा चिकित्सकले तत्काल मृत घोषणा गरेको जानकारी दिए।

शुक्रबार बेलुका सामूहिक भोज खाएकामध्ये ३९ जनाको नमुना सामुदायिक अस्पतालमा उपचार भइरहेको छ। नमुना सामुदायिक अस्पतालका अनुसार उपचार गराइरहेकोमा १० पुरुष र २९ जना महिला छन्। १५ वर्षमुनिका तीन बालिका र आठजना बालक छन्। भोज खाएपछि घर गएका उनीहरूलाई पखाला लाग्ने, बान्ता हुने, पेट दुख्ने समस्या भएको थियो। परियारको मृत्यु भएपछि भोज खाने सबै अस्पताल पुगेका थिए। भोजमा उनीहरूले कालो दाल, भात, कुखुराको मासु, मुलाको अचार, गाउँघरको धाराको पानी खाएको बताएका छन्। फुड प्वाइजनकै कारण उनीहरू बिरामी भएको चिकित्सकले बताएका छन्। शुक्रबार साँझ क्रिसमसका अवसरमा सुन्दरबजार- ८ डुढकुलाका क्षेत्रबहादुर गुरुङको घरमा अनन्त सालोम चर्चमा आबद्ध सुन्दरबजार ८ र ९ बस्दै आएका स्थानीयले सामूहिक भोज खाएका थिए।

योग्यता नपुगेका व्यक्तिले बेच्छन् औषधि

इजाजतविना सञ्चालित तीनवटा औषधि पसल सिल, तीन पसलबाट औषधि जफत

धनगढीमा तेजराज भट्ट

कैलालीमा कतिपय औषधि पसलमा योग्यता नपुगेका व्यक्तिले औषधि बिक्री गर्ने गरेको पाइएको छ। औषधि व्यवस्था विभागको नेपालगन्ज कार्यालयले गरेको अनुगमनका क्रममा औषधि पसल इजाजतविना सञ्चालन भएका र योग्यता नपुगेका व्यक्तिले औषधि बिक्री गर्ने गरेको पाइएको हो।

१६ वटा औषधि पसलको अनुगमन गरिएकोमा धेरैजसो पसलमा औषधि ऐनले तोकेको योग्यता नपुगेका व्यक्तिले औषधि बिक्री गरिरहेको पाइएको विभागले जनाएको छ। त्यस्ता पसललाई कारबाहीको प्रक्रिया अगाडि बढाइएको विभागको नेपालगन्ज कार्यालयका फार्मेसी निरीक्षक दीपेन्द्रकुमार शाहले बताए। 'ऐनले औषधि बिक्रीको योग्यता ओरेन्टेसन गरेको फर्मासिस्ट वा सहायक फर्मासिस्ट भनेको छ, तर धेरैजसो मेडिकलमा पारामेडिकल र सिएमए पढेकाले औषधि बिक्री गर्ने गरेको पाइयो,' उनले भने, 'यसले औषधिको अनुचित प्रयोग र दुरुपयोग हुन सक्छ।'



त्यस्तै, इजाजतविना र योग्यता नपुगेका व्यक्तिले औषधि पसल सञ्चालन गरिरहेको पाइएको विभागले जनाएको छ। विभागको टोलीले तीनवटा मेडिकल सिल गर्नुका साथै तीनवटा मेडिकलबाट औषधि जफत गरेको छ। इजाजतविना औषधि पसल सञ्चालन गर्ने एकजना भारतीय नागरिकलाई पक्राउ गरिएको शाहले जानकारी दिए। बर्दगोरिया गाउँपालिका- ३ खैरेनीमा इजाजतविना औषधि पसल सञ्चालन गर्दै आएका तापस लस्कर पक्राउ परेका हुन्। उनलाई प्रहरीको हिरासतमा राखेर आवश्यक कारबाही अगाडि बढाइएको औषधि व्यवस्था विभाग क्षेत्रीय कार्यालय नेपालगन्जले जनाएको छ।

त्यस्तै, इजाजतविना गौरीगंगा नगरपालिका- १ मा सञ्चालनमा रहेको मान्श्री आयुर्वेद र श्रीवास्तव मेडिकल सिल गरिएको शाहले जानकारी दिए। सर्जिकलको अनुमति लिएर औषधि बिक्री गरेको पाइएपछि अत्तरियामा रहेको श्रीजी सप्लायर्स पनि सिल गरिएको विभागले जनाएको छ।

धनगढी उपमहानगरपालिका- ७ मा सिएमए पढेका व्यक्तिले सञ्चालन गरेको भैरव क्लिनिकबाट सबै औषधि अनुगमन टोलीले जफत गरेको छ। होमियोपेथिकमा दर्ता गरी एलोपेथिक औषधि बिक्री गरेको पाइएपछि धनगढी- ७ कै जेसी होमियो मेडिकलबाट पनि सबै औषधि जफत गरिएको फार्मेसी निरीक्षक शाहले जानकारी दिए।

अनुगमनका क्रममा औषधि बिक्रीमा गम्भीर लापरबाही हुने गरेको देखिएको उनले बताए। 'धेरैजसो मेडिकलमा औषधि बिक्रीका लागि योग्यता पुगेका व्यक्ति नबस्ने, दर्ता नभएका औषधि बिक्री गर्ने र नियमित बिक्रीको बिल नराख्ने गरेको पाइएको छ,' शाहले भने, 'त्यस्ता मेडिकललाई कारबाहीको प्रक्रियामा जान्छौं।' विभागको टोलीले १६ देखि २३ मंसिरसम्म कैलालीका १६ वटा औषधि पसलमा अनुगमन गरेको छ।

Rawa Energy Development Ltd.

रावा इनर्जि डेभलपमेन्ट लिमिटेड

का.म.पा-१०, काठमाण्डौं

(आयोजनाको नामः **माथिल्लो रावा खोला साना जलविद्युत आयोजना-३ मे.वा.**)

वेव साईटः https: rawaenergy.com.np, इमेलः rawa.hydro@gmail.com

चौथो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५ गते।)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० साल मंसिर २४ गते आईतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको चौथौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुको सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, स्थान र समय

मिति : २०८० साल पुस १७ गते, मंगलबार (तदनुसार सन २०२४, जनवरी २)

स्थान : बानेश्वर बैंक्वेट, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १०, थापागाउं, बानेश्वर।

समय : अपरान्ह १:०० बजे।

छलफल तथा निर्णयका लागि निर्धारीत विषय सूचीहरुः

साधारण प्रस्तावहरुः

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

४) रिक्त दुइ जना संचालकमध्ये १ जना सर्वसाधारण शेयरधनीबाट र १ जना संस्थापक शेयरधनीको तर्फबाट संचालक निर्वाचन गर्ने।

५) विविध।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरुः

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/०१ गतेका दिन सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिने र मतदान गर्न योग्य हुनेछन।

२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धि कागजातहरु शेयरधनि दर्ता किताबमा कायम रहेको ठेगानामा इमेल मार्फत जानकारी गरिएको छ। कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. १० बानेश्वर काठमाडौंमा सम्पर्क गर्न सकिनेछ।

३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरु महानुभावहरु लाइ आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ। हाजिरी पुस्तिका विहान १०:०० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ।

४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का. म. न. पा. वडा न. १० बानेश्वर काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिस्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।

६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ।

७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको बानेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

८. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ।

९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः rawa.hydro@gmail.com मा पठाउन सक्नु हुनेछ।

१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर धनि दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।

११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्।

१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. १० बानेश्वर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ।

प्रस्तावित न्यायाधीशको सुनुवाइ सुरु

कार्यक्षमता र आचरणमा उठ्यो प्रश्न

नयाँ पत्रिका

सर्वोच्च अदालतमा प्रस्तावित न्यायाधीशको कार्यक्षमता र पदीय आचरणमा प्रश्न उठेको छ। सर्वोच्चको न्यायाधीशमा न्यायपरिषद् बाट प्रस्ताव गरिने व्यक्तिको दक्षता, क्षमता र इमानदारिता परीक्षण गर्ने 'संसदीय सुनुवाइ समिति'मा आइतबार उपस्थित भएका उजुरीकर्ताले आफूले न्याय नपाएकोदेखि न्याय निरूपणका क्रममा प्रस्तावित व्यक्तिले त्रुटि गरेको, आर्थिक चलखेल गरेको, न्यायिक विचलन रहेको जिकिर गरेका छन्। न्यायपरिषद्ले ५ मंसिरमा सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्चको न्यायाधीशमा सिफारिस गरेको थियो।

> एक करोडसम्म घुस लिएकोदेखि राज्यलाई अर्बौं नोक्सानी गरेकोसम्म आरोप

सुनुवाइ समितिमा सुवेदीविरुद्ध ६, ढुंगानाविरुद्ध तीन र मुसलमानविरुद्ध एउटा उजुरी परेको छ। बैठकमा उपस्थित उजुरीकर्ताले तीनवटै न्यायाधीशको कार्यक्षमता र आचरणमा प्रश्न उठाउँदै सर्वोच्चको न्यायाधीश नबनाउन माग गरे।



संसदीय सुनुवाइ समितिको आइतबार बसेको बैठक। तस्बिर : अमुल थापा/नयाँ पत्रिका

'ढुंगानाको नेतृत्वमा अर्बौं नोक्सानी'

सुनुवाइ समितिले सुरुमा उजरीकर्ता पुष्पप्रसाद गुरागाईंलाई उजुरीको पुष्ट्याइँ र औचित्य प्रस्ट पार्न समय दिएको थियो। नेपाल सरकारका उपसचिवसमेत रहेका गुरागाईंले न्यायाधीश ढुंगानाविरुद्ध उजुरी दिएका छन्। उनले उजुरीमा राजस्व न्यायाधिकरणको अध्यक्ष हुँदा ढुंगानाले राज्यलाई अर्बौं नोक्सानी हुने गरी फैसला गरेको आरोप लगाए। न्यायाधिकणमा लेखा सदस्यका रूपमा रहँदा आफूले ढुंगानाको निर्णयविरुद्ध फरक मत राखेको गुरागाईंले उल्लेख गरे।

सुनुवाइ समितिमा सांसदहरूको प्रश्नमा गुरागाईंले ढुंगानाका निर्णयविरुद्ध आफूले नियामक निकाय, न्यायपरिषद्, न्याय सेवा आयोग, लेखा समिति, अर्थमन्त्रीहरू र प्रधानमन्त्रीसम्म कुरा पुऱ्याए पनि कुनै सुनुवाइ नभएको बताए। 'हामी सामान्य नागरिकले बोलेको कुरा सुनिँदैन। उजुरी गर्ने ठाउँ छैन। ज्यानसँगको भौतिक जोखिम हुने भएकाले पनि हामीलाई राम्रो गर्न मन छ, तर मरेर होइन, बाँचेर,' उनले भने। आफू बसेको इजलासमा फरक मत राखेको, तर निर्णयविरुद्ध अदालत जान नैतिकताले नदिएको उनको भनाइ थियो।

ढुंगानाविरुद्ध डा. भगवान खड्काले अर्को उजुरी दिएका छन्। उजुरी पुस्ट्याइँका क्रममा खड्काले ढुंगानाको कार्यक्षमतामाथि प्रश्न उठाए। सहकारी संस्थाको धितो लिलाम बिक्री नियमअनुसारको प्रक्रिया रोक्न र नियमविपरीत अर्को पक्षलाई दिलाउन ढुंगानाले कुनै ऐन-कानुनमा नटेकी मायाभावमा ढुंगानाले उच्च अदालत पाटनको इजलासबाट परमादेश दिएको आरोप लगाए। यो आदेश गर्दा चरम आर्थिक चलेखल भएको आरोप लगाएपछि सांसदहरूले प्रमाण छ भनी सोधेका थिए। जवाफमा उनले भने, 'घुसको प्रमाण हुँदो रहेनछ। अदृश्य हुँदो रहेछ। प्रमाण हुने भए नेपालको जेल भरिन्थ्यो। यसमा प्रक्रिया मिचिएको छ। विपक्षीले हाकाहाकी पैसा खुवाएर उल्ट्याउने भनेको थियो। न्यायाधीश ढुंगानाले पूर्णपाठमा हस्ताक्षर गर्न आनाकानी नै आधार प्रमाण हो।'

सुवेदीमाथि गम्भीर आरोप

सुनुवाइ समितिमा सबैभन्दा धेरै उजुरी सारंगा सुवेदीविरुद्ध ६ वटा आएका छन्। कर्तव्य ज्यानजस्तो गम्भीर मुद्दामा सुवेदीले अन्याय गरेको दाबी उजुरीकर्ताको थियो। न्यायाधीश सुवेदीले उच्च अदालत जनकपुरको वीरगन्ज इजलासमा रहँदा छोराका हत्यारालाई लेनदेन गरी छाडेको आरोपसहित उजुरी दिएका चिरञ्जीवीभक्त पौडेलले मुद्दामा हत्यारा र मतियार छोड्ने व्यक्ति सर्वोच्चको न्यायाधीश हुन नसक्ने जिकिर गरे। राकेशभक्त काण्डमा हत्यामा पोस्टमार्टम रिपोर्ट, अनुसन्धान सबैले हत्या भएको र मोबाइलको ट्र्याक रेकर्डले हत्यारा तथा मतियार देखाए पनि सुवेदीले जानाजान कानुन मिचेर थुनुवालाई छाडेको उनको आरोप थियो।

आरती साहको परिवार नै विरोधमा

सुवेदीविरुद्ध आरती साहको पूरै परिवार उजुरीकर्ता बनेर सुनुवाइ समितिमा आएको थियो। ७ जेठमा जनकपुरको थापाचोकस्थित आफ्नै घरमा मृत फेला परेकी आरतीको माइती पक्ष न्यायका लागि एक सय ७८ दिनदेखि संघर्षरत छ। श्रीमान्सहित परिवार सदस्य मिलेर कुटपिट गरी आरतीको हत्या गरेको भन्दै माइती पक्ष न्यायिक लडाइँमा छ। अभियुक्त थुनामा रहेको अवस्था उच्च अदालत जनकपुरकी न्यायाधीश सुवेदीले कानुनविपरीत अभियुक्तलाई छोडेको साह परिवारको दाबी छ।

साह परिवारले जन्मकैद सजाय हुने कसुर वा तीन वर्षभन्दा बढी सजाय हुने अपराधका अभियुक्तलाई पुर्पक्षका लागि थुनामा पठाउनुपर्ने कानुनी व्यवस्थाको उल्लंघन गर्दै न्यायाधीश सुवेदीले अभियुक्तलाई साधारण तारेखमा छोडेको र अहिले सर्वोच्चले त्यसलाई सच्याएर थुनामा पठाउने आदेश गरेबाट सुवेदीमा कार्यक्षमताको अभाव देखिएको दाबी गरेको छ। निर्णय गर्दा आर्थिक लेनदेनमा संलग्न भएकोले सर्वोच्चको न्यायाधीश नबनाउन आरतीका भाइ प्रेम साहले माग गरे। साहले न्यायाधीश सुवेदी र अर्को न्यायाधीशले पीडक पक्षबाट ५०-५० लाख नगद लिएर संयुक्त इजलासबाट जिल्लाको पुर्पक्षमा पठाउने आदेश उल्ट्याएर साधारण तारेखमा छाड्ने फैसला गरेको आरोप लगाए।

सुवेदीविरुद्ध आरतीका पिता विनोदप्रसाद साहले छुट्टै उजुरी दिएका थिए। सुनुवाइ समितिमा साहले सोधे, 'अदालत मन्दिर हो। न्याय दिने देउता। देउताले नै न्याय दिएन भने कसले दिन्छ?' आरतीकी आमा निर्मलादेवीले सोधिन्, 'हामीलाई न्याय दिएन भने सुवेदीले सर्वोच्च गएर कसलाई दिन्छ?'

समितिमा उच्च अदालत हेटौंडाका न्यायाधीश अब्दुल अजिज मुसलमानविरुद्ध उजुरी दिएकी जानुकादेवी भट्टराईले पनि कार्यक्षमतामै प्रश्न उठाइन्। मुसलमानको फैसलाले आफू घरबारविहीन भएको भन्दै उनले न्याय दिलाइदिन सुनुवाइ समिति सदस्यसामु बिलौना गरिन्। आइतबार उजुरीकर्तासँगको छलफल सकेको समितिले २९ मंसिरदेखि प्रस्तावित न्यायाधीशको सुनुवाइ गर्ने निर्णय गरेको छ। सुनुवाइका क्रममा आफूमाथि लागेका आरोपमाथि न्यायाधीशहरूले स्पष्ट पार्नेछन्।

शिव शिखर सहकारीका सञ्चालकलाई ल्याइयो कञ्चनपुर

तीन हजार ६७१ बचतकर्ताले ३१ करोड, ९७ लाख तीन हजार नौ सय ५५ रुपैयाँ ठगी भएको भन्दै उजुरी दिएपछि प्रहरीले शिव शिखर सहकारीका चार सञ्चालकलाई अनुसन्धानका लागि कञ्चनपुर ल्याएको हो

कञ्चनपुरमा **मोहन विष्ट**

ठगीको आरोपमा प्रहरी नियन्त्रणमा रहेका शिव शिखर बहुउद्देश्यी सहकारीका चार सञ्चालकलाई थप अनुसन्धानका लागि कञ्चनपुर ल्याइएको छ। भक्तपुरमा केन्द्रीय कार्यालय भई विभिन्न जिल्लामा शाखा कार्यालय रहेको शिव शिखर सहकारीको ठगी प्रकरणमा पक्राउ परेका सञ्चालकलाई कञ्चनपुर ल्याइएको हो।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रकाश डाँगीले पक्राउ परेका सञ्चालकहरू गीता शर्मा, केदार शर्मा, पुष्कर मल्ल र अमिसराज भण्डारीलाई जिल्ला ल्याइएको जानकारी दिए। प्रवक्ता डाँगीका अनुसार कञ्चनपुरस्थित सहकारीको शाखा कार्यालय महेन्द्रनगर, त्रिभुवन बस्ती, बेलौरीका बचतकर्ताबाट आएको उजुरीमाथि अनुसन्धानका लागि उनीहरूलाई जिल्ला झिकाइएको हो। आरोपितलाई यसअघि नै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरिसकेको थियो। 'ती सञ्चालकविरुद्ध जिल्लामा समेत उजुरी परेकाले उनीहरूलाई झिकाएर अनुसन्धान अघि बढाएका छौं,' प्रवक्ता डाँगीले भने। कञ्चनपुरमा उक्त सहकारीले करोडौं रकम हिनामिना गरेको उजुरी परेको छ। तीन हजार ६७१ बचतकर्ताले ३१ करोड, ९७ लाख, तीन हजार, नौ सय ५५ रुपैयाँ ठगी गरेको भन्दै प्रहरीमा निवेदन दिएका छन्। सहकारीको ठगी प्रकरण सार्वजनिक भएयता जिल्लाका तीनवटै शाखा कार्यालय बन्द छन्।



संक्षेप

पोखराबाट बस चोरेर चितवन लैजाँदै गर्दा किशोर पक्राउ

कास्की/ १७ वर्षका एक किशोर पोखराबाट बस चोरी गरी लैजाँदै गरेको अवस्थामा चितवनबाट पक्राउ परेका छन्। म्याग्दे गाउँपालिका- ३ बस्ने ती किशोर पोखरा महानगरपालिका- ९ पृथ्वीचोकमा पार्किङ गरी राखेको ग.१ख ९६३८ नम्बरको बस शुक्रबार राति चोरी गरी लैजाने क्रममा चितवनबाट पक्राउ परेको कास्कीका प्रहरी प्रमुख मोहनकुमार थापाले जानकारी दिए। बस चलाउँदै लगिरहेको अवस्थामा चितवनको भरतपुर महानगरपालिका वडा नम्बर ११ आँपटारीमा प्रहरीले चेकजाँच गर्ने क्रममा उनलाई फेला पारेको थियो।

भरुवा बन्दुकको छर्रा लागेर मृत्यु

पाल्पा/ निस्दी गाउँपालिका- ४ मित्याल गाडसिडडाँडाका ४८ वर्षीय डम्परबहादुर सारूको आफैंले बोकेको भरुवा बन्दुकको छर्रा लागेर ज्यान गएको छ। शनिबार राति फापर खान बारीमा आएका दुम्सीलाई मार्न जाने क्रममा चिप्लिएर लड्दा सारूलाई आफैंले बोकेको बन्दुक पड्केर छर्रा लागेको थियो। गम्भीर घाइते भएका सारुको रामपुर अस्पतालमा उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका डिएसपी सुगन्ध श्रेष्ठले जानकारी दिए।

प्रहरी चौकीनजिकैका सात घरमा चोरी

रामेछाप/ रामेछाप नगरपालिका- ३ साँघुटार बजारमा प्रहरी चौकीनजिकै रहेका सात घर र पसल चोरी भएका छन्। त्यसमध्ये चारवटा घरबाट नगद सात लाख ४५ हजार सात सय रुपैयाँ चोरी भएको छ। स्थानीय वसन्त श्रेष्ठको घरबाट नगद चार लाख ८० हजार र एक लाख २० हजार रुपैयाँबराबरको रिचार्ज कार्ड, नवीन कर्मचार्यको घरबाट नगद एक लाख पाँच हजार रुपैयाँ, यमबहादुर श्रेष्ठको घरबाट ४० हजार रुपैयाँ र सुन्तली विकको घरबाट सात सय रुपैयाँ चोरी भएको रामेछाप नगरपालिका- ३ साँघुटारका वडाध्यक्ष दलबहादुर प्रधानले जानकारी दिए। उनले खड्गबहादुरको घरमा रहेको सुन पसलबाट कति चोरी भयो भन्ने विवरण आउन बाँकी रहेको बताए। उनी घरायसी कामले काठमाडौं गएका छन्। चोरले ती पसलको ताल्चा तोड्दै नगद र रिचार्ज कार्ड लगेको देखिन्छ।

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
लुम्बिनी, प्रदेश नेपाल
☎ ०८४-४६०१६७
☎ ०८४-४६०१११

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/०८/२५

उपरोक्त सम्बन्धमा तपशिलको सामाग्री खरिद कार्य गर्न गराउन यस कार्यालयबाट प्रकाशित सूचना अनुसार कार्यालयमा रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये कार्यालयको निर्णय अनुसार तपशिल बमोजिम बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही ठहरिएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा १ र २ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी ७ दिने यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

क्र.सं.	ठेक्का नं.	कामको नाम	छनौट गरिएको बोलपत्रदाता	कबोल अङ्क -मु.अ.कर सहित
१	7/RM/NBC/W/2080/081	वडा नं.-९ गोडियाना देखी दुर्गानगर हुदै नेपाल-भारत सिमाना सम्म सडक कालो पत्रे	भादा-विरेन्द्र अमर जे.भि. गुलरिया-११ बर्दिया	१०,६९७,७३४।०२

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७०/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६५०-०१-७७०७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/०२/१२ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "नागरिक"मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी मिति २०८०/०४/११ को राष्ट्रिय स्तरको दैनिक पत्रिका "अन्नपूर्ण पोष्ट"मा १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
७)	७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं.: ८३३७/९९२ स्थानीय आयात निर्यात अन्तर्गत मिति २०७६/०८/०६ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ५ (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित **संतोष ट्रेडर्स** **प्रोपाईटर तथा जमानीकर्ता: कमलपति कुमारी** स्थायी ठेगाना: रौतहट जिल्ला, कर्कच कर्मैया गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : वन्ती राउत ससुरा : राम स्वरुप राय यादव पति : राजेन्द्र प्रसाद यादव	७) वन्ती राउतकी छोरी, राम स्वरुप राय यादवकी बुहारी, राजेन्द्र प्रसाद यादवकी पत्नी, रौतहट जिल्ला, कर्कच कर्मैया गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बस्ने कमलपति कुमारीको नाममा मालपोत कार्यालय मौलापुर, रौतहटको लगातमा दर्ता कायम रहेको रौतहट जिल्ला, कर्कच गा.वि.स. वडा नं. ५/क (हाल देवाही गोनाही न.पा. वडा नं. ६) स्थित कित्ता नं. ३९१ को क्षेत्रफल ०-४-५ (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) संतोष ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) प्रमोद राय यादव स्थायी ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही गा.पा. वडा नं. ४ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : राजेन्द्र प्रसाद यादव बाजे : राम स्वरुप राय यादव	**२) राजेन्द्र प्रसाद यादव** स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गाउँ पञ्चायत वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : राम स्वरुप राय यादव बाजे : बुद्धन राय यादव
	३) संतोष कुमार यादव स्थायी ठेगाना : रौतहट जिल्ला, कर्कच कर्मैया गा.वि.स. वडा नं. १ हालको ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : राजेन्द्र प्रसाद यादव बाजे : राम स्वरुप राय यादव	**४) सुरेश प्रसाद यादव** ठेगाना : रौतहट जिल्ला, देवाही गोनाही न.पा. वडा नं. ६ बाबु : राजेन्द्र प्रसाद यादव बाजे : राम स्वरुप राय यादव

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको धितोमा रहेको सम्पति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुष ०२ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय मलंगवा, सर्लाहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, मलंगवामा, मिति २०६३/०५/०९ मा प्रा.फ.नं. २०/१३/०६३/०६४ कायम भई दर्ता रहेको सर्लाही जिल्ला, बरहथवा गा.वि.स. वडा नं. ०५ (हाल सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०६) स्थित रजिष्टर्ड कार्यालय रहेको **दुर्गा शक्ति कृषि सामाग्री केन्द्र** (प्रोप्राईटर राम प्रसाद रौनियारको नाती, नथुनी साह रौनियारको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०६ बस्ने **राम विनय साह** (ना.प्र.प.नं. ३९५६३५९६, जारी मिति २०५३/०६/२१, जिल्ला प्रशासन कार्यालय सर्लाही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:


१. राम प्रसाद रौनियारको नाती, नथुनी साह रौनियारको छोरा, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०६ बस्ने **राम विनय साह** (ना.प्र.प.नं. ३९५६३५९६, जारी मिति २०५३/०६/२१, जिल्ला प्रशासन कार्यालय सर्लाही)
२. नथुनी साह रौनियारको बुहारी, सिताराम साह रौनियारको छोरी, सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. ०६, बस्ने **मीना कुमारी** (ना.प्र.प.नं. ३६८९१८१७, जारी मिति २०५२/१२/२६ जिल्ला प्रशासन कार्यालय सर्लाही)

लिलाम हुने सम्पत्तिको विवरण:

१. **मीना कुमारी**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, गंगापुर सितापुर गा.वि.स/न.पा. वडा नं. ६ क स्थित कित्ता नं. २१०७ र २१०९ को क्षेत्रफल क्रमश: ०-०-१३$^{३}/_{४}$-० र ०-०-६$^{१}/_{४}$-० (बि.क.धु.क) का जग्गा/घर र ऐ.ऐ. वडा नं. ६/ख स्थित कित्ता नं. ६६९ र ६६८ को क्षेत्रफल क्रमश: ०-०-११$^{१}/_{४}$-० र ०-०-११$^{१}/_{४}$ (बि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **राम विनय साह**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, गंगापुर सितापुर गा.वि.स/न.पा. वडा नं. ७/ख स्थित कित्ता नं. १९८८, १२३९ र १२४१ को क्षेत्रफल क्रमश: ०-०-१०-१०, ०-०-२$^{१}/_{२}$-० र ०-०-०-११ (बि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुष ०१ गते** भित्र बैंकको शाखा कार्यालय मलंगवा, सर्लाहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मलंगवा, सर्लाहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० पुष ०२ गते ३:००** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय मलंगवा, सर्लाहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताला



सतीदेवीलाई युनिभर्सल सर्टिफिकेट

फिल्म सतीदेवीले सेन्सर बोर्डबाट युनिभर्सल सर्टिफिकेट प्राप्त गरेको छ। लक्ष्मण सुवेदीको लेखन, निर्माण तथा निर्देशनमा तयार भएको यस फिल्ममा मलिका महत मुख्य भूमिकामा छिन्। निर्देशक सुवेदीका अनुसार मंसिर २५ गते धरान र २६ गते बिर्तामोडमा फिल्मको विशेष प्रदर्शनी हुँदै छ।



भुलभुलैया ३ मा सारा

भुलभुलैया ३ को सुटिङ फेब्रुअरीबाट सुरु हुने भएको छ। यस फिल्ममा कार्तिक आर्यनको अपोजिटमा सारा अली खान देखिँदै छिन्। यस फिल्मलाई अनिश बज्मीले निर्देशन गर्दै छन्। पछिल्लोपटक कार्तिक र साराको जोडी सन् २०२० मा रिलिज भएको 'लभ आजकल'मा देखिएको थियो।

रंगमञ्चमा बढ्दै छ आकर्षण

पवन बराइली / नयाँ पत्रिका

संगीता थापा पछिल्लो ६ वर्षदेखि रंगकर्ममा सक्रिय छिन्। अहिलेसम्म उनले १८ वटा नाटकमा अभिनय गरिसकेकी छिन्। सुरुमा उनलाई गायिका बन्ने रहर थियो। तर, 'जोखाना' नामक नाटकमा गरेको अभिनयबाट प्रशंसा कमाएपछि रंगमञ्चमै रमाइन्। 'दर्शकको राम्रो प्रतिक्रिया आयो। त्यसपछि नाटकमै कोसिस गरौं न त भन्ने सोच आयो। एकपछि अर्को नाटकमा काम पाउन थालैं, अहिले यसैमा रमाइरहेकी छु,' उनले भनिन्।

विगत १० वर्षदेखि नाट्य क्षेत्रमा सक्रिय इंगिहोपो कोइच सुनुवारले अहिलेसम्म दुई दर्जनभन्दा बढी नाटकमा अभिनय गरिसकेका छन्। सानैदेखि साहित्यमा रुचि राख्ने कोइचले जीवनको खुसी खोज्न कलेज जीवनदेखि नै रंगकर्ममा लागेको बताए। उनले अभिनयसँगै विभिन्न नाटकको परिकल्पना र निर्देशनसमेत गरिसकेका छन्। पछिल्लो समय उनको निर्देशनमा बनेको 'दमिनी भिर' चर्चामा थियो।

उनी भन्छन्, 'अब नाटकलाई छोड्न सक्दिनँ। यसबाट टाढा बस्नै सकिँदैन।'

जुम्ला घर भई हाल काठमाडौंमा बस्दै आएका गोविन्द सुनार फ्रिलाइन्सरको रूपमा विभिन्न थिएटरमा काम गर्दै आइरहेका छन्। जुम्ला हुँदै पनि उनले सडक नाटकमा अभिनय गर्थे। अहिलेसम्म उनले दर्जनभन्दा बढी नाटकमा अभिनय गरिसकेका छन्। उनी भन्छन्, 'रंगमञ्चमार्फत मैले आफ्नो समुदायको कुरालाई प्रत्यक्ष रूपमा आममान्छे माझ भन्न सक्छु भन्ने आँट भयो। रंगमञ्च मेरो आवाज सुनाउने ठाउँ हो जस्तो लाग्यो। असमानताविरुद्ध आवाज उठाउने गतिलो ठाउँ हो।'

उनी भन्छन्, 'मैले म्युजिक भिडियो र फिल्ममा पनि काम गरेको छु। जसले गर्दा मेरो जीवन चल्छ। नाटक गरेर मात्रै बाँच्न गाह्रो छ। वर्षमा २/३ वटा नाटकमा काम गर्छु।'

एक्टर्स स्टुडियोबाट अभिनय प्रशिक्षण लिएकी रोशनी स्याङ्बो पनि नाटकसँगै म्युजिक भिडियो र विज्ञापनमा अभिनय गर्छिन्। उनी भन्छिन्, 'नाटकले कामप्रति इमानदारी बन्न र धैर्य गर्न सिकायो। अहिले नाटकसँगै विज्ञापन र म्युजिक भिडियो पनि गर्ने गर्छु। यसले आर्थिक रूपमा पनि सहयोग पुऱ्याएको छ।'



पछिल्लो केही वर्षयता नेपाली रंगमञ्चमा नयाँ पुस्ताको आकर्षण बढेको नाट्यकर्मी विमल सुवेदी बताउँछन्। उनी भन्छन्, 'युवाको उपस्थिति बाक्लो देखिन्छ। यो रंगकर्मका लागि सुखद पक्ष हो।'

नाट्यकर्मी केदार श्रेष्ठका अनुसार पछिल्लो पाँच/सात वर्षयता युवा रंगकर्मीको संख्या ह्वात्तै बढेको छ। '१९-३० वर्ष उमेर समूहका नयाँ पुस्ताका युवामा पनि आकर्षण बढ्दो छ। निर्देशन गर्न चाहनेको संख्या पनि बढेको छ। उनी भन्छन्, 'नाटक हेर्न आउने दर्शक पनि युवा पुस्ता बढी छन्। यसले रंगमञ्चको विकास लागि सघाइरहेको छ।'

फरक-फरक विधामा नाटक बनिरहेको पनि उनले बताए। 'नाटकको विभिन्न विधाको अभ्यास पनि भइरहेको छ। यसले थिएटरलाई समृद्ध बनाउन पनि सघाउ पुगेको छ। संख्याको हिसाबले नाटक हेर्न सुविधा पनि छ। व्यावसायिक हिसाबले पनि सहयोग गरेको छ,' नाट्यकर्मी श्रेष्ठ भन्छन्, 'नयाँ पुस्ताले गुणस्तरमा पनि सोच्नुपर्ने भएको छ। अभिनयमा, कन्टेन्ट, प्रस्तुति शैलीजस्ता कुरामा निखारता ल्याउन जरुरी छ।'

नाट्यकर्मी विजय बराल सिनेमामा भविष्य खोज्ने सोचसहित नाट्य प्रशिक्षण लिन आउनेको संख्या पनि ठूलो रहेको बताउँछन्। 'सिक्न आउनेको संख्या बढ्दो छ। थिएटरबाट सिनेमामा राम्रो काम गरिहेको देखेर नाटक सिक्न आउने संख्या बढ्दो छ। थिएटरले सिनेमामा जान सजिलो हुन्छ भन्ने सोचले आएको देखिन्छ,' उनले भने।

युवा नाट्यकर्मीले ध्यान दिनुपर्ने पक्ष

नेपाली रंगमञ्चमा नयाँ पुस्ताको आकर्षण बढेको छ। युवाहरू हाबी भएपछि जुनसुकै प्रोफेसन पनि समृद्ध भएर अगाडि जान सक्छ। उनीहरूसँग ऊर्जा हुन्छ। युवा पुस्ताले सिकाइको प्रक्रियालाई सँग-सँगै लैजान सक्यो भने अझै राम्रो हुने थियो। रुचि र सहभागिता आफैंमा सकारात्मक पक्ष भयो। हाम्रो आर्ट क्षेत्रमा आफ्नोबारे थाहा नहुनु, आफ्नो समाजको बारेमा थाहा नहुनु। क्राफ्टिङ गर्ने विषयमा अलि ज्ञान नहुनुचाहिँ कमजोरी हो। किनकि, जुन व्यक्तिले आफैंलाई बुझेको हुँदैन। उसलाई कुनै काम किन गरिहेको छु भन्ने पनि थाहा हुँदैन। उसले बाँचेको समाज, त्यसको इतिहास, त्यसको भौगोलिक परिवेश, विश्व राजनीति तथा सामाजिक परिस्थिति कहाँ कनेक्ट हुन्छ भन्ने कुराको बुझाइ हुनुपर्छ। यी कुरा नबुझी तपाईंले गरेको कलाले अर्थ राख्दैन। मनोरञ्जन दिन सकिएला, इन्गेजमेन्ट पनि हुन्छ, चर्चित पनि हुन्छ। तर, त्यसले कतिको अर्थ राख्छ भन्ने प्रमुख कुरा हो।




विमल सुवेदी
नाट्यकर्मी

त्यसैले, व्यक्तिले आफूलाई र आफ्नो समाजलाई बुझ्नुपर्छ। नयाँ पुस्ताले सिक्न-बुझ्न जरुरी छ। कतिपय अवस्थामा जराविहीन भएर हुर्किरहेको महसुस हुन्छ, मलाई। हाम्रो समाजको एनाटोमी, समाजको शरीर राजनीति, इतिहासको चेतना, समाजशास्त्रको चेतना कम भएकाले हो भन्ने पनि लाग्छ। जरालाई समातिएन भने लामो यात्रा गर्न सजिलो हुँदैन। तर, युवा पुस्ता आउनु आफैंमा सुन्दर कुरा हो। यो चिज सही दिशामा गइरहेको छ। नयाँ समाजलाई फराकिलो गरी हेर्न सक्नुपर्छ।

बालबालिकालाई सिर्जनात्मक बनाउने उपाय

बालबालिकालाई सिर्जनात्मक वातावरणमा हुर्काउन जरुरी छ। जसकारण, उनीहरूको कल्पनशीलता र अभिव्यक्ति स्वतन्त्रता बढेर जान्छ। बच्चाहरूलाई सिर्जनात्मक बनाउने केही उपाय यस्ता छन्।



बालबालिकालाई कडा निगरानी वा नियममा नबाँध्नुस्। उनीहरूलाई खेल्न र नयाँ कुराहरू खोज्नका लागि स्वतन्त्र छाडिदिनुस्। यसले उनीहरूको सोच्ने क्षमताको विकासमा भूमिका खेल्छ।

पुस्तक, पेन्टिङका लागि आवश्यक सामग्री, संगीत सामग्री, खेलकुद सामग्रीलगायत उनीहरूलाई मन पर्ने सामग्रीहरूको जोहो गरिदिनुस्। यसले उनीहरूको सिर्जनामा निखार ल्याउन र उनीहरूमा आत्मविश्वास बढाउन भूमिका खेल्छ।

बच्चाका जिज्ञासा र प्रश्नहरूलाई सधैं सम्मान गर्नुस्। उनीहरूको इच्छाको कदर गर्नुस्। उनीहरूलाई प्रश्न सोध्न, जवाफ खोज्न र नयाँ योजनाबारे सोच्न अभिप्रेरित गर्नुस्।

बच्चालाई समस्याको समाधान खोज्न अभिप्रेरित गर्नुस्। आवश्यक परेका वेला तपाईंले यसमा सहयोग गर्न सक्नुहुन्छ। तर, पहिले उनीहरू आफैंलाई यसबारे आलोचनात्मक चेतसहित स्वतन्त्र ढंगले सोच्न दिनुस्।

सबै बच्चा पृथक् हुन्छन्। आफ्नो बच्चाको रुचि जे कुरा छ, त्यसैमा लाग्न अभिप्रेरित गर्नुस्। अरुसँग तुलना गरेर उनीहरूलाई दुःखी बनाउन हुँदैन।

बच्चाहरूलाई म्युजियम, प्राकृतिक पार्क, सांस्कृतिक समारोहलगायतमा घुमाउन लैजानुस्। यसले उनीहरूको सिर्जना क्षमतालाई थप निखार्छ।

उपत्यका वरपरका पिकनिक स्पट

अहिले वनभोज जाने सिजन सुरु भएको छ। अहिलेको मौसममा आकाश खुला हुने भएकाले पनि दृश्यावलोकनको मज्जा लिन पिकनिक जानेहरूको संख्या उच्च रहने गरेको छ। दैनिक व्यस्त जीवनशैली र सहरको धुवाँधुलोले दिक्क भइरहँदा मन-मस्तिष्कलाई रिफ्रेस बनाउन प्रायः मानिसहरू समय मिलाएर पिकनिक जान्छन्।



सुन्दरीजल

काठमाडौंबाट झन्डै एक घन्टामा सुन्दरीजल पुग्न सकिन्छ। यहाँ जानका लागि जोरपाटी-गोकर्ण हुँदै जानुपर्छ। छोटो दूरीमा पुग्न सकिने भएकाले पनि यहाँ पिकनिक आउनेहरूको संख्या ठूलो रहन्छ। काठमाडौंबाट नजिकैको दूरीमा पुगिने अर्को ठाउँ चोभार पनि हो।

चम्पादेवी

काठमाडौंबाट सवारीसाधनमार्फत छोटो समयमै चम्पादेवी पुग्न सकिन्छ। चोभारको टौदहबाट यात्रा सुरु गर्न सकिन्छ। कीर्तिपुरको मच्छेगाउँबाट पनि जान सकिन्छ। यहाँ, चुचुरोमा पुगेपछि पहाडी शृंखलाको अवलोकन गर्न पाइन्छ। छोटो अवधिमै सहरको धुवाँधुलो छोडेर स्वच्छ वातावरण महसुस गर्न पाइन्छ। हिमालय शृंखलाको अवलोकन तथा हरियाली जंगल यो रुटको प्रमुख विशेषता मानिन्छ।

लाँकुरीभञ्ज्याङ

लाँकुरीभञ्ज्याङबाट उपत्यकाका तीनवटै जिल्लाका मनमोहक दृश्यहरू अवलोकन गर्न सकिन्छ। यो क्षेत्र चारैतिरबाट वनले घेरिएको छ। त्यहीकारण, पिकनिक स्पटका लागि निकै चर्चित छ। हरियाली वनजंगलको दृश्यावलोकन गर्दै रमाइलो गर्न सकिन्छ।

नगरकोट

काठमाडौंबाट छोटो समयमै पुग्न सकिने गन्तव्य नगरकोट पनि हो। यहाँबाट हिमशृंखलाहरू अवलोकन गर्न सकिन्छ। प्रकृतिप्रेमीहरूको रोजाइमा नगरकोट पनि पर्ने गरेको छ।

गोदावरी

गोदावरी पनि पिकनिकका लागि चर्चित छ। विभिन्न वनस्पतिहरू वनस्पति उद्यान, गोदावरी मन्दिर, कुण्ड तथा प्राकृतिक तथा धार्मिक सम्पदाका कारण गोदावरी चर्चित छ।

ड्राई स्किनको स्याहार

जाडो मौसममा चिसो हावाले छालालाई सुक्खा बनाउँछ। त्यसैले मोस्चराइजर लगाइरहनु राम्रो हुन्छ। बजारमा विभिन्न मेकअप सामग्री पाइन्छन्। त्यस्ता मेकअप प्रडक्टले अनुहारको छालामा असर पुग्न सक्छ। तसर्थ, राम्रो क्वालिटीको मेकअप प्रडक्ट प्रयोग गर्नुपर्छ। ड्राई स्किनका लागि मेकअप गर्नुअघि सफा पानीले अनुहार सफा गर्नुपर्छ। त्यसमा हल्का मोस्चराइजर लगाउने र केही मिनेटपछि फाउन्डेसन प्रयोग गर्नुपर्छ।



लिक्विड हाइलाइटर लगाउने : जाडो सिजनमा मेकअप सामग्रीमा क्वालिटीको लिक्विड फाउन्डेसनको प्रयोग गर्नुपर्छ। यसलाई नरम मेकअप ब्रसले लगाउनुपर्छ। यसले अनुहारलाई चम्किलो बनाउँछ। फरक लुक्स दिन पनि सहयोग पुग्छ।

पाउडर नलगाउने : बजारमा विभिन्न कम्पनीका पाउडर प्रडक्ट पाइन्छन्। जाडोमा मेकअप गर्दा पाउडर प्रयोग गर्नुहुँदैन। यसले छाला सुक्खा बनाउँछ। साथै, चमक हराउँछ।

लाइट मेकअप गर्ने : जाडोमा सकभर लाइट मेकअप गर्नु राम्रो हुन्छ। मेकअपमा फिनिसिङ टच दिँदा ब्लस अनिवार्य प्रयोग गर्दा राम्रो हुन्छ। अनुहारको चमक बढाउन ब्लसको प्रयोग गरिन्छ।

उच्च रक्तचाप नियन्त्रण गर्ने प्राकृतिक विधि

रक्तचाप एक महत्त्वपूर्ण शारीरिक मापन हो जसले हाम्रो हृदय प्रणालीको स्वास्थ्य र निरोगीपनलाई संकेत गर्छ। मानिसमा रक्तचाप सामान्यतया ९०/६० देखि १३०/९० को दायराभित्र हुनुपर्छ। तर, यी मानहरू व्यक्तिबीच थोरै तलमाथि भने हुन सक्छ। उच्च रक्तचाप (हाइपरटेन्सन) एक त्यस्तो अवस्था हो जहाँ धमनीको पर्खालमा रगतको दबाब लगातार धेरै हुन्छ। यो एक सामान्य तर सम्भावित रूपमा गम्भीर चिकित्सकीय अवस्था हो जसले विश्वव्यापी रूपमै लाखौं मानिसलाई असर गरिरहेको छ। यसलाई प्रायः 'साइलेन्ट किलर' भनेर चिनिन्छ।

डाक्टरको सल्लाह



डिबी सुनुवार
प्राकृतिक चिकित्सक
होलिस्टिक हेल्थ

यसले हृदयसम्बन्धी रोग, स्ट्रोक र मिर्गौलाका समस्यासहित विभिन्न स्वास्थ्य समस्याको जोखिम बढाउन सक्छ। कम रक्तचाप (हाइपोटेन्सन) पनि चिन्ताको विषय हुन सक्छ।

यस्तो अवस्थामा चक्कर लाग्ने, बेहोस हुने वा महत्त्वपूर्ण अंगहरूमा अपर्याप्त रगत प्रवाह हुन सक्छ। आनुवांशिकी, जीवनशैली, आहार, तनाव तथा विभिन्न अन्तर्निहित चिकित्सकीय अवस्थाहरूसहित अन्य धेरै कारणले रक्तचापलाई असर गर्न सक्छ।

जीवनशैली परिवर्तन, औषधि वा दुवैको संयोजनका गतिविधिहरू प्रयोग गर्दै रक्तचापलाई निगरानीमा राखी उचित व्यवस्थापन गर्न सकिन्छ।

कारण

अस्वस्थकर खानपिन, शारीरिक गतिविधिको कमी, धूम्रपान, अत्यधिक मदिरा सेवन र दीर्घकालीन तनावजस्ता अस्वस्थ बानीहरूले उच्च रक्तचाप निम्त्याउन सक्छ। उमेर बढ्दै जाँदासमेत उच्च रक्तचापको जोखिम बढ्छ।

मधुमेह, मिर्गौला रोग र मोटोपनजस्ता अवस्थाले पनि रक्तचाप बढाउन सक्छ। डिकन्जेस्टेन्ट, गर्भनिरोधक चक्की र स्टेरोइडजस्ता औषधिको कारणले पनि साइड इफेक्टको रूपमा उच्च रक्तचाप हुन सक्छ। व्यक्तिको अन्तर्निहित स्वास्थ्य समस्या, जस्तै हार्मोनल विकार, मिर्गौलासम्बन्धी रोग वा ट्यूमरको कारणले पनि उच्च रक्तचाप हुन्छ।

रोकथाम

- स्वस्थ आहार अपनाउनु उच्च रक्तचाप नियन्त्रणमा महत्त्वपूर्ण कदम हो। सोडियमको मात्रा घटाउने, पोटासियमको खपत बढाउने र फलफूल, तरकारी, होल ग्रेन्स र लिन प्रोटिनयुक्त खानेकुरामा ध्यान केन्द्रित गर्नुपर्छ।
- नियमित शारीरिक गतिविधिमा संलग्न हुनाले पनि रक्तचाप कम गर्न मद्दत गर्छ। कम्तीमा १५० मिनेट मध्यमदेखि तीव्र व्यायाम वा प्रतिहप्ता करिब ७५ मिनेट कडाखाले व्यायाम गर्नुपर्छ। उच्च रक्तचाप व्यवस्थापनको लागि आफ्नो शरीरअनुसारको तौल कायम गर्नु आवश्यक छ।
- अत्यधिक मदिरा सेवनले पनि रक्तचाप बढाउन सक्छ। अल्कोहलजन्य पेय पदार्थको सेवन कम गर्ने वा पूर्णतया छोड्दा उच्च रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ। धूम्रपानले रक्तचाप बढाउनुका साथै रक्तनलीहरूमा पनि हानि पुऱ्याउने हुनाले यसबाट टाढा रहनुपर्छ।
- गहिरो सास फेर्ने, ध्यान, योग वा माइन्डफुलनेसजस्ता तनाव कम गर्ने विधिमार्फत तनाव नियन्त्रण गर्दा उच्च रक्तचाप व्यवस्थापनमा सहयोग मिल्छ। यसका साथसाथै ओमेगा- ३ फ्याटी एसिड, म्याग्नेसियम, पोटासियम, ग्रिन टी वा यसको एक्स्ट्राक्टको सेवनले पनि उच्च रक्तचाप नियन्त्रण गर्न सकिन्छ। जिन्सेङ, कर्डिसेप्स, गानोदर्माले समेत हृदयरोग कम गरी रक्तचाप सन्तुलनमा मद्दत गर्न सक्छ। केही अवस्थामा, जीवनशैली परिवर्तन मात्र उच्च रक्तचाप व्यवस्थापन गर्न अपर्याप्त हुन सक्छ। यस्तो अवस्थामा स्वास्थ्यकर्मीको सल्लाहमा औषधि नै सेवन गर्नुपर्छ।

MJS
Makar jitumaya Suri Hydropower

मकर जितुमाया सुरी हाईड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालय: त्रिपुरेश्वर, काठमाण्डौं, फोन नं. ०१-४११७००८
Web: www.mjshydropower.com.np, Email: mjs.hydropower2065@gmail.com

१५औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०८/२५ गते।)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८० साल मंसिर २४ गते आईतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १५औं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरुको सम्बन्धमा छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, स्थान र समय

मिति : २०८० साल पुस २३ गते, सोमबार (तदनुसार सन २०२४, जनवरी ८)
स्थान : सुर्य इभेन्ट, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४, धुम्बाराही, आनन्दनगर।
समय : बिहान ११:०० बजे।

छलफल तथा निर्णयका लागी निर्धारीत विषय सूचीहरु:

साधारण प्रस्तावहरु:

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।
४) सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा।

विषेश प्रस्तावहरु:

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
३) विविध।

संचालक समितिको आज्ञाले

.....
कम्पनी सचिव

वार्षिक साधारण सभा सम्बन्धि अन्य जानकारीहरु

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/०२ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/०१ गतेका दिन सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिने र मतदान गर्न योग्य हुनेछन।
२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धि कागजातहरु शेयरधनि दर्ता किताबमा कायम रहेको ठेगानामा इमेल मार्फत जानकारी गरिएको छ। कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा सम्पर्क गर्न सकिनेछ।
३. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीहरु महानुभावहरु लाइ आफ्नो परिचय पत्र सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुवाभले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु हुन अनुरोध छ। हाजिरी पुस्तिका विहान १०:३० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का. म. न. पा. वडा न. ११ त्रिपुरेश्वर काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ।
५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिस्टर्ड कार्यालय काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।
६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ।
७. सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको त्रिपुरेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।
८. कम्पनीको सर्वसाधारण शेयरधनीको तर्फबाट १ जना सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ।
९. सभामा आफनो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः mjs.hydropower2065@gmail.com मा पठाउन सक्नु हुनेछ।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर धनि दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन्।
१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर, काठमाण्डौ तथा यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड कमलादी काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ।

बदलिनु जरुरी छ युवा

युवाले दल अनि नेताभन्दा माथि उठेर सर्वांगीण राष्ट्रिय हितका पक्षमा सोच्न सक्ने बन्नुपर्छ




● डा. जितु उपाध्याय ● दुर्गा लामिछाने

अग्रलेख

युवाहरूको उमेर राष्ट्रअनुसार फरक-फरक छ। छिमेकी भारतले १५-३५, चीनले १४-२८, बंगलादेश र फिलिपिन्सले १५-३०, फिनल्यान्ड र नर्डिक युथ काउन्सिलले १६-२९ वर्षसम्मकालाई युवा भनेको छ। हंगेरीमा १५-२६ जापान र जमैकामा २४, केन्यामा ३५ र पाकिस्तानमा ४० वर्षसम्मकालाई युवा मानिन्छ। नेपालमा राष्ट्रिय युवा नीति ०६६ अनुसार १६-४० वर्ष उमेर समूहलाई युवाको परिभाषाभित्र राखिएको छ। अन्तर्राष्ट्रिय संगठनहरूले पनि युवाको परिभाषालाई आ-आफ्नै ढंगले परिभाषित गरेका छन्। संयक्त राष्ट्रसंघले १६ देखि २४ वर्ष उमेर समूहका व्यक्तिलाई युवाको रूपमा परिभाषित गरेको छ। विश्व विकास प्रतिवेदन २००७ का अनुसार १२ देखि २४ वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनेर परिभाषित गरिएको छ। त्यसैगरी, विश्व स्वास्थ्य संगठनले शारीरिक स्वास्थ्यको दृष्टिकोणबाट १५ देखि २९ वर्षसम्मका मानिसको समूहलाई युवा भनी व्याख्या गरेको छ।

उमेरका आधारमा मात्र युवाहरूलाई परिभाषित गर्दा न्यायोचित नहुने भन्ने खालका आवाज पनि नउठेका होइनन्। उमेर समूह मात्रै भन्दा पनि विचारका आधारमा युवाको प्रतिनिधित्व गर्नेहरूलाई पनि युवाभित्र राख्नुपर्ने उनीहरूको भनाइ छ। युवा हुने आधार उमेरमा मात्र सीमित गर्ने वा क्रियाशील, जोस-जाँगर भएका, तर उमेरको परिभाषाभित्र नपर्ने ऊर्जावान् व्यक्तिहरूलाई युवाको दायरामा समेट्न मिल्ने वा नमिल्ने भन्ने विषयमा बहस चलिरहेको पाइन्छ।

युवाहरूले भोगिरहेका समस्या नेपाली युवाले भोगेका विभिन्न समस्यामध्ये बेरोजगारी प्रमुख समस्या रहेको छ। बेरोजगारीको भयावह स्थितिले गर्दा पनि युवाहरू आफ्नो भविष्यप्रति नै दुक्क देखिँदैनन्। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मुलुकको सात सय ५३ वटै स्थानीय तहबाट संकलन गरेको तथ्यांकअनुसार मुलुकमा १७ लाख व्यक्ति बेरोजगार छन्। यो भनेको मुलुकको कुल श्रमशक्तिको २१.५४ प्रतिशत हो। श्रमशक्ति सर्वेक्षण २०७४ अनुसार १५ वर्षमाथिको श्रम सहभागिता दर ३८. पाँच प्रतिशत रहेको छ। यसैगरी, नेपालमा प्रतिवर्ष करिब पाँच लाखका दरले नयाँ श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गरेका छन्। तथ्यांकअनुसार नेपाली श्रम बजारमा प्रतिवर्ष करिब चार लाखको हाराहारीमा श्रमशक्तिको उत्पादन हुन्छ। तर, देशभित्र ४० हजारले पनि रोजगारी प्राप्त गर्न कठिन देखिन्छ। उक्त ४० हजार व्यक्तिले पनि आफ्नो योग्यता, क्षमता र सीपको पूर्ण सदुपयोग गर्न पाउँदैनन्।

देशभित्र रोजगारीको पर्याप्त अवसर नभएपछि युवाहरू बिदेसिन बाध्य छन्। सरकारी तथ्यांकले पनि प्रतिदिन करिब १५ सय नेपाली युवा वैदेशिक रोजगारीका लागि बाहिरिने गरेको देखाउँछ, जसअनुसार मासिक रूपमा ४५ हजार र वार्षिक रूपमा करिब पाँच लाख युवा बाहिरिने गर्छन्। यसबाहेक खुला सिमाना भारत हुँदै वैदेशिक रोजगारीमा जाने नेपाली युवाको आधिकारिक संख्या पाउन सकिँदैन। बेरोजगारीकै कारण एकातिर उच्च शिक्षाका नाममा बिदेसिने युवाहरूको जमात कम छैन भने शिक्षित युवावर्ग पनि अवसरको खोजीमा बिदेसिन बाध्य छ। राज्यको सम्पत्ति मानिने बौद्धिक जमातलाई देशभित्र राख्न नसक्नु निकै ठूलो समस्या हो। आफ्नो क्षमता र योग्यताअनुसारको उचित अवसर नपाएपछि बिदेसिनु उनीहरूको बाध्यता नै हो।

सरकारी प्रयास : ०६२-६३ सालको जनआन्दोलनपछि सरकारले छुट्टै युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरेको छ। युवा नीति-२०६६ घोषणा गरिएको छ। यसको कार्यान्वयनका लागि राष्ट्रिय युवा परिषद् गठन गरिएको छ। सोहीअनुरूप यतिबेला प्रत्येक जिल्लामा परिषद्को शाखासमेत विस्तार गरिएको छ। तर, विडम्बना, परिषद्लाई राजनीतिक कार्यकर्ता भर्तीकेन्द्र बनाउने काम भएको छ। राजनीतिक आस्थाका आधारमा पार्टी कार्यकर्तालाई रोजगारी दिने थलोका रूपमा परिषद्लाई अगाडि लैजान खोज्दा यसको उद्देश्यमाथि नै प्रश्न उठेको छ।



युवा मन्त्रालयले युवाको क्षमता विकास, युवाका सवालमा अध्ययन-अनुसन्धानदेखि युवा रोजगारीका लागि आवश्यक वातावरण बनाउन सकारात्मक भूमिका खेलेको छ। यस्तै, कृषि मन्त्रालयले पनि कृषिमा युवा आकर्षण बढाउन विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ। अर्थ मन्त्रालयअर्न्तगत युवा स्वरोजगार कार्यक्रम सञ्चालनमा छ। सीप विकाससम्बन्धी क्षेत्रमा उद्योग मन्त्रालयअर्न्तगतको घरेलु तथा साना उद्योग विकास विभाग र शिक्षा मन्त्रालय अन्तर्गत सिटिइभिटीले काम गरिरहेको छ।

> युवाले राजनीतिक परिवर्तनमा 'फ्रन्टलाइनर' हुने, तर नेतृत्वको अवसरमा वञ्चित हुने परम्पराको अन्त्य हुनुपर्छ। जसरी महिलाको हकमा संविधानमा नै स्थानीय तहमा प्रतिनिधित्व सुनिश्चित गरेको छ। त्यसैगरी, युवाको प्रतिनिधित्व पनि सूनिश्चित गर्न आवश्यक छ।

देशभित्र विदेशी लगानी आकर्षित गरी रोजगारीको अवसर सिर्जना भइनसकेको र हजारौँ युवालाई एकैसाथ रोजगारी दिने गरी राज्यका तर्फबाट बृहत् योजना कार्यान्वयन गर्ने क्षमताको अभाव रहेको अवस्थामा युवा तथा स्वरोजगार कार्यक्रमलाई निकै सकारात्मक प्रयासका रूपमा लिन सकिन्छ। तर, राजनीतिक हस्तक्षेप र व्यवस्थापकीय कमजोरीका कारण सरकारले युवाका क्षेत्रमा गरिरहेका कार्यक्रमले आशातीत उपलब्धि हासिल गर्न सकेका छैनन्।

नयाँ संविधानको मौलिक हकअन्तर्गत धारा ३४ मा श्रमको हकको प्रावधान राखिए पनि सरकारले अहिलेसम्म यसको कार्यान्वयनतर्फ कुनै पहल गरेको देखिँदैन। यस्तै, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको छ। संविधानमा मौलिक हकअन्तर्गत राखिएका यी हक बाध्यकारी भए पनि राज्य यसतर्फ संवेदनशील भएको पाइँदैन।

राजनीतिक दलभित्र युवाको उपस्थिति : ०६२-६३ सालको राजनीतिक परिवर्तन हुनुअघिसम्म राजनीतिक दलहरूभित्र युवाको उपस्थिति न्यून थियो। कार्यकर्ता तहमा युवा बढी भए पनि पार्टीको निर्णायक तहमा भने युवाको उपस्थिति कमजोर थियो। तर, पछिल्लो समय पार्टीको उच्च तहमा पनि युवाहरूको उपस्थिति हस्तक्षेपकारी भूमिकामा देखिन थालेको छ।

राष्ट्रिय युवा नीतिको परिभाषाअनुसार पार्टीको केन्द्रित तहमा युवाको उपस्थिति त न्यून छ, तर पनि विचारका आधारमा भने युवाको प्रतिनिधित्व बढ्दो छ। युवालाई परिवर्तनको संवाहक भनिने गरिन्छ। प्रत्येक राजनीतिक परिवर्तनको प्रमुख 'पिलर' युवा हुन्। युवाले राजनीतिक परिवर्तनमा 'फ्रन्टलाइनर' हुने, तर नेतृत्वको अवसरमा वञ्चित हुने परम्पराको अन्त्य हुनुपर्छ। जसरी महिलाको हकमा संविधानमा नै स्थानीय तहमा प्रतिनिधित्व सुनिश्चित गरेको छ। त्यसैगरी, युवाको प्रतिनिधित्व पनि सूनिश्चित गर्न आवश्यक छ। जनसंख्याका आधारमा प्रतिनिधित्व गराउनु उपयुक्त हुन्छ।

समाज एकातिर राजनीति अर्कातिर : युवाहरू पनि समाज र राष्ट्रप्रति जवाफदेही हुनैपर्छ। आज समाजमा राजनीतिप्रति वितृष्णा बढ्दो छ। प्रजातान्त्रिक व्यवस्था अँगालेको मुलुकमा राजनीतिक दलहरूको अस्तित्व अनिवार्य हुन्छ। राजनीतिक दलका नेतृत्वको कार्यशैलीले गर्दा आज राजनीतिक दलहरूले समाजमा आफ्नो विश्वास गुमाइरहेका छन्। यो लोकतन्त्रका लागि राम्रो संकेत होइन। दलहरूप्रति बढ्दो अविश्वास र वितृष्णाले अन्ततः देशमा निरंकुशतालाई प्रश्रय दिन्छ। राजनीतिले समाजका आवश्यकता सम्बोधन गर्न सकिरहेको छैन। यस्तो अवस्थामा राजनीतिलाई मात्र दोष दिएर अब हामी पानीमाथिको ओभानो बन्न सक्दैनौँ। हामी युवा वर्तमानका साझेदार हौँ भने भविष्यका हकदार। अबको १० वर्षपछिको नेतृत्व अहिलेका युवाहरूको हो। राजनीतिमा मात्र होइन, समाजका सबै क्षेत्रमा अबको एक दशकपछिको नेतृत्व हामीबीचकै युवाले गर्नेमा कुनै शंका छैन। अहिलेको राजनीतिक नेतृत्वलाई हामीले जति नै घृणा अनि गाली गरे पनि यदि हामी युवा सच्चिएनौँ भने हामीले पनि यही नियति भोग्नुपर्नेछ।

आज सबैजसो अभिभावकमा आफ्ना छोराछोरीलाई डाक्टर, इन्जिनियर मात्र बनाउने होड छ भने स्वयं विद्यार्थी पनि यसैतर्फ बढी प्रेरित भएको देखिन्छ। किन राजनीति उनीहरूको प्राथमिकतामा पर्दैन ? राजनीतिमा सक्षम युवाहरूको उपस्थिति किन कमजोर छ ? समाजको एउटा तप्का जो शिक्षित छ, सम्पन्न छ त्यो किन राजनीतिमा आउन चाहिरहेको छैन ? हामी युवाहरूले यसको पनि समीक्षा गर्नु जरुरी छ। आज हामीले भोगेको पीडा भोलिको पुस्ताले भोग्नु नपरोस् भन्ने हामी चाहन्छौँ भने हाम्रो युवा पुस्ता सच्चिनु जरुरी छ। व्यक्ति, पद र नेताभन्दा विधि, पद्धति अनि नीतिलाई प्राथमिकता दिनुपर्छ। युवाले दल अनि नेताभन्दा माथि उठेर सर्वांगीण राष्ट्रिय हितका पक्षमा सोच्न सक्ने बन्नुपर्छ।

(उपाध्याय कांग्रेस महासमिति सदस्य र लामिछाने नेपाल तरुण दलकी केन्द्रीय सदस्य हुन्)

---

३ प्रश्न

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री **महेन्द्रबहादुर शाही**लाई



■ कानुन निर्माणमा प्रदेशहरूको गति किन सुस्त भएको होला ?

पहिलो त, प्रदेश सभाहरूको भर्खर एक वर्ष पुग्दै छ। प्रदेश सरकार र सभामा पनि नयाँ मान्छे छन्। अनुभवजन्य समस्याका कारण पनि ऐन निर्माणको गति सुस्त भएको हो। दोस्रो, सातै प्रदेशका अधिल्ला सभाले प्रदेश सरकारका लागि चाहिने आवश्यक र महत्त्वपूर्ण कानुन बनाइसकेको स्थिति छ। कुनै कानुनको अभाव भएर प्रदेश सरकारका कुनै पनि काम रोकिएको अवस्था अहिले छैन। केही विधेयक अधिल्लो सरकारले सदनमा प्रस्तुत गरेका थिए तिनलाई पास गर्नेमा केही अलमल भएको भने देखिन्छ।

■ अधिल्लोको तुलनामा वर्तमान प्रदेश सभा/सरकारहरूको गति सुस्त भएको हो ?

अधिल्लो सभाले जुन गतिमा ऐन-कानुन निर्माण गरेको थियो, त्यो गति वर्तमान सभामा नदेखिएको पक्कै हो। पहिले जसरी प्रदेश चर्चामा आउँथे अहिले चर्चामा आएका पनि छैनन्। नयाँ काम नगरेकैले चर्चामा नआएका हुन्। यसर्थ, प्रदेश सरकारहरू कहाँ हराएजस्तो भएको छ। अधिल्लो सरकारलाई यस्तो सुविधा नै थिएन। दिनरात ऐन निर्माणमा लाग्नुपरेको थियो। प्रदेश सरकारलाई स्थापित गर्नुपर्ने अविभारा थियो, जसकारण जनतालाई केही आस लाग्ने काम भए। प्रदेश सरकारले प्रभावकारी काम गर्न नसके प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्छ। तर, यसमा दोष प्रदेशको भन्दा पनि संघीय सरकारको बढी छ।

■ प्रदेशलाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?

संघीय सरकारले प्रदेश सरकारलाई केही ढोका खोलिदिनुपर्छ। सबैभन्दा पहिले निजामती ऐन बनाईदिनुपर्छ। प्रदेशको शान्ति सुव्यवस्थाको काम प्रदेश सरकारले गर्ने संवैधानिक व्यवस्था छ। तर, अहिलेसम्म प्रहरी ऐन बनाइएको छैन। साझा अधिकारको हकमा पनि संघीय ऐन नबन्दा सम्म भएको छ। प्रदेशले आफ्नो हिसाबले भटाभट ऐन बनाउँदा पछि बाझिएर झनै समस्या थपिन्छ। उल्झन धेरै छन्, तर संघीय ऐन बन्नेबित्तिकै प्रदेशलगायत स्थानीय आवश्यकताका ऐन भटाभट बन्छन्।

प्रेरक प्रसंग

अहिंसाको अर्थ

एकपटक एउटा राज्यमाथि अर्को एउटा देशको विधर्मी शासकले आक्रमण गऱ्यो। राजाले आफ्ना सेनापतिलाई सीमामा सेना लिएर जान र आक्रमणकारीको कडा प्रतिकार गर्न आदेश दिए। सेनापति अहिंसावादी थिए। उनी लड्न चाहँदैनथे। राजाको आदेश लड्नु भन्ने थियो। यसर्थ, ऊ आफ्नो समस्या लिएर भगवान् बुद्धकहाँ परामर्श लिन गयो। सेनापतिले भने, 'युद्ध भयो भने हजारौँ सैनिक मारिनेछन्, के यो हिंसा होइन र ?' 'हो, पक्कै हिंसा हो,' बुद्धले भने, 'एउटा कुरा बताउनुस्। के हाम्रा सेनाले उनको प्रतिकार गरेनन् भने उनीहरू आफ्नो देश फर्किन्छन् त?'



'अहँ फर्किँदैनन्,' सेनापतिले भने, 'उनीहरूले हाम्रा देशका निर्दोष नागरिकको हत्या गर्नेछन्। धनसम्पत्ति नाश गर्नेछन्।'

'के योचाहिँ हिंसा होइन र ?,' बुद्धले सोध्नु भयो। 'हो, यो पनि हिंसा हो,' सेनापतिले भने। 'यदि तपाईं हिंसाको डरले चुप बस्नु भयो भने हाम्रो देशका नागरिक मारिनेछन्। त्यसको पाप तपाईंले बोक्नुपर्नेछ,' बुद्धले भन्नुभयो। सेनापतिले टाउको झुकाए।

'के हाम्रा सेना उनीहरूलाई रोक्न सक्षम छन् त ?,' बुद्धले सोध्नुभयो। 'सक्षम छन् हजुर,' सेनापतिले जवाफ दिए। त्यसोभए, यस्तो अवस्थामा आफ्ना प्रजाको रक्षा गर्नु नै तपाईंको परम कर्तव्य हुन आउँछ। अहिंसाको अर्थ कायरता होइन, अरूमाथि अत्याचार नगर्नु हो।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बिदेसिनु नेपाली युवाको बाध्यता

'श्रमका लागि १४४ देशमा नेपाली' अर्थात् मुलुकमै रोजगारीको प्रबन्ध गरिदिन नसक्दा नेपालीहरू श्रम बेच्नकै लागि विश्वका १४४ देशमा पुगेका रहेछन्। श्रम बेच्न बिदेसिनेमध्ये ६५ प्रतिशत नेपाली युवा खाडी र मलेसिया पुग्दा रहेछन्। जोखिम मोलेर द्वन्द्वग्रस्त अफ्रिकी मुलुकसमेत पुग्दारहेछन्। 'युद्धग्रस्त देश रुसको सेना बन्न नेपाली युवाको मरिहत्ते' अर्थात् नेपालीहरूले श्रम बेच्न विदेश पुग्दासमेत विश्वका सबैभन्दा खतरनाक, फोहोरी र अत्यन्त श्रमप्रधान काम गर्नुपर्छ। तर, नेपाली युवाको यो नियति उनीहरूको रोजाइ होइन, बाध्यता हो। यो देश राजनीतिक दल र तिनका निकम्मा कार्यकर्ताका लागि मात्रै स्वर्णभूमि भएको छ। यो नियति कहिलेसम्म खेपिरहने।

● **शम्भु चौधरी**, दाङ

वडासदस्य नै ठगी धन्धामा !

प्रहरीले पोखरा नगरपालिका- ६ का वडासदस्यसहित चारजनालाई ठगीको आरोपमा पक्राउ गरेछ। उनीहरूले फेवाताल किनारको फुट-ट्याकमा फोटोग्राफी व्यवसाय गर्ने व्यवस्था मिलाईदिने प्रलोभन दिएर १५ जनाबाट जनही १३ हजार उठाएर खान भ्याएका रहेछन्। पछिल्लो समय धेरै वडासदस्यको काम नै कहाँ-कहाँ कमाइधन्दा चलाउन सकिन्छ भन्नेमा गएको देखिन्छ। यस्ता ठगीधन्दा अन्त पनि चलिरहेका छन्।

● **विमला थापा**
पुल्चोक, ललितपुर

किसानलाई खुसीको खबर

सरकारले यो वर्ष ३० अर्ब रुपैयाँबराबरको करिब पाँच लाख २० हजार टन रासायनिक मल आयात गरिरहेको खबरले किसानहरू यो वर्ष मलको अभाव नहुने भयो भनी खुसी भएका छन्। अब समयमै किसानसम्म मल पुग्ने कुराको पनि सरकारले सुनिश्चितता गर्नुपर्छ। अर्को वर्ष पनि मल समयमै आइपुग्ने र अभाव नहुनेतर्फ अहिलेबाटै ध्यान दिनु उचित हुन्छ।

● **हेम ढकाल**
थली, काठमाडौं

राजधानीका सडकमा खाल्टैखाल्टा !

एकताका काठमाडौं माहानगरपालिका प्रमुख बालेन साहको इन्फ्रास्ट्रक्चर एम्बुलेन्सको निकै चर्चा भयो। सडकमा परेका ससाना खाल्टाखुल्टी, ढल निकासका समस्या तत्कालै समाधान गर्ने गरी दुई थान सवारीसाधन २४सै घन्टा महानगरभित्र घुमिरहने बताइएको थियो। ती इन्फ्रास्ट्रक्चर एम्बुलेन्सका तस्बिरसमेत छापाहरूमा देखिएका थिए। उनका कुरा सुन्दा र सो एम्बुलेन्स देख्दा मन निकै प्रफुल्ल भएको थियो। ल अब बाटाका खाल्टाखुल्टी देख्नुपर्दैन भनेर दंग परिएको थियो। तर, यथार्थमा त्यो एम्बुलेन्स आजसम्म देख्न पाइएन। खोइ कहाँ छ त्यो एम्बुलेन्स बालेनजी ? कहाँ चलिरहेको छ ? कि बन्द भइसक्यो ? जानकारी पाए हुन्थ्यो।

तपाईंका एम्बुलेन्सका नाकमुख नदेखिए पनि खाल्टाखुल्टीले भने हामीलाई सधैँ मुख बाउँदै जिस्काइरहेको छ। हालै विश्वसम्पदा मानिएको बौद्ध स्तुपा घुम्न आएको एक पर्यटक बौद्धको पेटीमा हिँडदाहिँड्दै लडे। आफूलाई दुर्घटनामा पार्ने उक्त उबडखाबड पेटी देख्दा ती पर्यटकले कस्तो महसुस गरे होलान् ? बौद्ध क्षेत्र काठमाडौं महानगरअन्तर्गत नै पर्छ भन्ने कुरा बालेनजीलाई पक्कै थाहा होला। भत्काउन मात्र होइन, बनाउन पनि जान्नुपर्छ बालेनजी। काठमाडौंका मुख्य सडकभन्दा भित्री सडकहरूको समस्या झनै विकराल छ। उदाहरणका लागि जोरपाटीदेखि दुसाल हुँदै कुमारीगाल, चाबहिल, गौरीघाट जाने बाटो हेरे मात्र पनि पुग्छ, जहाँ प्रत्येक २५ मिटरमा खाल्टाखुल्टी छन्। हो तपाईंले गरेका कतिपय काम भने राम्रा छन्। बाटाका खाल्टाखुल्टी, बाटो अतिक्रमण गरी बनाइएका सरकारी र निजी घरहरूमा पनि तपाईंको दृष्टि पर्नु आवश्यक छ। वार्षिक २५ अर्बको बजेट हुँदा पनि काम गर्न नसक्नु बालेनजीको असफलता हो।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं

आफैंले स्थापित गरेको आदर्श त्याग्दै भारत

मानव अधिकारको विश्वव्यापी घोषणा तयार हुने वेलाको भारत र अहिलेको दक्षिणपन्थी भारतीय जनता पार्टी (भाजपा) शासित भारतमा आकाश-जमिनको भिन्नता छ



देश/विदेश

● ऋतुम्बरा मनुवी ● एलेना कहले

१० डिसेम्बर १९४८ मा आधुनिक मानव एवं नागरिक अधिकार प्रणाली स्थापना गर्ने मानव अधिकारको विश्वव्यापी घोषणा गरिएको थियो। मानव अधिकार घोषणाकै कारण अन्तर्राष्ट्रिय कानुनबमोजिम कुनै पनि राज्य वा राज्यका अधिकारीले सनक वा इच्छाका भरमा कुनै पनि व्यक्तिको हत्या वा गिरफ्तारी गर्न पाउँदैन। तर, मानव अधिकार घोषणाको ७५ वर्ष पूरा हुँदै गर्दा घोषणाको मस्यौदा तयार गर्ने मुलुककै मानव अधिकारको अवस्था कीर्तिमानीस्तरमा कमजोर हुनु चिन्ताको विषय हो। त्यस्ता राज्यमध्येको एक भारत पनि हो। भारतले मानव अधिकार घोषणालाई विश्वका सबै मानिसमा निःसर्त रूपमा लागू गराउने गरी बृहत् बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको थियो।

दोस्रो, विश्वयुद्धलगत्तै मानव अधिकार घोषणाको मस्यौदा तयार भइरहँदा मस्यौदामा महत्त्वपूर्ण परिवर्तन भएको थियो जहाँ सबै 'पुरुष'को अधिकारको प्रत्याभूति गर्ने घोषणालाई सबै 'मानिसको' अधिकारको प्रत्याभूतिले प्रतिस्थापित गरेको थियो। यो महत्त्वपूर्ण परिवर्तनका पछाडि अग्रणी भारतीय कूटनीतिज्ञ हंसा मेहताको भूमिका थियो। यो विचार त्यसवेलाको भारतको प्रमुख अडान थियो। राष्ट्रसंघको पहिलो महासम्मेलनका वेला भारतका अर्का महिला कूटनीतिज्ञ एवं भारतीय प्रतिनिधिमण्डलकी सदस्य विजयलक्ष्मी पण्डितले 'सबै किसिमका विभेदबाट मुक्त हुने जीवन नै सम्मानजनक जीवनको आधार हो' भन्दै मानव अधिकार घोषणाको थप व्याख्या गरेकी थिइन्। भारतले मानव अधिकारका सन्दर्भमा 'अभिभाज्यता'का लागि लडाइँ नै लडेको थियो। 'अभिभाज्यता'को अवधारणाअनुसार मानिसका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार र नागरिक एवं राजनीतिक अधिकारलाई समान ढंगले हेरिनुपर्छ। मानव अधिकारको विश्वव्यापी घोषणा तयार हुने वेलाको भारत र अहिलेको दक्षिणपन्थी भारतीय जनता पार्टी (भाजपा) शासित भारतमा आकाश-जमिनको भिन्नता छ। वर्ल्ड इकोनोमिक फोरमको वैश्विक लैंगिक अन्तरमा भारतले एक सय ४६ मुलुकमा १२७औँ स्थान ओगट्छ। भारत त्यस्तो मुलुकमा गनिन्छ जहाँ मानव अधिकार रक्षकमाथि सबैभन्दा बढी आक्रमण हुने गर्छ। यति मात्र नभई भारत प्रेस स्वतन्त्रता सूचकांकमा १८० मुलुकमा १६०औँ स्थानमा रहेको छ। भारतमा अहिले इन्टरनेट बन्द, पत्रकारमाथिको दमन र समाचारमा हुने सेन्सरसिप स्वाभाविक परिघटना बनेका छन्। राष्ट्रसंघले बारम्बार भारत सरकारको मानव अधिकार कुण्ठित गर्ने कदमप्रति चासो जनाउँदै आएको छ। जहाँ राष्ट्रसंघले मानव अधिकारको विश्वव्यापी घोषणाप्रतिको आफ्नो प्रतिबद्धता पूरा गर्न मात्र नभई वैश्विक मानव अधिकारलाई अंगीकार गर्ने आफ्नै संवैधानिक कानुनको पालना गर्न आग्रह गरेको छ। अल्पसंख्यक मामिलाका राष्ट्रसंघका विशेष दूत फर्नेन्ड डी भेरेनेसले भारतमा विशेषतः धार्मिक एवं अन्य अल्पसंख्यकको मानव अधिकार उल्लंघन 'स्थिर' एवं 'चिन्ताजनक' ढंगले बढेको जनाएका छन्।

सन् २०१९ मा सरकारको मानव अधिकार दायित्वलाई लिएर गरिएको प्रश्नमा भारत सरकारका गृहमन्त्री अमित शाहले 'मानव अधिकारको रक्षा एवं प्रवर्द्धन हाम्रो संस्कृतिको अमिट हिस्सा हो' भन्दै गर्दा उनले पश्चिमा मापदण्डको मानव अधिकारलाई आँखा चिम्लेर भारतमा लागू गर्न नसकिने जनाएका थिए। मानव अधिकार 'पश्चिमा अवधारणा' हो भन्ने तर्कले मेहता, पण्डितलगायतका भारतीय कूटनीतिज्ञको भूमिकालाई खण्डन गर्छ। यसबाहेक यो तर्कले भारतले दशकौँसम्म अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेको विभेदविरुद्धको शक्तिशाली अडानलाई पनि कमजोर बनाएको छ। दुर्भाग्य, मानव अधिकार पश्चिमा अवधारणा हो भन्ने विचार भारतीयमाझ आम बन्दै गइरहेको छ र यसले मानव अधिकारका विश्वव्यापी प्रत्याभूति हुन्छन् भन्ने बुझाइलाई उल्ट्याइरहेको छ।

मनव अधिकारसम्बन्धी गृहमन्त्री अमित शाहको विचार



तस्बिरः फोटोक्वेस्ट/गेटी इमेजेस

भारतका वरिष्ठ सरकारी अधिकारीमाझ कुनै नौलो विषय होइन। अहिले भारतका यी वरिष्ठ सरकारी अधिकारी 'कर्तव्य'मा जोड दिइरहेका छन्। 'कर्तव्य'प्रतिको जोडमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीका अभिव्यक्ति पनि पर्छन्। सन् २०२० मा मोदीले कर्तव्य नै अधिकारको आधार भएको जनाएका थिए भने सन् २०२१ मा उनले 'अहिले विश्वले मानव अधिकारमा जोड दिइरहेका वेला हामीले भारतीय परम्परालाई आत्मसात् गर्नुपर्छ, अर्थात् हामीले कर्तव्यलाई पनि प्राथमिकतामा राख्नुपर्छ,' भनेका थिए। यो अवधारणाले मुलुक, समाज, धर्म, सरकार वा अन्य व्यक्तिप्रतिको दायित्वलाई अघि सारेर मानव अधिकारलाई कमजोर बनाउँछ। मानव अधिकारलाई जबर्जस्ती कर्तव्यसँग भिडाउन खोज्दा यसले मानवीय आत्मसम्मान र व्यक्तिको मानवतालाई जोखिममा पार्छ। यति मात्र नभई यो बलात मिलनले यस्तो परिस्थितिको सिर्जना गर्न सक्छ जहाँ मानिस हुनुको अर्थ 'कर्तव्य'को व्यक्तिपरक मानकमा जोखिनेछ र मानव हुनुको वैश्विक बुझाइलाई छायामा पार्नेछ। यही आइतबारका दिन मानव अधिकारको विश्वव्यापी घोषणाले ७५ वर्ष पूरा गरेको छ। र, यस सन्दर्भमा अन्तर्राष्ट्रिय समुदायले बलियो ढंगले अन्य मुलुकलाईझैँ भारतलाई पनि अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व र मानव अधिकार घोषणाको मर्मलाई सम्मान गर्न माग गर्नुपर्छ।

भारत सरकारले यो मागलाई सकारात्मक रूपमा नलिन सक्छ, तथापि अन्तर्राष्ट्रिय समुदायले मानव अधिकारका लागि भारतलाई घचघच्याउनैपर्छ। हालै युरोपेली संसद्ले भारतको मणिपुर राज्यमा भएको मानव अधिकार उल्लंघनका विरुद्ध संकल्प प्रस्ताव दर्ता गर्दा भारतीय विदेश मन्त्रालयले संकल्प प्रस्तावलाई भारतको घरेलु मामिलामा 'हस्तक्षेप' भन्दै निन्दा गरेको छ। यसले भारतको समृद्ध मानव अधिकारको इतिहासलाई मात्रै उपेक्षा गर्दैन, यसले मानव अधिकारको सम्मानलाई आधार मान्ने युरोपियन युनियन र भारतबीचको सम्झौतालाई समेत बेवास्ता गर्छ।

सन् १९४८ मा भारतीयलगायत विश्वका अन्य मानिस शताब्दियौँको साम्राज्यवाद र उपनिवेशवादबाट मुक्त हुँदा यिनले मानवीय आत्मसम्मान कायम गर्ने मूल्य-मान्यताको सपना साँचेका थिए। तर, अहिले मानव अधिकारका मामिलामा विश्वका सरकार गम्भीर नहुँदा यी सपना जोखिममा परिरहेका छन्।


(मनुवी नेदरल्यान्ड्सस्थित ग्रोनिंगेन विश्वविद्यालयकी मानव अधिकार कानुनकी अध्यापक हुन्। कहले द लन्डन स्टोरीकी पैरवी एवं सञ्चार अधिकृत हुन्)

- टाइमबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पर्यावरण संरक्षणका लागि प्रकृतिमैत्री पूर्वाधार

हरितगृह-ग्यास उत्सर्जन र पर्यावरणीय ह्रासले हाम्रो अस्तित्व नै संकटमा परेको छ



● एरिक बर्गलोफ

(बर्गलोफ एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक (एआइआइबी)का प्रमुख अर्थशास्त्री हुन्)

नदी प्रणाली, सिमसार क्षेत्र, तटीय मैदान, बालुवाले भरिएका दुन र वन-जंगलजस्ता प्राकृतिक पूर्वाधारले सदियौँदेखि मानव सभ्यताको विकासमा सहयोग पुऱ्याएका छन् । वास्तवमा, खाद्यवस्तु एवं पिउने पानीदेखि आँधीबेहरीबाट बच्ने सुरक्षा कवच र बाढी न्यूनीकरणसम्मा यस्ता पूर्वाधारको दोहन गर्ने हाम्रो क्षमता नै मानव प्रजातिको रूपमा हाम्रो सफलताको केन्द्रबिन्दु रहिआएको छ । र, यो हाम्रो भावी अस्तित्वका लागि पनि महत्त्वपूर्ण साबित हुनेछ ।

प्रविधिगत प्रगतिले पूर्वाधारको विकासलाई गति दियो । कंक्रिट, तार र फलामले ऊर्जा, सञ्चार र यातायातका पूर्वाधार विकास गरिदिए अभूतपूर्व वृद्धि र विकासको लहर ल्यायो र हरियो पूर्वाधार खैरो(उत्सर्जनकारी) मा बदलियो । तीव्र आधुनिकीकरणले कुनै समय अकल्पनीय समृद्धि ल्याएको भए पनि यसले गम्भीर अनपेक्षित परिणामहरू पनि निम्त्याएको छ । पर्यावरणीय ह्रास र हरितगृह-ग्यास उत्सर्जनले हाम्रो अस्तित्वलाई नै संकटमा पार्दै लगेको छ ।

प्रश्न विकासशील अर्थव्यवस्थालाई तिनका वैध विकास लक्ष्य पूरा गर्न दिँदै गर्दा कसरी उत्सर्जन घटाउने, प्रकृति र जैविक विविधताको संरक्षण र पुनर्स्थापना गर्नेजस्ता तात्कालिक वातावरणीय लक्ष्य पूरा गर्ने भन्ने हो । एसियन इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंकको हालैको एक प्रतिवेदनअनुसार यो कुरा 'प्रकृतिलाई पूर्वाधारको रूपमा स्वीकारोक्ति'बाट सुरु हुन सक्छ ।

प्रकृतिलाई पूर्वाधारको रूपमा हेर्नु रुपान्तरणकारी हुनेछ । किनकि यसले हामीलाई अझ व्यवस्थित तरिकाले सोच्न बाध्य पार्नेछ । वृद्धि र विकासको पछि लागिरहँदा हामीले प्रकृतिलाई हानि गर्ने कुराबाट त बच्नुपर्छ नै, साथै अत्यावश्यक सेवा प्रदान गर्न यसको विशाल सम्भावनालाई दोहन गर्दै गर्दा यसलाई 'प्रकृतिमैत्री' लगानीको माध्यमबाट सुदृढ र समृद्ध पनि पार्नुपर्छ ।

बिग्रिएको जमिनलाई कसरी पुनर्स्थापना गर्ने भनेर मापदण्ड बनाउँदा जीव-वैज्ञानिकहरूले यसो गर्ने गर्छन् । तर, अब अर्थशास्त्रीहरूले पनि आफ्ना उपकरणलाई प्रकृतिको पुँजीको मूल्य र जटिलतालाई बुझ्ने गरी विकास गर्नुपर्छ । दृष्टान्तका लागि, जैविक विविधताले प्रजातिहरूको संख्या मात्र होइन, उनीहरूको आनुवंशिकीय विविधता र कार्यहरूको विविधतालाई पनि समेट्छ । जैविक विविधताको अर्को आयाम भनेको उनीहरू 'लाइफ ट्री'बाट कसरी छुट्टिएर अलग प्रजाति बने भन्ने प्रजातिहरूको जटिल विकासवादी इतिहास हो । जैविक विविधताबारे हाम्रो बुझाइलाई गहिरो बनाएर मात्र हामी प्रकृतिको पूर्ण क्षमता र यसमा पर्ने हाम्रो प्रभावलाई बुझ्न सक्छौं ।

यो ज्ञान स्थानीय रूपले विशिष्टीकृत हुन्छ । र, यसलाई प्राप्त गर्न वैज्ञानिक र स्थानीय जनसंख्याबाट योगदान चाहिन्छ । सुखद खबर के भने यस्तो सहयोग एवं सहकार्यका मोडेलहरू हामीमाझ उपलब्ध छन् । उत्तरी चीनमा दुई ठूला मरुभूमिलाई एकआपसमा गाँसिनबाट रोक्ने उद्देश्यको 'सानबेई रिफरेस्टेसन प्रोजेक्ट' सुरुमा एकै प्रजातिका रुखहरू रोपिएका कारण एक त्रुटिपूर्ण प्रयास थियो । तर, दुई दशकका दौरान स्थानीय वातावरणको गहिरो ज्ञान र स्थानीय समुदायहरूको सहभागिताले यसलाई सफलतामा परिणत गऱ्यो ।



प्राकृतिक पूर्वाधारको संरक्षण र संवर्द्धनका लागि सुशासन र प्रोत्साहनहरू महत्त्वपूर्ण हुन्छन् । इन्डोनेसियामा म्यानग्रोभ (नदी वा समुद्रको छेउमा फस्टाउने झाडी प्रकृतिको वनस्पती)ले लामो समयदेखि समुदायहरू, विशेषगरी गरिब घरपरिवारलाई घातक ज्वारभाटाको बाढीबाट जोगाउँदै आएको छ । तर, पछिल्लो समय राज्यको क्षमता कमजोर भएका क्षेत्रमा म्यानग्रोभहरू पातलिँदै गएका छन् । इजिप्टमा म्यानग्रोभ पुनर्स्थापनाका प्रयासलाई पर्यापर्यटन र मौरीपालनको राजस्वले योगदान गरेको छ । साथै, मौरीपालनले मह उत्पादन र परागसेचनको महत्त्वपूर्ण सेवामा पनि सहयोग गरिरहेको छ ।

> प्रकृतिलाई पूर्वाधारको रूपमा हेर्नु रुपान्तरणकारी हुनेछ, किनकि यसले हामीलाई अझ व्यवस्थित तरिकाले सोच्न बाध्य पार्नेछ । वृद्धि र विकासलाई पछ्याउँदै गर्दा हामी प्रकृतिलाई हानि-नोक्सानी पुऱ्याउने कुराबाट त बच्नुपर्छ नै यसलाई 'प्रकृतिमैत्री' लगानीको माध्यमबाट अझ सुदृढ र समृद्ध पनि पार्नुपर्छ ।

'पूर्वाधारका रूपमा प्रकृति'को यो दृष्टिकोणले हामीले ग्रे समाधानबारे सोचविचार गर्नुअघि प्रकृतिले के प्रदान गर्न सक्छ भन्ने लेखाजोखाको माग गर्छ । यसले देशलाई उनीहरूको पूर्वाधारका कमीहरू साँच्चै दिगो तरिकामा पूरा गर्न पनि मद्दत गर्न सक्छ । तर, वृद्धि र विकासका लागि ग्रे इन्फ्रास्ट्रक्चर (उत्सर्जनकारी वा कृत्रिम पूर्वाधार) जहिले पनि आवश्यक हुन्छन् । यसले प्रकृतिमा यसको प्रभावलाई कम गर्न यसमा अझ राम्रो डिजाइनको माग गर्छ । उदाहरणका लागि, नवीकरणीय-ऊर्जा पूर्वाधारमा पनि ठूलो पारिस्थितिकीय पदचिह्न हुन्छन् । सडक पूर्वाधारले पर्या(पारिस्थितिकीय प्रणाली)हरूलाई खण्डित गर्नुका साथै क्षति पनि पुऱ्याउँछ । यस्ता पूर्वाधारलाई ग्रे साइटहरूमा लैजाने र (राजमार्गहरूमा वन्यजन्तुहरू आवतजातव गर्ने स्थानहरूको निर्माण, सहरी हरित स्थान र प्रकृति-पुनर्स्थापनाजस्ता) सहायक पूर्वाधारले यी प्रभावलाई कम गर्न मद्दत गर्न सक्छ ।

निःसन्देह, वित्तपोषणले पनि चुनौती खडा गर्न सक्छ । कुनमिङ-मोन्ट्रियल ग्लोबल बायोडाइभर्सिटी फ्रेमवर्कले सन् २०३० सम्ममा जैविक विविधता कोषको खाडल कम गर्न प्रतिवर्ष पाँच खर्ब ९८ देखि आठ खर्ब २४ अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरेको छ । प्रकृतिको संरक्षण र पुनर्स्थापना गर्न आवश्यक यस्ता रकम प्रकृतिको मूल्यको उचित मूल्यांकन र निजी तथा संस्थागत पुँजी परिचालनका नयाँ बजार सिर्जना गरेर मात्र जम्मा गर्न सकिन्छ ।

यसका लागि नयाँ औजार र वित्तीय उपकरणहरूको प्रयोग गरी 'नेचर एज इन्फ्रास्ट्रक्चर'लाई सम्पत्तिको रूपमा विकास गर्नुपर्छ । सूक्ष्म तहमा, यसका लागि प्रकृतिका सेवाहरूको मूल्य निर्धारण र अनुकूल स्थानीय नियमहरू आवश्यक पर्नेछन् । उदाहरणका लागि, हानिकारक गतिविधिहरूमा शुल्क वा परमिटहरू लगाउनेजस्ता उपाय लगाउन सकिन्छ । सूक्ष्म तहका नीतिहरूले प्रकृतिमा अधिक वित्तपोषणका लागि अन्य वित्तीय उपकरणहरू सिर्जना र अन्ततः बजारहरूको विकासलाई मद्दत गर्न सक्छन् । प्रदर्शनसँग सम्बन्धित ऋणहरू, नीतिमा आधारित ऋण, प्रकृति क्रेडिट आदि स्रोतहरूको विकासमा सहयोग गर्न सक्छन् । विगतका गल्तीहरू दोहोरिनबाट जोगिन हामीले कार्बन बजारबाट सिकेका पाठहरूमा ध्यान दिनुपर्छ ।

कम आय भएका अर्थतन्त्रहरूमा विशेष ध्यान दिनुपर्छ । तीमध्ये धेरैजसो जलवायु परिवर्तन र वातावरणीय ह्रासका कारण अत्यधिक जोखिममा छन् । तर, उनीहरूसँग प्राकृतिक सम्पदाहरू छन्, जसको उचित मूल्यांकन हुनुपर्छ । बहुपक्षीय विकास बैंकहरूले आफ्ना सञ्चालनका सबै पक्षहरूमा समावेश गरेर 'पूर्वाधारका रूपमा प्रकृति'को दृष्टिकोणलाई अभिप्रेरित गर्न सक्छन् । अन्तमा, यो विधिले पूर्वाधार परियोजनाहरूका साथै राष्ट्रिय वृद्धि एवं विकासका रणनीतिहरूलाई पनि मार्गदर्शन गर्नुपर्छ ।

- प्रोजेक्ट सिन्डिकेटबाट

इतिहासमा आज



सन् १९४६ : राष्ट्रसंघीय अन्तर्राष्ट्रिय बालबालिकासम्बन्धी आपत्कालीन कोष युनिसेफको स्थापना । युनिसेफले विश्वभरका बालबालिकाको भलाइका लागि काम गर्छ ।

सन् १९३६ : बेलायतका राजा इडवार्ड आठौँले बेलायतको राजगद्दी त्याग गरेको घोषणा गरे । अमेरिकी युवती वाल्स वारफिल्ड सिम्पसनसँग विवाह गर्न उनले राजगद्दी नै त्यागेका थिए ।

सन् १९४१ : अमेरिकाले जर्मनी र इटालीविरुद्ध युद्ध घोषणा गऱ्यो । अमेरिका औपचारिक रूपमा युद्धमा प्रवेश गरेसँगै पहिलो विश्वयुद्धले भयानक मोड लिएको थियो ।

सन् १९७८ : इरानको राजधानी तेहरानमा त्यहाँका शाहविरुद्ध बृहत् प्रदर्शन ।

सन् १९९७ : जलवायुसम्बन्धी राष्ट्रसंघीय सम्झौता क्वेटो प्रोटोकलमा हस्ताक्षर भयो । विश्वबाट हरितगृह ग्यासको उत्सर्जन घटाउन सो सम्झौतामा विभिन्न देशले हस्ताक्षर गरेका थिए । अमेरिकाले भने सो सम्झौता अनुमोदन गरेको थिएन ।

सन् २००१ : जनगणतन्त्र चीन विश्व व्यापार संगठन (डब्लुटिओ)मा सामेल

बंगलादेशमा विपक्षी दलका पाँच सदस्यको हिरासतमा मृत्यु

ढाका/ बंगलादेशका प्रमुख विपक्षी दलका पाँच सदस्यको पछिल्लो दुई सातामा हिरासतमा मृत्यु भएको अधिकारी र आफन्तहरूले आइतबार बताएका छन् । बंगलादेश नेसनलिस्ट पार्टीका पाँच सदस्यको मृत्यु भएको हो । बिएनपीले पछिल्ला दुई सातामा हिरासतमा रहेका आफ्ना पाँचजना कार्यकर्ताको मृत्यु भएको गणना गरेको पार्टीका कानुन प्रमुख कैसर कमालले एएफपीलाई बताए । 'हामी मृत्युको पूर्ण न्यायिक र निष्पक्ष अनुसन्धान चाहन्छौं, यो गम्भीर छ,' उनले भने, 'राष्ट्रव्यापी कारबाहीमा गिरफ्तार गरिएपछि धेरै बिएनपी कार्यकर्तालाई प्रहरी हिरासतमा प्रताडित गरिएको थियो भन्ने हामीलाई थाहा भएको छ ।' बिएनपीले आगामी जनवरी ७ मा हुन गइरहेको आमनिर्वाचनलाई बहिष्कार गरेको छ । उक्त निर्वाचनबाट वर्तमान प्रधानमन्त्री सेख हसिना पुनः निर्वाचित हुने तय भएको छ । बिएनपीका अनुसार अक्टोबर २८ मा राजधानी ढाकामा विपक्षीहरूको एउटा विशाल च्यालीपछि २० हजारभन्दा बढी राजनीतिज्ञलाई पक्राउ गरिएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने गोप्य शिलवन्दी वोलपत्र आव्हान गरिएको सूचना

प्रकाशित मिति : २०८०/०८/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकको तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा लिंदाको बखत गरेको लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदी चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान नगरेकोले विभिन्न मितिको विभिन्न राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको सांवा, ब्याज नतिरि नबुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे बापत बैंकको नाममा धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्तिहरु जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलवन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रक्रीया अगाढी बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै संचालक, धितो जमानत तथा व्यक्तिगत जमानत दिनु हुने माहानुभावहरुलाई समेत कालो सूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी तथा सम्बन्धित पक्षहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकमा उपस्थित भै सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी प्रक्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

कपिलवस्तु शाखा, कपिलवस्तु

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्रा.फ.र.नं. ९६९७/०७६ अन्तर्गत मिति २०७६/०५/१८ मा दर्ता कायम भएको **श्री एस.आर. सप्लायर्स** फर्म दर्ता ठेगाना : वाणगंगा न.पा. - १, कपिलवस्तु स्थायी लेखा नं. ६११७७९९२६, मिति २०७६/०५/१९ **प्रोप्राईटर : शिव श्रेष्ठ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**शिव श्रेष्ठ** ना.प्र.नं. ३८-०१-७३-०२८१८ जारी मिति २०७३/०३/१५, जि.प्र.का. कपिलवस्तु बाबुको नाम : श्याम प्रसाद श्रेष्ठ बाजेको नाम : केशर प्रसाद श्रेष्ठ स्थायी ठेगाना : वाणगंगा - ३, कपिलवस्तु	**रेखा देवी श्रेष्ठ** ना.प्र.नं. ४५४८४, जारी मिति २०६०/०१/१७ जि.प्र.का. कपिलवस्तु बाबुको नाम : भिम प्रसाद श्रेष्ठ पतिको नाम : श्याम प्रसाद श्रेष्ठ ससुराको नाम : केशर प्रसाद श्रेष्ठ स्थायी ठेगाना : वाणगंगा - १, कपिलवस्तु

धितोको विवरण

घरजग्गाको विवरण

भिम प्रसाद श्रेष्ठको छोरी, केशर प्रसाद श्रेष्ठको बुहारी, श्याम प्रसाद श्रेष्ठको पत्नी, रेखा देवी श्रेष्ठको नाममा मालपोत कार्यालय, तौलिहवा, कपिलवस्तुमा दर्ता श्रेस्ता कायम रहेको कपिलवस्तु जिल्ला, ठू. पिपरा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. १०१८, १०१५ र १०२१ को क्षेत्रफल क्रमशः ०-०-७३/४, ०-०-६१/२ र ०-०-५३/४ विगाहाको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

बिर्तामोड शाखा, झापा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०६६५४/०७५/७६ अन्तर्गत मिति २०७५/०९/३० मा दर्ता कायम भएको **न्यौपाने ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगाना : बिर्तामोड न.पा. -, ३, झापा स्थायी लेखा नं. ६०६५६६७४०, मिति २०७५/१०/०२ **संचालक : कपिल न्यौपाने** ना.प्र.नं. ०१२८८५, जारी मिति २०५२/०१/२९, जि.प्र.का. झापा बाबुको नाम : माधव प्रसाद न्यौपाने बाजेको नाम : नन्द लाल न्यौपाने स्थायी ठेगाना : अनारमनी - ७, झापा **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**बिमला चुडाल न्योपाने** ना.प्र.नं. ०१२८८६६० जारी मिति २०५७/१२/१७, जि.प्र.का. झापा बाबुको नाम : लक्ष्मी प्रसाद चुडाल पतिको नाम : कपिल न्यौपाने ससुराको नाम : माधव प्रसाद न्यौपाने स्थायी ठेगाना : बिर्तामोड न.पा. - ३, झापा	**उद्धिम न्यौपाने** ना.प्र.न. ०१२८२११४ जारी मिति २०५४/०९/१५, जि.प्र.का. झापा बाबुको नाम : माधव प्रसाद न्यौपाने बाजेको नाम : नन्द लाल न्यौपाने स्थायी ठेगाना : अनारमनी - ७, झापा

धितोको विवरण

सवारी साधनको विवरण

सवारी मोडेल	सवारी दर्ता नं.	बनेको साल	इन्जिन नं.	च्यासिस नं.
Kobelco SK140	मे १ क ७४४	२०१८	D04FR-026207	YP09-B0721

ऋणीको विवरण	धितोको विवरण (जग्गाको विवरण)
२. नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १३१२४९/०७१/०७२ अन्तर्गत मिति २०७१/१०/०५ मा दर्ता कायम भएको **रारा चिया प्रशोधन उद्योग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : गरामनी - २, झापा स्थायी लेखा नं. ६०२४६३३४४, मिति २०७१/१०/२१ **संचालक : उद्धिम न्यौपाने** ना.प्र.नं. ०१२८२११४, जारी मिति २०५४/०९/१५, जि.प्र.का. झापा बाबुको नाम : माधव प्रसाद न्यौपाने बाजेको नाम : नन्द लाल न्यौपाने स्थायी ठेगाना : अनारमनी - ७, झापा **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अंलकालीन कर्जा**	धनपती पाठकको छोरी, नन्द लाल न्यौपानेको बुहारी, माधव प्रसाद न्यौपानेको पत्नी, श्रीमती भीमा देवी न्यौपानेको नाममा मालपोत कार्यालय, भद्रपुर झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. १२४३ र १२३७ को क्षेत्रफल क्रमशः १५३७.०० र २०८.०० व.मि. जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानत दिनेको विवरण

माधव प्रसाद न्यौपाने ना.प्र.न. ०१२८७८८ जारी मिति २०३२/१२/११, जि.प्र.का. झापा बाबुको नाम : नन्द लाल न्यौपाने बाजेको नाम : कासीनाथ न्यौपाने स्थायी ठेगाना : अनारमनी - ७, झापा	**श्रीमती भिमादेवी न्यौपाने** ना.प्र.नं. १९२७१२५, जारी मिति २०३४/०६/२१, जि.प्र.का. झापा बाबुको नाम : धनपती पाठक पतिको नाम : माधव प्रसाद न्यौपाने ससुराको नाम : नन्द लाल न्यौपाने स्थायी ठेगाना : अनारमनी - ७, झापा	**रुची शिवाकोटी** ना.प्र.नं. ०१२८४३९४, जारी मिति २०५८/११/०८, जि.प्र.का. झापा बाबुको नाम : ध्रुव कुमार शिवाकोटी पतिको नाम : उद्धिम न्यौपाने ससुराको नाम : माधव प्रसाद न्यौपाने स्थायी ठेगाना : अनारमनी - ३, झापा

घोराही शाखा, दाङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९४१७०/०७५/०७६ अन्तर्गत मिति २०७५/०४/१० मा दर्ता कायम भएको **जलजला पेट्रोलियम प्रा.लि.** कम्पनी दर्ता ठेगाना : घोराही उ.म.न.पा. - ३, दाङ स्थायी लेखा नं. ६०६६५१३५६, मिति २०७५/०४/११ **सञ्चालक : इश्वर बहादुर पुन** **कर्जा शिर्षक : ओभरड्राफ्ट, अल्पकालिन तथा आवधिक कर्जा**	**इश्वर बहादुर पुन** ना.प्र.नं. ११९६/१७६१ जारी मिति २०५३/११/०३, जि.प्र.का. दाङ बाबुको नाम : टेक बहादुर पुन बाजेको नाम : मैते पुन स्थायी ठेगाना : हापुर - ९, दाङ हालको ठेगाना : घोराही उ.म.न.पा. - १५, दाङ	**बुद्धिमाया पुन** ना.प्र.नं. ७१७५/२४५७ जारी मिति २०६०/०७/३०, जि.प्र.का. दाङ बाबुको नाम : जगत बहादुर पुन पतिको नाम : इश्वर बहादुर पुन ससुराको नाम : टेक बहादुर पुन स्थायी ठेगाना : त्रिभुवन नगर - ७, दाङ हालको ठेगाना : घोराही उ.म.न.पा. - १५, दाङ

धितोको विवरण

घरजग्गाको विवरण

जलजला पेट्रोलियम प्रा.लि.को नाममा मालपोत कार्यालय, घोराही दाङमा दर्ता श्रेस्ता कायम रहेको दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स/न.पा वडा नं. ५ क स्थित कित्ता नं. ८३०, ८३४ र ८३२ को क्षेत्रफल क्रमशः ६८०.००, ४४३.१५ र ५७०.०० व.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्र साथ आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको सम्बन्धित शाखाको Earnest Money Deposit for Auction मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाण पत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधिभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्तावाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणवाट समयमानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्ता दिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्र वापत बुझाएको सम्पूर्ण रकम बिना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैकलाई चित्त बुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८० पौष ०९ गते (कार्यालय समय भित्र)
बोलपत्र खोलिने मिति : २०८० पौष ११ गते
समय : दिउँसो ३ बजे
स्थान : सम्बन्धित शाखा कार्यालय

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

सांग्रिला डेभलपमेन्टको बोनस सेयर पारित

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंकले सेयरधनीलाई बोनस सेयर वितरण गर्ने प्रस्ताव पारित भएको छ। बैंकको १९औँ वार्षिक साधारणसभाले बोनस सेयर वितरण प्रस्ताव पारित गरेको हो। साधारणसभाले पारित गरेअनुसार बैंकको चुक्ता पुँजी तीन अर्ब २६ करोड ७६ लाख रुपैयाँको ५ प्रतिशत बोनस सेयर तथा कर भुक्तानी प्रयोजनका लागि चुक्ता पुँजीको ०.२६३ प्रतिशतले हुन आउने रकम ८५ लाख ९८ हजार रुपैयाँ वितरण गरिने बैंकको भनाइ छ।

अर्थतन्त्र चलायमान बनाउन उद्योगीहरूको आग्रह

बुटवल/ नयाँ औद्योगिक क्षेत्रको स्थापना, औद्योगिक वातावरण र अर्थतन्त्रलाई चलायमान बनाउनका लागि ठोस नीति र विधि बनाउँदै अगाडि बढ्न रुपन्देहीका उद्योगीहरूले राज्यसँग आग्रह गरेका छन्। रुपन्देही उद्योग संघले आइतवार बुटवलमा गरेको मोतीपुर औद्योगिक क्षेत्रको निर्माण र सेजको सञ्चालनको अवस्था विषयक अन्तर्क्रिया कार्यक्रममा उनीहरूले लामो समयसम्म नयाँ औद्योगिक क्षेत्र निर्माण नहुँदा र भएका औद्योगिक क्षेत्रको सही व्यवस्थापन नहुँदा जग्गा अभावमा उद्योगहरूले समस्या झेल्नुपरेको गुनासो गरे।

लामो समयसम्म पनि नयाँ औद्योगिक क्षेत्र स्थापना गर्न नसक्नु औद्योगिक विकासका लागि राम्रो संकेत नभएको बताउँदै मोतीपुर औद्योगिक क्षेत्रको निर्माण कार्य तत्काल अगाडि बढाउन र बन्द धागो कारखानाले उपभोग गरिरहेको जग्गा एवं भवनको सदुपयोग गर्नेतर्फ ध्यान दिन आग्रह गरे।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**मनलाल तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमिस्थान गा.वि.स. वडा नं. ८ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : नर बहादुर तामाङ बाजे : सेते तामाङ	प्रताप सिं तामाङकी छोरी, सेते तामाङकी बुहारी, नर बहादुर तामाङकी पत्नि, धादिङ जिल्ला, भुमिस्थान गाउँ पञ्चायत वडा नं. ८, स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १, बस्ने ठूली तामाङको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, भुमिस्थान गा.वि.स. वडा नं. ८ङ (हाल थाके गा.पा. वडा नं. १), स्थित कित्ता नं. २६४ र २६५ को क्षेत्रफल क्रमशः ३-७-०-३ र १५-४-३-१.५ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) क्रान्ति तमाङ स्थायी ठेगाना : धादिङ जिल्ला, भुमिस्थान गा.वि.स. वडा नं.८ हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : ठूलो कुमार सिं घलान ससुरा : नर बहादुर तामाङ पति : मनलाल तमाङ	**२) ठूली तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमिस्थान गाउँ पञ्चायत वडा नं. ८ हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : प्रताप सिं तामाङ ससुरा : सेते तामाङ पति : नर बहादुर तामाङ
	३) राजु तामाङ स्थायी ठेगाना: धादिङ जिल्ला, भुमिस्थान गा.वि.स. वडा नं. ८ हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : मनलाल तामाङ बाजे : नर बहादुर तामाङ	**४) राम बहादुर तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमिस्थान गा.वि.स. वडा नं. ८ हालको ठेगाना: धादिङ जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु : मनलाल तामाङ बाजे : नर बहादुर तामाङ
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**राम कुमार अर्याल** स्थायी ठेगाना : धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ६ बाबु : गुण बहादुर अर्याल बाजे : डण्डपानी अर्याल	**गिता थापा** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ६ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ६ बाबु : अम्मर बहादुर थापा ससुरा : गुण बहादुर अर्याल पति : राम कुमार अर्याल
	धितोको विवरण	
	डण्डपानी अर्यालको नाति, गुण बहादुर अर्यालको छोरा, धादिङ जिल्ला, गोगनपानी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ६ बस्ने राम कुमार अर्यालको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ८ क (हाल थाके गा.पा. वडा नं. ७) स्थित कित्ता नं. १०२ र ६१ को क्षेत्रफल क्रमशः ०-०-३-० र ०-४-०-० (रोपनी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	**धितोको विवरण**
३)	**कान्छा तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ०४ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ०२ बाबु : धन बहादुर तामाङ बाजे : कृष्ण बहादुर तामाङ	कृष्ण बहादुर तामाङको नाती, धन बहादुर तामाङको छोरा, धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ०४ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ०२ बस्ने कान्छा तामाङको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ०४ घ (हाल थाके गा.पा. वडा नं. ०२) स्थित कित्ता नं. २४३ र २४९ को क्षेत्रफल क्रमशः १-१०-२-० र ०-१२-०-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताको विवरण	
	१) श्री शुक्र ब. तमाङ स्थायी ठेगाना: धादिङ जिल्ला, भुमेस्थान गाउँ पञ्चायत वडा नं. ४ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. २ बाबु : धन ब. तामाङ बाजे : कृष्ण बहादुर तामाङ	**२) सुन्दर तामाङ** स्थायी ठेगाना : धादिङ जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ४ हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. २ बाबु : धन बहादुर तामाङ बाजे : कृष्ण बहादुर तामाङ
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
४)	**१) ठेकबहादुर माहाराजी** स्थायी ठेगाना : खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४ बाबु : टंकबहादुर माहाराजी बाजे : राम बहादुर माहाराजी	**उर्मिला माहाराजी** स्थायी ठेगाना : खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४ बाबु : शम्भु बहादुर मित्रकोटी ससुरा : टंक बहादुर माहाराजी पति : ठेकबहादुर माहाराजी
	धितोको विवरण	
	राम बहादुर माहाराजीको नाती, टंकबहादुर माहाराजीको छोरा, खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४ बस्ने ठेकबहादुर माहाराजीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. २ग स्थित कित्ता नं. ५०२७ र ५१४४ को क्षेत्रफल क्रमशः ०-०-७.२५-० र ०-०-२.५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	२) उर्मिला माहाराजी स्थायी ठेगाना : खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४ बाबु : शम्भु बहादुर मित्रकोटी ससुरा : टंक बहादुर माहाराजी पति : ठेकबहादुर माहाराजी	**ठेकबहादुर माहाराजी** स्थायी ठेगाना : खोटाङ जिल्ला, खोटेहाङ गा.पा. वडा नं. १ हालको ठेगाना : सुनसरी जिल्ला, ईटहरी न.पा. वडा नं. ४ बाबु : टंकबहादुर माहाराजी बाजे : राम बहादुर माहाराजी
	ऋणीको विवरण	
५)	१) प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत, नेपालमा प्रा.फ.र.नं. १०८९७/०७६/०७७, स्थानीय व्यापार अन्तर्गत मिति २०७६/१०/१३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ स्थित **पवित्रा खाद्य तथा किराना पसल** **प्रोप्राइटर तथा जमानतकर्ता: पवित्रा थापा**	**२) पवित्रा थापा** स्थायी ठेगाना : सुर्खेत जिल्ला, उतरगंगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : बले रावत ससुरा : मान बहादुर थापा पति : किशोर कुमार थापा
	धितोको विवरण	
	१) बले रावतकी छोरी, मान बहादुर थापा बुहारीकी, किशोर कुमार थापाकी पत्नि, सुर्खेत जिल्ला, उतरगंगा गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बस्ने पवित्रा थापाको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटिकोइली न.पा. वडा नं. ७ ख स्थित कित्ता नं. ३९८६ को क्षेत्रफल ०-०-५$^{३/४}$ (विगाहा) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) पवित्रा खाद्य तथा किराना पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	जमानीकर्ताको विवरण	
	१) किशोर कुमार थापा स्थायी ठेगाना : दैलेख जिल्ला, रावतकोट गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : मान बहादुर थापा बाजे : मनिराम थापा	**२) पवित्रा थापा** स्थायी ठेगाना : सुर्खेत जिल्ला, उतरगंगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ३ बाबु : बले रावत ससुरा : मान बहादुर थापा पति : किशोर कुमार थापा
	ऋणीको विवरण	**धितोको विवरण**
६)	नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं.. ५१६/३०३८ अन्तर्गत मिति २०६८/१२/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, सतासिधाम गा.वि.स. वडा नं.७ स्थित **नयाँ पुस्तक पसल** **प्रोप्राइटर तथा जमानीकर्ता: बल बहादुर राई** स्थायी ठेगाना : झापा जिल्ला, घरमपुर गा.प. वडा नं.१ हालको ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं.८ बाबु : नरविर राई बाजे : रिखी मान राई	१) चतुर बहादुर राईकी छोरी, रिखी मान राईकी बुहारी, नरविर राईकी पत्नि, झापा जिल्ला, सतासीधाम गा.वि.स वडा नं.८ स्थायी ठेगाना भइ हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं.८ बस्ने लाख सन्च राईनीको नाममा मालपोत कार्यालय झापा, दमकको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स. वडा नं. ७/ग (हाल शिवसताक्षी न.पा वडा नं. १०), स्थित कित्ता नं. ९२९९, ९३०१ को क्षेत्रफल क्रमश :०-३-०, ०-२-०(विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नयाँ पुस्तक पसल को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताको विवरण	
	१) कमला राई स्थायी ठेगाना : झापा जिल्ला, सतासीधाम गा.वि.स वडा नं.८ हालको ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं.८ बाबु : सन्च बहादुर राई ससुरा : नरविर राई पति : बल बहादुर राई	**२) लाख सन्च राईनी** स्थायी ठेगाना : झापा जिल्ला, सतासीधाम गा.वि.स वडा नं.८ हालको ठेगाना : झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं.८ बाबु : चतुर बहादुर राई ससुरा : रिखी मान राई पति : नरविर राई

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरहवा, रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८०/०८/२५ गते सोमवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तानको लागी पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरवा, रुपन्देहीमा दाखिल गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्था मिति २०८०/१०/०८ गते सोमवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय भैरवा, रुपन्देहीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण : **तपसिल**

१.	**ऋणीः** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०२/०३ मा दर्ता नं. १४९३७४/७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, भैरहवा रुपन्देहीबाट मिति २०७३/०२/०५ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०४२६०२६८ को प्रमाणपत्र प्राप्त **आनन्द एग्रो इण्डष्ट्रिज प्रा. लि. । रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला रोहिणी गा.पा. वडा न. ०३ बैकुण्ठपुर ।	
	सञ्चालक तथा जमानतकर्ता : आनन्द पन्थी (ना.प्र.नः २५०८५ जारी मिति २०४९/०९/१७ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं.०३ (हाल तिलोत्तमा न. पा. वडा नं. १५)। बाबु : गुणानिधी पन्थी । बाजे : केशवराज पन्थी ।	**जमानतकर्ता : मिना घिमिरे** (ना.प्र.नं.२७-९७०४/२१३०७ जारी मिति २०५६/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाडौं) । स्थायी ठेगाना : काठमाडौं जिल्ला का. मा.न.पा. वडा नं. ०९ । हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १५ । बाबुः गोविन्द घिमिरे । बाजेः गोपाल बहादुर घिमिरे । पति/ससुरा : आनन्द पन्थी/गुणानिधी पन्थी ।
	सञ्चालक तथा जमानतकर्ता : अभिमन्नु मल्लाह (ना.प्र.नः१/३४० जारी मिति २०५०/५/१५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला धकधई गा.वि.स. वडा नं. ०३ (हाल रोहिणी गा.पा. वडा नं. ३)। बाबु : अर्जुन मल्लाह । बाजे : शकंर मल्लाह ।	**सञ्चालक तथा जमानतकर्ता : : तमेश्वर मल्लाह** (ना.प्र.नः ३७-०१-७३-००६८९ जारी मिति २०७३/०१/२४ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देहि जिल्ला धकधई गा.वि.स.वडा नं.०३ (हाल रोहिणी गा.पा.वडा नं. ३)। बाबुः अर्जुन मल्लाह । बाजेः शकंर मल्लाह ।
२	**ऋणी** : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/१२/१० मा दर्ता नं. २६००७७/०७७/०७८ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, भैरहवा रुपन्देहीबाट मिति २०७७/१२/१० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०९९७७८०८ को प्रमाणपत्र प्राप्त **भगत सप्लायर्स प्रा. लि. । रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला रोहिणी गा.पा.वडा न. ०३ ।	
	सञ्चालक तथा जमानतकर्ता : आनन्द पन्थी (ना.प्र.नः २५०८५ जारी मिति २०४९/०९/१७ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं.०३ (हाल तिलोत्तमा न. पा. वडा नं. १५)। बाबु : गुणानिधी पन्थी । बाजे : केशवराज पन्थी ।	**सञ्चालक तथा जमानतकर्ता : मिना घिमिरे** (ना.प्र.नं.२७-९७०४/२१३०७ जारी मिति २०५६/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाडौं) । स्थायी ठेगाना : काठमाडौं जिल्ला का. मा.न.पा. वडा नं. ०९ । हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १५ । बाबुः गोविन्द घिमिरे । बाजेः गोपाल बहादुर घिमिरे । पति/ससुरा : आनन्द पन्थी/गुणानिधी पन्थी ।
३	**ऋणीः** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०२/०२ मा दर्ता नं. २१५३०९/७५/०७६ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवा रुपन्देहीबाट मिति २०७६/०२/०२ (मु.अ.कर दर्ता मिति २०७६/०२/०२) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नम्बर ६०९५३६७५३ को प्रमाणपत्र प्राप्त **मीना खाद्य उद्योग प्रा.लि. । रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा न. १५, मधवलिया ।	
	सञ्चालक तथा जमानतकर्ता : आनन्द पन्थी (ना.प्र.नः २५०८५ जारी मिति २०४९/०९/१७ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं.०३ (हाल तिलोत्तमा न. पा. वडा नं. १५)। बाबु : गुणानिधी पन्थी । बाजे : केशवराज पन्थी ।	**सञ्चालक तथा जमानतकर्ता : मिना घिमिरे** (ना.प्र.नं.२७-९७०४/२१३०७ जारी मिति २०५६/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाडौं) । स्थायी ठेगाना : काठमाडौं जिल्ला का. मा.न.पा. वडा नं. ०९ । हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १५ । बाबुः गोविन्द घिमिरे । बाजेः गोपाल बहादुर घिमिरे । पति/ससुरा : आनन्द पन्थी/गुणानिधी पन्थी ।
४	**ऋणी : ने**पाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०२/०९ मा दर्ता नं. १४९६७१/७२/०७३ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय, भैरहवा रुपन्देहीबाट मिति २०७३/०२/१० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४२६३२३८ को प्रमाणपत्र प्राप्त **आनन्द इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. । रजिष्ट्रर्ड ठेगाना :** रुपन्देही जिल्ला तिलोत्तमा न.पा. वडा नं. २० मधवलीया ।	
	सञ्चालक तथा जमानतकर्ता : आनन्द पन्थी (ना.प्र.नः २५०८५ जारी मिति २०४९/०९/१७ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं.०३ (हाल तिलोत्तमा न. पा. वडा नं. १५)। बाबु : गुणानिधी पन्थी । बाजे : केशवराज पन्थी ।	**जमानतकर्ता : मिना घिमिरे** (ना.प्र.नं.२७-९७०४/२१३०७ जारी मिति २०५६/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाडौं) । स्थायी ठेगाना : काठमाडौं जिल्ला का. मा.न.पा. वडा नं. ०९ । हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १५ । बाबुः गोविन्द घिमिरे । बाजेः गोपाल बहादुर घिमिरे । पति/ससुरा : आनन्द पन्थी/गुणानिधी पन्थी ।
५.	**ऋणी : आनन्द पन्थी** (ना.प्र.नः २५०८५ जारी मिति २०४९/०९/१७ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । स्थायी ठेगाना : रुपन्देही जिल्ला, मधवलिया गा.वि.स. वडा नं.०३ (हाल तिलोत्तमा न. पा. वडा नं. १५)। बाबु : गुणानिधी पन्थी । बाजे : केशवराज पन्थी ।	**जमानतकर्ता : मिना घिमिरे** (ना.प्र.नं.२७-९७०४/२१३०७ जारी मिति २०५६/११/१२ जारी गर्ने कार्यालय जि.प्र.का.काठमाडौं) । स्थायी ठेगाना : काठमाडौं जिल्ला का. मा.न.पा. वडा नं. ०९ । हालको ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १५ । बाबुः गोविन्द घिमिरे । बाजेः गोपाल बहादुर घिमिरे । पति/ससुरा : आनन्द पन्थी/गुणानिधी पन्थी ।

ख. लिलाम बिक्री हुने धितो सम्पत्तिको विवरण :

१. आनन्द पन्थीको नाममा मालपोत कार्यालय भैरहवा रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला बिसुनपुरा गा.वि.स.वडा नं.८ नक्सा सिट नं. ८क स्थित कि.नं. ४७०, २९५, ७५१, ७४७, २१३ र ७४८ क्षेत्रफल क्रमशः ०-०-५-०

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २५ मंसिर ०८०

चार महिनामा प्रदेशको पुँजीगत खर्च ६ प्रतिशत मात्रै

सातवटा प्रदेशको औसतमा ८.८९ प्रतिशत मात्रै कुल खर्च, संघलाई दोष देखाउँदै पन्छिन्छन् प्रदेशका अधिकारी

जनकपुरधाममा **हदिश खुदार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु घिमिरे**, सुर्खेतमा **रमेश रावल**, धनगढीमा **तेजराज भट्ट** र काठमाडौंमा **पवन तिमिल्सिना**

चालू आर्थिक वर्षको चार महिनामा सातवटा प्रदेशले औसतमा ८.८९ प्रतिशत मात्रै खर्च गरेका छन् । राजनीतिक खिचातानीमा अल्झिँदा निर्माणकेन्द्रित पुँजीगत खर्च ६.०१ प्रतिशत मात्रै हुन सकेको छ । कोशीले त एक वर्षमै पाँचवटा मुख्यमन्त्री पाएको छ । राजनीतिक अस्थिरताकै कारण कोशीले कात्तिकमा मात्रै प्रतिस्थापन विधेयकमार्फत बजेट ल्याएको छ ।


संस्थागत रूपमा बलियो संरचना बन्न नसक्दा प्रदेश सरकारहरू राजनीतिक दाउपेचको भूमरीमा फसेको पूर्वप्रशासक पूर्णचन्द्र भट्टराईले बताए । उनले भने, 'प्रदेश मजबुत भएको छैन । कर्मचारीतन्त्रको हिसाबले त झनै कमजोर छन् । संघीयताको राम्रो अभ्यास हुँदै गयो भने प्रदेश पनि सबल हुँदै जाने हो । तर, सरकार फेरिन्छ कि भन्ने डरले काम अघि बढ्न सकेको छैन ।'

अहिले प्रदेश सरकारका संरचनाहरूमा ५० प्रतिशतभन्दा बढी दरबन्दीमा कर्मचारी पद रिक्त छन् । यस्ता समस्या अन्य प्रदेशमा समेत बढेकाले काम हुन नसकेको पूर्वप्रशासक भट्टराईको भनाइ छ ।

■ संघ र प्रदेशबीच आरोप-प्रत्यारोप

पहिलो चौमासमा पुँजीगत खर्च न्यून हुनुमा प्रदेशका अधिकारीहरूले संघीय अर्थ मन्त्रालयलाई दोष देखाएका छन् । मधेश प्रदेशको अर्थ मन्त्रालयका निमित्त सचिव अजयलाल कर्णले संघीय अर्थ मन्त्रालयले खर्च मार्गदर्शन पठाउन ढिलाइ गरेकै कारण खर्च न्यून भएको बताए । उनले भने, 'विनियोजन ऐनअनुसार १ साउनदेखि मन्त्रालयहरू आफैं काम गर्न सक्छन् । तर, परम्परा के छ भने अर्थ मन्त्रालयले बजेट खर्च मार्गदर्शन पठाएपछि मात्रै खर्च हुने गरेको छ ।'

भदौको अन्तिम सातामा मात्रै अर्थ मन्त्रालयले बजेट मार्गदर्शन पठाएको उनले बताए । तर, संघीय अर्थ मन्त्रालयका अधिकारीहरूको तर्क फरक छ । अर्थका प्रवक्ता धनीराम शर्माका अनुसार संघले ससर्त अनुदानबापतको वित्तीय हस्तान्तरणको रकममा बाहेक अन्य अनुदानमा मार्गदर्शन पठाउनुपर्दैन । उनले भने, 'संघले यसपालि साउनमै ससर्त अनुदान मार्गदर्शनसहित पठाइसकेकाले खर्चमा बाधा नपर्नुपर्ने हो । त्यसबाहेक संघीय आयोजनामा बाहेक हामीले मार्गदर्शन पठाउने र अख्तियारी दिने काम गर्दैनौं ।'



■ राजनीतिक अस्थिरताले कोशीको खर्च कमजोर

राजनीतिक अस्थिरताका कारण कोशी प्रदेशमा सरकारको पुँजीगत खर्च ७.५४ प्रतिशत मात्रै छ । चालू आर्थिक वर्षको पहिलो चार महिनामा एक अर्ब ३७ करोड रुपैयाँ मात्रै पुँजीगत खर्च गरेको छ । चालू आर्थिक वर्षका लागि पुँजीगत बजेट १८ अर्ब २३ करोड विनियोजन थियो । त्यस्तै, चालू खर्च तीन अर्ब ५७ करोड छ । यसतर्फ प्रदेशले १७ अर्ब ९९ करोड छुट्याइएको थियो । कुल बजेट खर्च चार अर्ब ९५ करोड रुपैयाँ रहेको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जानकारी दिएको छ । सरकारले कुल ३६ अर्ब २४ करोडको बजेट ल्याएका थिए ।

■ मधेश प्रदेशमा मध्य मंसिरसम्म ४ प्रतिशत मात्रै खर्च

प्रदेश सरकारले चालू आर्थिक वर्षको ०८०/८१ को पहिलो चार महिनामा एक अर्ब ५० करोड ७३ लाख खर्च गरेको छ । चालू आवमा प्रदेशले ४४ अर्ब ११ करोड ४६ लाखको बजेट ल्याएको थियो । कोष तथा लेखा नियन्त्रकको कार्यालयअनुसार यो अवधिमा पुँजीगततर्फ ४९ करोड ७९ लाख खर्च भएको छ । यो कुल पुँजीगत बजेट २५ अर्ब ५३ करोड ९७ लाखको करिब २ प्रतिशत मात्रै हो । चालूतर्फ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

१८ अर्ब ५७ करोड ४९ लाख बजेट विनियोजन भएकोमा ७ मंसिरसम्म एक अर्ब ९४ लाख ३१ हजार चार सय ५८ रुपैयाँ ३० पैसा खर्च भएको तथ्यांक छ ।

■ बागमतीमा निराशाजनक सुरुवात

बागमती प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय हेटौंडाका अनुसार बागमती सरकारले कात्तिक मसान्तसम्म कुल बजेटको ९ प्रतिशत मात्रै खर्च गरेको छ । बागमती प्रदेश सरकारले चालू आवका लागि कुल ६२ अर्ब ७० करोड ९० लाख बजेट ल्याएको छ । त्यसमध्ये कात्तिकसम्म पाँच अर्ब ७८ करोड ७१ लाख मात्रै खर्च गरेको छ । अघिल्लो वर्ष यही अवधिमा कुल बजेटको १० प्रतिशत खर्च गरेको प्रदेश सरकारको चालू वर्षको कार्यान्वयन झनै कमजोर देखिएको हो । गत वर्ष चुनावी वर्ष भएको र सरकार फेरबदलका कारण बजेट खर्चमा कमी आएको दाबी गरेको थियो । यस वर्ष चालू खर्चतर्फ १३.४८ प्रतिशत खर्च गरेको प्रदेश सरकारले पुँजीगततर्फ जम्मा ६.२१ प्रतिशत मात्रै खर्च गरेको छ । प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाका प्रमुख हरिप्रसाद उपाध्यायका अनुसार चालूतर्फ १३.४८ प्रतिशत अर्थात् तीन अर्ब ५६ करोड ५९ लाख, पुँजीगततर्फ ६.२१ प्रतिशत अर्थात् दुई अर्ब २२ करोड ११ लाख खर्च भएको छ । प्रदेश सरकारसँग हाल ५६ अर्ब ९२ करोड १८ लाख मौज्दात छ । बजेट पारित भएपछि गठन गरिएको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयअन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि भने अझै बजेट उपलब्ध नभएको कार्यालयले जानकारी दिएको छ ।

■ गण्डकीको बजेट खर्च ११.०३ प्रतिशत

चालू आर्थिक वर्ष ०८०/८१ को पहिलो चौमासिकमा गण्डकी प्रदेशले ११.०३ प्रतिशत बजेट खर्च गरेको छ । चालू आवका लागि गण्डकीले पुँजीगततर्फ २० अर्ब १९ करोड, चालूतर्फ १२ अर्ब ७३ करोड ६७ लाख र वित्तीय व्यवस्थातर्फ ५० करोड गरी कुल ३३ अर्ब ४२ करोड ७२ लाखको बजेट सार्वजनिक गरेको थियो । कुल बजेटमध्ये १ मंसिरसम्म तीन अर्ब ६८ करोड ६४ लाख खर्च गरेको हो । खर्चमध्ये पुँजीगततर्फ विनियोजित बजेटको ९.३१ प्रतिशत अर्थात् एक अर्ब ८८ करोड दुई लाख र चालूतर्फको १४.१८ प्रतिशत अर्थात् एक अर्ब ८० करोड ६१ लाख रहेको छ ।

■ लुम्बिनीमा पुँजीगत खर्च साढे ६ प्रतिशत मात्रै

लुम्बिनी प्रदेश लेखा नियन्त्रक कार्यालयका प्रमुख दीपक ज्ञवालीका अनुसार प्रदेश सरकारले चालू आर्थिक वर्षको चार महिनामा जम्मा ९ दशमलव ८७ प्रतिशत बजेट खर्च गरेको छ । त्यसमा पुँजीगततर्फ जम्मा ६ दशमलव ५९ प्रतिशत मात्रै खर्च गरेको छ । मुख्यमन्त्रीमा डिल्लीबहादुर चौधरी नियुक्त भएको सात महिना पूरा हुन लाग्दा पनि लुम्बिनी सरकारले पूर्णता पाएको छैन । मन्त्रिपरिषद्ले पूर्णता नपाउँदा मुख्यमन्त्रीले समाल्दै आएका मन्त्रालयहरूको पुँजीगत खर्च थप निराशाजनक देखिएको छ ।

■ कर्णालीको खर्च ७.११ प्रतिशत मात्रै

चालू आर्थिक वर्ष ०८०/८१ का लागि कर्णाली सरकारले ३३ अर्ब ३७ करोड ९७ लाखको बजेट विनियोजन गरेको छ । कर्णालीमा सुरुवाती चार महिनामा ७.११ प्रतिशत मात्रै खर्च भएको छ । गत आवमा सरकारले यही अवधिमा ७.६३ प्रतिशत रकम कार्यान्वयन गरेको थियो । चालूतर्फ ११.११ प्रतिशत बजेट खर्च भइसकेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ । चालूतर्फ १३ अर्ब ८० करोड २४ लाख बजेट विनियोजन गरिएको थियो । त्यसैगरी, १९ अर्ब ५७ करोड ७२ लाखबराबरको पुँजीगत बजेटमध्ये हालसम्म ५.२९ प्रतिशत अर्थात् ८४ करोड दुई लाख ९३ हजार मात्रै खर्च भएको छ ।

■ सुदूरपश्चिममा पुँजीगत खर्च ५.२३ प्रतिशत मात्रै

सुदूरपश्चिम प्रदेश सरकारले कात्तिक मसान्तसम्म कुल बजेटको ८.२० प्रतिशत खर्च गरेको छ । त्यसमा पुँजीगत खर्च ५.२३ प्रतिशत र चालू खर्च १२.६५ प्रतिशत रहेको प्रदेश लेखा नियन्त्रण कार्यालयले जनाएको छ । पुँजीगततर्फ विनियोजित १७ अर्ब दुई करोड २३ लाखमध्ये ८९ करोड दुई लाख खर्च भएको कार्यालयका सूचना अधिकारी यज्ञराज पाण्डेयले बताए । पुँजीगत खर्च न्यून हुनुले प्रदेशमा विकास निर्माणका अधिकांश योजना कार्यान्वयन सुस्त रहेको देखाएको छ । सरकारले चालूतर्फ विनियोजन गरेको ११ अर्ब ९४ करोड ३५ लाखमध्ये एक अर्ब ५१ करोड रुपैयाँ खर्च गरेको छ । प्रदेश सरकारले चालू वर्षका लागि कुल २९ अर्ब २६ करोड ५९ लाख ३२ हजार बजेट विनियोजन गरेको छ । बजेट कार्यान्वयनमा गए पनि रातो किताबमा समावेश योजना कार्यान्वयन गर्न ढिलाइ भएको मन्त्रालयको भनाइ छ ।

एकै दिन तीनपटक 'सर्किट ब्रेक'

दुई वर्षपछि १११ अंकले बढ्यो नेप्से



नयाँ पत्रिका

साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक उच्च अंकले बढेर कारोबार अवधिअगावै बन्द भएको हो । दुई वर्षपछि सेयर बजार उच्च अंकले बढेको हो ।

बजार खुलेदेखि नै उत्साहजनक रूपमा बढेपछि तीनपटकसम्म सर्किट ब्रेक लागेको थियो । नेप्से सूचक एक सय ११ दशमलव २० अंकले बढेर एक हजार नौ सय ६३ दशमलव ९८ विन्दुमा पुगेको छ । बजार खुलेको पाँच मिनेटमै ४ प्रतिशत बढेर पहिलो सर्किट ब्रेक लागेको थियो । पहिलो सर्किट ब्रेकपछि खुलेको एक मिनेटमै बजारमा दोस्रो सर्किट ब्रेक लागेको थियो । बजारमा कारोबार सुरु भएको एक घण्टा नबित्दै ४ प्रतिशतले मूल्य बढेमा २० मिनेट ब्रेक लाग्छ । त्यस्तै, दुई घण्टा नबित्दै ५ प्रतिशत बढे ४० मिनेटका लागि ब्रेक लाग्छ । जुनसुकै समयमै ६ प्रतिशतले बढेमा सो दिनकै लागि कारोबार बन्द हुन्छ । दुई वर्षअघि २८ मंसिर ०७८ मा नेप्से सूचक एक सय ३७ दशमलव १८ अंक अर्थात् ६ दशमलव शून्य १ प्रतिशतले बढेको थियो ।

आइतबार कारोबारमा आएका १३ वटै समूहका सूचक बढेका छन् । सबैभन्दा धेरै जलविद्युत् समूहको सूचक ८ दशमलव ६३ प्रतिशतले बढेको छ । विकास बैंक, फाइनान्स समूह र होटेल तथा पर्यटन समूह तथा लगानीगत समूहको सूचक ६ दशमलव ४९ प्रतिशतदेखि ६ दशमलव ७२ प्रतिशतले बढेको छ ।

■ ६ कम्पनीको सेयर मूल्यमा सर्किट

रिलायन्स फाइनान्स, जोशी हाइड्रो डेभलपमेन्ट कम्पनी, राप्ति हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन, शुभम् पावर, कालिञ्चोक दर्शन, इन्वा हाइड्रोपावरको सेयर मूल्य १० प्रतिशतले बढेर सकारात्मक सर्किट लागेको छ । छोटो समयमै बन्द भएको बजारमा १३ लाख ६७ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा ४८ करोड २४ लाख रुपैयाँको कारोबार भएको छ । सर्वाधिक कारोबार हुने कम्पनीमा माउन्टेन इनर्जी, सोनापुर मिनरल्स एन्ड आयल, नेपाल इन्स्योरेन्स, रिलायबल लाइफ इन्स्योरेन्स, सन नेपाल लाइफ इन्स्योरेन्स रहेका छन् । यी कम्पनीको एक करोड ७५ लाख रुपैयाँदेखि तीन करोड ५८ लाख रुपैयाँको कारोबार भएको छ ।

शुक्रबार राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामा सेयर धितो कर्जाको जोखिमभार १५० प्रतिशतबाट घटाएर १२५ बनाएको थियो । यससँगै लगानीकर्तामा सकारात्मक सन्देश प्रवाह भएको देखिएको छ । लगानीकर्ता छोटेलाल रौनियारले मौद्रिक नीति समीक्षाले लगानीकर्ताको मनोबल उच्च रहेको हुँदा बजार सकारात्मक बनेको बताए । उनले भने, 'बजारमा सर्किट ब्रेक लाग्नुको अर्थ लगानीकर्ताको मनोबल उच्च रहेको छ भन्ने देखिन्छ, लगानी गर्ने सही समय हुँदा बजार आगामी दिनमा सकारात्मक बन्नेछ ।'

'सर्किट ब्रेक' अस्वाभाविक

विज्ञहरू भने नेप्से परिसूचकमा यस्तो वृद्धि अस्वाभाविक भएको बताउँछन् । अहिले नेप्से परिसूचक बढ्नुको कारण मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षालाई लिइएको छ । मौद्रिकमा केही लचिलो नीति ल्याएको त छ । तर, यो दरमा सेयर बजार बढ्ने आधार भने नभएको नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरी बताउँछन् । हिजोआज अर्थतन्त्रमा कुनै उलेख्य परिवर्तन पनि नआएको हुनाले यसलाई स्वाभाविक मान्न नहुने उनको भनाइ छ । राष्ट्र बैंकको नीतिले सेयर कर्जा लिँदा हुने खर्च मात्रै घटाउने हो, त्यसले सूचीकृत कम्पनीको कार्यसम्पादनमा कुनै असर नगर्ने उनको भनाइ छ । उनले भने, 'तसर्थ, लगानीकर्ता सचेत हुनुपर्छ ।'

मौद्रिक नीतिले ब्याजदर घटाउने नीति पनि ल्याएको छ । तर, बैंकहरूले लामो समय अवधिको मुद्दती निक्षेप राखिरहेको हुनाले त्यसको असर तत्काल देखिने अवस्था छैन । समग्रमा सेयरमा सर्किट ब्रेक नै लाग्ने अवस्था नभएको उनको भनाइ छ । तर, अब सेयर बजार बढने वेला आएको एक विश्लेषकले बताए । 'अब करिब-करिब बियरिस समय सकिँदै छ । बैंकिङ क्षेत्रमा बढ्दै छ भने ब्याजदर पनि घटेको छ । सेयर कर्जासम्बन्धी नीति खुकुलो हुँदै गएको छ । त्योअनुसार बजार बढ्ने आधार तय हुन लागेको छ,' उनले भने, 'तर, अर्थतन्त्र भने शिथिल नै छ । तसर्थ, सामान्य नीतिगत परिवर्तन हुँदैमा यो स्तरको उग्र हुनुहुँदैन ।'

■ मौद्रिक नीति र सेयर बजारको सम्बन्ध

सेयर बजार र मौद्रिक नीति अर्थात् राष्ट्र बैंक फरक-फरक क्षेत्र हुन् । तर, व्यावहारिक रूपमा भने मौद्रिक नीति र सेयर बजार एक-आपसमा अन्तरसम्बन्धित छन् । मौद्रिक नीतिले समग्र अर्थतन्त्रको विकासबारे विभिन्न नीति ल्याएको हुन्छ । पुँजी बजार पनि अर्थतन्त्रको एउटा अंग हो, त्यो अवस्थामा मौद्रिक नीतिबाट पुँजी बजार कुनै न कुनै रूपमा प्रभावित हुन्छ । साथै, ब्याजदर र पुँजी बजार पनि एक-आपसमा अन्तरसम्बन्ध हुन्छ ।

ब्याजदर बढी हुँदा लगानीकर्ताले सेयर बिक्री गरेर मुद्दती निक्षेपमा राख्ने प्रवृत्ति छ । ब्याजदर कम हुँदा बैंकको पैसा झिकेर सेयर बजार, घरजग्गा, सुन तथा सट्टेबाजीजस्ता छोटो समयमै प्रतिफल दिने ठाउँमा लगानी गर्ने प्रवृत्ति अन्तर्राष्ट्रिय बजारमा छ । मौद्रिक नीतिले ब्याजदर घटाउने कि बढाउने भनेर पनि ठोस नीति ल्याउने गर्छ । त्यसले गर्दा पनि सेयर बजार र मौद्रिक नीति एक-आपसमा अन्तरसम्बन्धित हुन्छन् ।

नदीजन्य सामग्री उत्खनन प्रतिबन्धले राहुघाट निर्माण प्रभावित

काठमाडौं/ म्याग्दीको रघुगंगा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनाले ढुंगा-गिट्टी, बालुवा उत्खनन गर्ने नपाउँदा निर्माण प्रभावित भएको छ ।

आयोजनाको स्वीकृति प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदनमा उल्लिखित स्थानबाट उत्खनन गर्न नपाउँदा ढुंगा-गिट्टी, बालुवाको अभावमा निर्माण नै रोकिने अवस्था देखिएको छ । निर्माणका लागि आवश्यक नदीजन्य सामग्री कालीगण्डकी नदीबाट झिक्ने गरी आइइईमार्फत स्थानहरूको तय गरिएको थियो ।

सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको २९ असार ०७८ को एकल इजलासले कालीगण्डकी नदी धार्मिक, ऐतिहासिक तथा वातावरणीय महत्त्वको देखिएकाले रिटको अन्तिम टुंगो नलागेसम्म नदीको प्राकृतिक बहावलाई पथान्तरण गरी जलाशय बनाउने, प्रदूषण गर्ने, नदीजन्य पदार्थहरू निकाल्ने, शालिग्रामको चोरी-निकासी तथा विनास गर्नेलगायतका कार्य नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

निर्माणस्थलमा शनिबार पुगेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, उपकार्यकारी निर्देशक प्रदीपकुमार थिके सम्मिलित टोलीलाई आयोजना व्यवस्थापन र ठेकेदार कम्पनीहरूले सर्वोच्च अदाललको अन्तरिम आदेशका कारण आयोजना निर्माण प्रभावित भएको बताए ।

मन्त्री बस्नेतले आयोजनाको निर्माण प्रगति सन्तोषजनक नै रहेको बताउँदै नदीजन्य सामग्री उत्खननमा देखिएको समस्या समाधान गर्न पहल गरिने बताए । आयोजनाको निर्माण निर्धारित समयमा सम्पन्न गर्न उनले निर्देशनसमेत दिए ।

नमस्ते धवलागिरी बचत तथा ऋण सहकारी संस्था लि.

टोखा-५, गोंगबु, काठमाडौंको

ऋण/कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षकहरुमा ऋण लिई उपभोग गरेको ऋण/कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई ऋण/कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा ऋण/कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न अनुरोध सहित ताकेता गर्दा समेत ऋणीले तिर्न बुझाउनु पर्ने ऋण/कर्जाको सावाँ, ब्याज, हर्जना दैदस्तुरको रकम समेत चुक्ता÷भक्तानी नगरी आलटाल गरी ऋण/कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाएको हुनाले ऋण/कर्जा चुक्ता बुझाउन आउने यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र संस्थालाई बुझाउनुपर्ने ऋण/कर्जाको सावाँ, ब्याज, हर्जना समेत बुझाउन हुन सम्बन्धित ऋणी र धन जमानीकर्ताहरुलाई सूचित गरिन्छ । सो म्याद भित्र बक्यौदा भएको सम्पुर्ण ऋण/कर्जा रकम चुक्ता भुक्तान नगरेमा ऋण लिदाँ यस संस्थालाई लेखाई दिएको धितो लिलाम बिक्रि गरी यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरी लिने समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा वा कथम कदाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणीहरुको वा नीजहरुको एका घरसंगोल परिवारको नाममा रहेको चलअचल सम्पती तथा ऋण लिदाँ जमानी दिनेको नाममा रहेको वा नीजहरुको चलअचल सम्पती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम असुल उपर गरिलिने तथा ऋणीहरुलाई कालोसुचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

तपशिल

क्र.सं.	ऋणीको नाम, थर र ठेगाना	ऋणीको फोटो
१.	**नामः सरला श्रेष्ठ** बाबुको नामः महेश्वर श्रेष्ठ बाजेको नामः बाबुकाजी श्रेष्ठ पति/पत्नीको नामः अरविन्द्र महर्जन स्थायी ठेगानाः ठैव-५, ललितपुर हालको ठेगानाः ठैव-५, ललितपुर ना.प्र.नं.२२०७४ (जि.प्र.का ललितपुर) जारी मितिः २०६०/८/१५ कर्जा शिर्षकः हायर पर्चेज कर्जा	
२.	**नामः अनिल तिमल्सिना** बाबुको नामः प्रल्हाद प्रसाद तिमल्सिना बाजेको नामः हरि प्रसाद तिमल्सिना स्थायी ठेगानाः बेथानचोक गा.पा. ३, काभ्रेपलान्चोक हालको ठेगानाः टोखा-९, गोंगबु, काठमाण्डौ ना.प्र.नं.०१-०६८-२०५०५ (जि.प्र.का काभ्रेपलान्चोक) जारी मितिः २०६८/०३/१५ कर्जा शिर्षकः हायर पर्चेज कर्जा	
३.	**नामः दोरण कुमार गौचन** बाबुको नामः खिम बहादुर गौचन बाजेको नामः शेर बहादुर गौचन स्थायी ठेगानाः बोंगादोभान-१, बाग्लुङ हालको ठेगानाः का.म.न.पा १६, माछापोखरी, काठमाडौं ना.प्र.नं. ५२६१/७९ (जि.प्र.का बाग्लुङ) जारी मितिः २०५८/८/२७ कर्जा शिर्षकः व्यापारिक कर्जा	
४.	**नामः झरण गौचन** बाबुको नामः खिम बहादुर गौचन बाजेको नामः शेर बहादुर गौचन स्थायी ठेगानाः बोंगादोभान-१, बाग्लुङ हालको ठेगानाः का.म.न.पा १६, माछापोखरी, काठमाडौं ना.प्र.नं.७९/३०६१ (जि.प्र.का बाग्लुङ) जारी मितिः २०५७/१/२० कर्जा शिर्षकः व्यापारिक कर्जा	
५.	**नामः योगेन्द्र बहादुर थापा** बाबुको नामः खड्क बहादुर थापा क्षेत्री बाजेको नामः धन बहादुर थापा स्थायी ठेगानाः ज्यामरुककोट-४, म्यार्दी हालको ठेगानाः का.म.न.पा १६, माछापोखरी, काठमाडौं ना.प्र.नं.१४७१ (जि.प्र.का म्यार्दी) जारी मितिः २०६३/०७/०२ कर्जा शिर्षकः व्यापारिक कर्जा	
६.	**नामः भगवति रेग्मी पन्त** बाबुको नामः जोगदत्त रेग्मी बाजेको नामः श्रीधर रेग्मी पति/पत्नीको नामःरेसम मूर्ति पन्त स्थायी ठेगानाः भरतपुर-११, चितवन हालको ठेगानाः टोखा-९, गोंगबु, काठमाडौं ना.प्र.नं.३५-०१-७१-०६१०७ (जि.प्र.का चितवन) जारी मितिः २०७१/०६/२३ कर्जा शिर्षकः व्यापारिक कर्जा	
७.	**नामः आशादेवि श्रेष्ठ** बाबुको नामः राम बहादुर श्रेष्ठ बाजेको नामः बुद्धिमान श्रेष्ठ पति/पत्नीको नामः होमप्रसाद श्रेष्ठ स्थायी ठेगानाः भानुमति-७, तनहुँ हालको ठेगानाः टोखा-११, गोंगबु, काठमाडौं ना.प्र.नं. ९४६३७ (जि.प्र.का तनहुँ) जारी मितिः २०६३/०७/१२ कर्जा शिर्षकः व्यापारिक कर्जा	
८.	**नामः उषा चौधरी** बाबुको नामः राम बहादुर श्रेष्ठ बाजेको नामः बुद्धिमान श्रेष्ठ पति/पत्नीको नामः पदुमराज चौधरी स्थायी ठेगानाः सरावल-८, नवलपरासी हालको ठेगानाः टोखा-९, गोंगबु, काठमाडौं ना.प्र.नं.७८८४६ (जि.प्र.का नवलपरासी) जारी मितिः २०६२/१/१९ कर्जा शिर्षकः व्यापारिक कर्जा	
९.	**नामः उत्सव श्रेष्ठ** बाबुको नामः उत्तम कृष्ण श्रेष्ठ बाजेको नामः अम्मर बहादुर श्रेष्ठ स्थायी ठेगानाः भीमेश्वर-३, दोलखा हालको ठेगानाः टोखा-९, काठमाडौं ना.प्र.नं.२८८०३(जि.प्र.का दोलखा) जारी मितिः २०६०/१/२८ कर्जा शिर्षकः विविध कर्जा	

ग्लोबल आइएमई बैंकका चार नयाँ शाखा

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले एकैसाथ चारवटा नयाँ शाखा कार्यालय सञ्चालनमा ल्याएको छ। बैंकले काठमाडौंको बुढानीलकण्ठ र दहचोक, चितवनको शरदपुर तथा तनहुँको आबुखैरेनीमा नयाँ शाखा सञ्चालनमा ल्याएको हो।

नयाँ शाखाबाट सम्पूर्ण बैंकिङ सेवा उपलब्ध भइसकेको बैंकले जनाएको छ।

नयाँ चार शाखासहित बैंकले देशभरमा तीन सय ५५ शाखा, तीन सय ७६ एटिएम, दुई सय ७४ शाखारहित बैंकिङ सेवा, ६५ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

यसका साथै बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङलगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको जनाएको छ।

सिबिआइएल सेक्युरिटिज सञ्चालनमा

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलको स्वामित्वमा भएको सिबिआइएल सेक्युरिटिजले धितोपत्र कारोबार सुरु गरेको छ। बैंकका अध्यक्ष प्रबलजंग पाण्डेले कम्पनीको उद्घाटन गरेका हुन्।

उद्घाटनसँगै कम्पनीले टिएमएस सेवा सञ्चालनमा आएको जनाएको छ। उद्घाटनपछि बैंकका अध्यक्ष पाण्डेले संस्थाको पूर्ण सफलताको कामना गर्दै धितोपत्र बजारमा सिबिआइएल सेक्युरिटिजले आफ्नो छुट्टै पहिचान बनाउने दाबी गरे। साथै, बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले यस संस्था सिटिजन्स बैंकको पूर्ण स्वामित्वमा खोलिएको पहिलो संस्था भएको जानकारी दिए। आगामी दिनमा अरू विभिन्न किसिमका सेवा-सुविधा ग्राहकमाझ ल्याउने गरी थप संस्थाहरूको स्थापना गर्न सकिने उनको भनाइ थियो। संस्था बैंकको कुपन्डोलमा रहेको आफ्नै भवनमा सञ्चालनमा ल्याइएको हो।



कम्पनीले आफ्ना ग्राहकलाई ब्रोकर खाता खोल्ने सेवालगायत डिम्याट खाता तथा केन्द्रीकृत केवाइसी खोल्ने सेवासमेत प्रदान गरिने व्यवस्था रहेको जनाइएको छ। ग्राहकले बैंक खाता खोल्न तथा सेयर धितो कर्जासमेत एकै भवनवाट सेवा प्राप्त गर्न सक्ने उल्लेख छ। निकट भविष्यमा देशका विभिन्न प्रदेशमा शाखा खोली उच्चस्तरको धितोपत्र दलाल सेवा प्रदान गर्ने उद्देश्य लिएको जनाइएको छ।

एकीकृत बचत तथा ऋण सहकारी संस्था लिमिटेड

का.म.न.पा. ०५, काठमाडौं फोन नं. ०१-५१०४१०१

ऋण चुक्ता गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/८/२६

यस संस्थाबाट तपसिलमा उल्लेखित व्यक्तिहरूले आफ्नो व्यवसाय सञ्चालन गर्न विभिन्न कर्जा शीर्षकअन्तर्गत तपसिलको घरजग्गा तथा सवारीसाधन धितो राखी ऋण लिएकोमा भाखाभित्र ब्याज तथा हर्जानासहित साँवा रकम चुक्ता गर्न पटक-पटक सम्बन्धित व्यक्तिलाई मौखिक तथा लिखित रूपमा ऋण चुक्ता गर्न अनुरोधसहित ताकेता गर्दासमेत बेवास्ता गरी यस संस्थासँग लिएको ऋण, ब्याज तथा हर्जाना तिर्न बुझाउन नआएको तथा सो तिरी बुझाइसकेको प्रमाणसमेत पेस गर्न नआएको हुँदा यस संस्थाको विनियमावली, कार्यविधि, सहकारी ऐन, २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी यस संस्थालाई धितो सुरक्षणस्वरूप लेखिदिएको तपसिलबमोजिमको सवारीसाधन तथा घरजग्गा जेजस्तो अवस्थामा छ, सोही अवस्थामा स्विकार्ने गरी निम्न मिति, समय र स्थानमा लिलाम बिक्रीमा डाँक बढाबढ गरी लिन इच्छुक महानुभाव सबैको जानकारीका लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, सम्बन्धित ऋणीहरूलाई धितो लेखिदिने व्यक्ति र व्यक्तिगत धन जमानत दिने व्यक्तिहरूले यस संस्थालाई तिर्न बुझाउनुपर्ने ऋणको दायित्व तिरो तिर्न लगाई फुकुवा गर्न चाहेमा लिलाम हुनुअघि नै चुक्ता गर्न अन्तिम मौकासमेत दिइनेछ। यस संस्थामा धितो राखिएको सम्पत्तिबाट पनि संस्थालाई बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना असुलउपर नभएमा सम्बन्धित ऋणीहरू तथा निजका परिवारका अन्य व्यक्तिहरूको नाउँमा रहेको जायजेथाबाट समेत असुलउपर गरिनेछ। उक्त म्यादभित्र समेत कर्जा चुक्ता नभएमा धितो लिलाम गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

क. सं.	ऋणीको नाम थर ठेगाना तथा तीनपुस्ते विवरण	फोटो	संस्थामा रहेको धितोको विवरण	व्यक्तिगत जमानी दिनेको नाम तथा ठेगाना
१	**नाम : कुमार तामाङ** बाबु : काले तामाङ बाजे : सेते तामाङ ना प्र प नं. : २६३०४५/७७३ स्थायी ठेगाना : नौबिसे-४ धार्दिङ		ना.३.ख.७९९५ इन्जिन नं. 80H62703568 चेसिस नं.388374HRZ128280 को कन्टेनर गाडी	**नाम : सूर्य ब. तामाङ** बाबु : शम्भु तामाङ बाजे : कृष्ण ब. तामाङ ना.प्र.प. नं. : १६४३१ स्थायी ठेगाना : नौबिसे, धार्दिङ
२	**नाम : माया कार्की** बाबु : मानबहादुर कार्की बाजे : वीर ब. कार्की ना.प्र.प.नं. : ५७१८३-२११००५ स्थायी ठेगाना : ठोसे -८ रामेछाप		जग्गा : रोक्का मिति ०७६।०५।०९ गागलफेदी, नक्सा सिट नं. ५/५ख किल्ला नं. २६० क्षेत्रफल ०-३-०-२	**नाम : बिजय लामा** बाबु : सेतो लामा बाजे : मान ब. लामा ना.प्र.प. नं. : ९६६८ स्थायी ठेगाना : का.म.न.पा. ३४

धितो लिलाम डाँक बढाबढसम्बन्धी अन्य सर्तहरू :

१. ऋण चुक्ता गर्नका लागि अन्तिम मौकास्वरूप समय प्रदान गरी संस्थाको तर्फबाट प्रस्तुत सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र कर्जा चुक्ता हुन नसकेमा ३७ दिन अर्थात् मिति २०८०/१०/२ गते मंगलबारका दिन (उक्त दिन कुनै कारणवश बिदा परेलगत्तै कार्यालय खुलेको दिन) दिनको १ बजे संस्थाको सदस्य सेवा कार्यालय नरेफाँटको कार्यालयमा लिलामी डाँक बढाबढसम्बन्धी कार्य हुनेछ।
२. रकम कबुल गर्दा कुनै सर्त राख्न पाइनेछैन।
३. लिलाम डाँक बढाबढमा भाग लिन इच्छुक व्यक्ति स्वयं आफ्नो नागरिकता लिएर उपस्थित हुनुपर्नेछ। संगठित संस्थाको हकमा रीतपूर्वकको अख्तियारी तथा संगठित संस्थाको दर्तासँग सम्बन्धित कागजातसहित उपस्थित हुनुपर्नेछ। संस्थाले बोलकबोल अंक स्वीकृत गरेको खण्डमा सोही व्यक्ति वा संगठित संस्थाको हकमा रीतपूर्वकको अख्तियारी तथा संगठित संस्थाकै नाममा सम्पत्ति दाखिल खारेज गर्न सिफारिस पठाउनेछ।
४. लिलाम डाँक बढाबढ सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थाले आफूले कबुल गरेको रकमको १०% हुन आउने रकम नगदै धरौटीबापत यस संस्थामा तत्काल जम्मा गर्नुपर्नेछ।
५. लिलाम बढाबढमा सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थालाई धितो रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ।
६. सबैभन्दा बढी रकम कबुल गर्ने व्यक्ति वा संगठित संस्थालाई सम्पत्ति बिक्री गर्ने वा नगर्ने निर्णय संस्थाले डाँक बढाबढ भएको सात दिनभित्र गरी सोको सूचना बोलकबोलवालालाई दिइनेछ र बोलकबोलवालाले त्यसको सूचना प्राप्त गरेको १५ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम नबुझाएमा धरौटीबापत रकम स्वतः जफत हुनेछ।
७. सम्पत्तिको स्वामित्व हस्तान्तरणका लागि संस्थाले पत्राचार नगर्दाको अवस्थासम्मको कुनै पनि अवस्थामा ऋणीले सम्पूर्ण रकम बुझाएमा लिलाम डाँक बढाबढसम्बन्धी सम्पूर्ण प्रक्रिया जुन अवस्थामा पुगेको छ सोही अवस्थामा सोही समयमा रद्द गरी धरौटी रकम फिर्ता गर्न सकिनेछ।
८. सम्पत्ति दाखिल खारेज नामसारी गर्दा लाग्ने सम्पूर्ण दस्तुर वा राजस्व लिलाम सकार गर्नेले तिर्नुपर्नेछ।
९. लिलाम डाँक बढाबढमा भाग लिने व्यक्ति वा संगठित संस्थाले माथि उल्लिखित धितोमध्ये सम्पूर्ण सवारीसाधन बोलकबोल गर्नुपर्नेछ ।
१०. माथि उल्लेखित धितो तोकिएको समयमा लिलाम बढाबढ हुन नसकेको अवस्थामा संस्था आफैंले स्विकारी पछि जोकोहीलाई बिक्री गर्न सक्नेछ।

अन्य थप जानकारीका लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्नहुन अनुरोध गरिन्छ ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कटारी, उदयपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८०/०८/२५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति २०८०/०८/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/०५/२४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व पछ्युाँट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८०/०८/०७ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्यूनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरुलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिनेछ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको **जि.के. जेनरल स्टोर्स**।

प्रोप्राइटर : गोकर्ण दनुवार

व्यक्तिगत जमानीकर्ताको विवरण

१. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **गोकर्ण दनुवार** (ना.प्र.नं.१९७, जारी मिति २०६२/०१/१२, जि.प्र.का. उदयपुर)।	२. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **विर बहादुर दनुवार** (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर)।
३. विर बहादुर दनुवारको बुहारी, सुमन दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **धन माया दनुवार** (ना.प्र.नं. १४-०२-७४/०११८७, जारी मिति २०७४/०४/३२, इ.प्र.का.कटारी, उदयपुर)।	४. विर बहादुर दनुवारको बुहारी, यम बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **पर्मिला दनुवार** (ना.प्र.नं. १४२०३६/४१८०, जारी मिति २०७२/०३/२१, इ.प्र.का. कटारी, उदयपुर)।
५. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **सुमन दनुवार** (ना.प्र.नं. १४१०३६/१०१३१४, जारी मिति २०६६/११/०४, जि.प्र.का. उदयपुर)।	६. विर बहादुर दनुवारको बुहारी, दल मान दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **दिल कुमारी दनुवार** (ना.प्र.नं. १४-०७-०३६/२६९, जारी मिति २०६३/११/०७, जि.प्र.का. उदयपुर)।
७. मैत बहादुर दनुवारको बुहारी, विर बहादुर दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **लाली दनुवार** (ना.प्र.नं. २१५४, जारी मिति २०४३/०९/२८, जि.प्र.का. उदयपुर)।	८. मैत बहादुर दनुवारको नाती, विर बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०५ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **यम बहादुर दनुवार** (ना.प्र.नं. ५१६९२/३४८०, जारी मिति २०५८/०७/१६, जि.प्र.का. उदयपुर)
९. विर बहादुर दनुवारको बुहारी, गोकर्ण दनुवारको पत्नी, उदयपुर जिल्ला, साविक कटारी गा.वि.स./न.पा. वडा नं. ०७ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने **रिता दनुवार** (ना.प्र.नं. १४२०३६/४४०१, जारी मिति २०७२/०४/२८, इ.प्र.का. कटारी, उदयपुर)।	

धितोको विवरण

१. उदयपुर जिल्ला, कटारी न.पा./गा.पा. वडा नं. ०५, कटारी स्थित रजिष्टर्ड कार्यालय रही प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, उदयपुरमा मिति २०७०/०५/०४ मा प्रा.फ.र.नं. १०५५/०७०/७१ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लाहान र करदाता सेवा कार्यालय, गाईघाटमा मिति २०६९/०४/२४ मा स्थायी लेखा नम्बर (PAN) ६००६८१९१३ अन्तर्गत दर्ता कायम भएको जि.के. जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

२. मान बहादुर दनुवारको नाती, मैत बहादुर दनुवारको छोरा, उदयपुर जिल्ला, साविक कटारी गाउँ पञ्चायत वडा नं. ०८ स्थायी ठेगाना भई हाल उदयपुर जिल्ला, कटारी न.पा. वडा नं. ०४ बस्ने विर बहादुर दनुवार (ना.प्र.नं. २१५३/२३६३, जारी मिति २०४३/०९/२२, जि.प्र.का. उदयपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको उदयपुर जिल्ला साविक कटारी गा.वि.स./न.पा. वडा नं. ८ हाल उदयपुर जिल्ला, कटारी गा.पा. वडा नं. ०४ स्थित कि.नं. १५६९, ३४२८ र २२९ को क्षेत्रफल क्रमशः ०-०-५-०, ०-३-१५.५-० र ०-३-६-० (बिघा) बमोजिमको जग्गा एवं सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८०/०९/०१ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०९/०२ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कटारी, उदयपुरमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank

शाखा कार्यालय : कटारी, उदयपुर
फोन : ०३५-४५०४३४
Website : www.siddharthabank.com

प्रभु क्यापिटलका ग्राहकलाई आगन्तुक रिसोर्टमा छुट



काठमाडौं/ प्रभु क्यापिटलका हितग्राही ग्राहकले आगन्तुक रिसोर्टमा छुट पाउने भएका छन्। क्यापिटलले आफ्ना ग्राहकलाई छुट दिलाउने उद्देश्यले रिसोर्टसँग सम्झौता गरेको हो।

सम्झौतामा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचन तथा रिसोर्टका मार्केटिङ डाइरेक्टर सुरज विष्टले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौताअनुसार प्रभु क्यापिटलमा हितग्राही खाता खोलेका ग्राहकले आगन्तुक रिसोर्टबाट सेवा लिँदा सबै सेवामा १५ प्रतिशत छुट पाउने जनाइएको छ। छुट अफर २३ मंसिर ०८१ सम्म लागू हुने जनाइएको छ।

छुट पाउनका लागि हितग्राही ग्राहकले रिसोर्टमा प्रभु क्यापिटलमा आफ्नो डिम्याट खाता रहेको आधिकारिक प्रमाण तथा आफ्नो आइडी कार्ड देखाउनुपर्ने र यसका आधारमा रिसोर्टले ग्राहकलाई प्रिभिलेज कार्ड दिने उल्लेख छ।

बनेपा नगरपालिकाको भ्युटावर मार्गमा रहेको आगन्तुक ७२ रोपनीमा फैलिएको छ। चार वर्षअघि मात्र स्थापना भएको यो रिसोर्ट बुटिक स्टाइल चार स्टार डिलक्स रिसोर्टका रूपमा उत्कृष्ट सेवा प्रदान गर्ने एक प्रमुख रिसोर्ट बनेको दाबी गरिएको छ।

नेपाल एसबिआई मर्चेन्टको नयाँ योजना

काठमाडौं/ नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडले स्थापनाको आठौं वर्ष पूरा गरी नवौं वर्षमा प्रवेश गरेको अवसर पारेर नयाँ योजना ल्याएको छ। कम्पनीले नयाँ डिम्याट खाता तथा मेरो सेयर खाता खोल्दा र नवीकरण गर्दा पाइने छुट योजनाको अवधि थप गरेको हो।

यो योजना सीमित अवधिका लागि मात्र गरिएको कम्पनीको भनाइ छ। साथै, नेपाल एसबिआई मर्चेन्ट बैंकिङ लिमिटेडले आगामी दिनहरूमा अझ सर्वसुलभ र ग्राहकमैत्री सेवा प्रदान गर्दै जाने प्रतिबद्धता जनाएको छ।

एनआइसी एसिया लघुवित्तको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडले १० दिनमा १२ ठाउँमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले १४ मंसिरदेखि सिसहनिया, छिन्चु, सिम्ली, थलह, बर्डिङचौर, जुम्ला, नारायणपुर, दुर्गौली, पीपलटार, फर्पिङ, अमरगढी, भिमाद शाखामार्फत वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको हो।

लघुवित्तले विद्यार्थीमा वित्तीय चेतना अभिवृद्धि गराउने उद्देश्यका साथ संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत दर्जनभन्दा बढी विद्यालयका तीन सयभन्दा बढी विद्यार्थीलाई वित्तीय साक्षरतासम्बन्धी जानकारी दिएको जनाएको छ। कार्यक्रमले विशेष गरेर बालबालिका एवं युवा वर्गमा वित्तीय ज्ञान अभिवृद्धि गर्न मद्दत पुगेको संस्थाको भनाइ छ।

वित्तीय सेवा र पहुँचको अवसरबाट वञ्चित दुर्गम ग्रामीण क्षेत्रमा बसोवास गर्ने सर्वसाधारण र वित्तीय कारोबारबारे अनभिज्ञ विद्यार्थी भाइबहिनीलाई केन्द्रविन्दुमा राख्नुपर्ने ठहरका साथ बालबालिकामा विद्यालय तहमै वित्तीय प्रणालीको आधारभूत ज्ञान हासिल गराउने उद्देश्यले कार्यक्रम गरिएको संस्थाको भनाइ छ। आउँदा दिनहरूमा यो कार्यक्रम थप प्रभावकारी हुने संस्थाले अपेक्षा गरेको छ। संस्थाले हाल दुई सय ८९ शाखामार्फत वित्तीय सेवा दिँदै आएको जनाएको छ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ, फोन नं.: ०१-४४२३४३२/३४/३६

को

गैर-बैंकिङ्ग सम्पति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

(प्रकाशित मिति २०८०/०८/२५ गते)

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर-बैंकिङ्ग सम्पतिहरु (घर र जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी काठमाण्डौ स्थित कर्जा असुली विभागमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

तपसिल

गैर-बैंकिङ्ग सम्पतिको विवरण

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. २९ स्थित कित्ता नं. ५०० को क्षेत्रफल १५१.०१ व.मि.को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय चाबहिल, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, साबिक गोठाटार गा.वि.स/न.पा वडा नं. ८ स्थित कित्ता नं. २१ को क्षेत्रफल २५३.२० व.मि.को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय साँखु, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, साबिक थलिडांछी गा.वि.स/न.पा वडा नं. ६ (सिट नं. ६/ख) स्थित कित्ता नं. १३६१ को क्षेत्रफल १५६.२८ व.मि.को घर र जग्गा तथा सो घर र जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौको लगतमा दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ९८ (नक्सा सिट नं. १०२१०५४२१) स्थित कित्ता नं

भन्सारको एक्सरे...

पृष्ठ १ बाट क्रमशः

रहेको कुनै संकेत दिएन । भन्सारको चेक पोइन्टबाट सजिलै बाहिरिए । जब उनी गन्तव्यतर्फ जान तयारीमा जुटे, शंका लागेपछि प्रहरी टोलीले पक्राउ गऱ्यो । कपडा खोल्न लगाएर हेर्दा शरीरको भित्री भागमा लुकाएको अवस्थामा ६.५६५ केजी अर्धठोस अवस्थाको सुन फेला पऱ्यो । शुक्रबार राति फ्लाई दुबईको एफजेट ५७३ जहाजमा गोरखाका चन्द्र घलेले बोकेर ल्याएको १४ केजी सुन भने पूर्वसूचनाका आधारमा भन्सार कर्मचारीले नै बरामद गरेका थिए ।

गत २ साउनमा पनि विमानस्थल भन्सारको 'चेक पोइन्ट' पार गरेपछि मात्रै ६०.७१६ केजी सुन बरामद भयो । स्कुटर र मोटरसाइकलको 'ब्रेकसु'भित्र लुकाइएको उक्त सुनलाई भन्सारमा राखिएको 'एक्सरे' र 'वाक थ्रु गेट'ले चिनेनन् । सोही तरिका अपनाएर दुई महिनाको अवधिमा सोही 'चेक पोइन्ट' हुँदै थप ३०२.०६२ केजी सुन पास भएको अनुसन्धानबाट खुल्यो । यति ठूलो परिमाणको सुन तस्करी हुँदा ती मेसिनले पत्तै पाएनन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारका 'एक्सरे' र 'वाक थ्रु गेट'गत १० पुसको ११ केजी सुन तस्करीमा पनि बेकामे बनेका थिए । उक्त दिन फ्लाई दुबईको जहाजबाट झरेका चिनियाँ नागरिक ली हानसोङ ई-सिगरेट (विद्युतीय चुरोट) बोकेर भन्सारको 'चेक पोइन्ट' पुगे । उनले प्रत्येक ई-सिगरेटलाई 'एक्स रे मेसिन'मा हाले । तर, ई-सिगरेटभित्र लुकाई राखिएको ११ केजी सुन एक्सरे मेसिनले पहिल्याउन सकेन ।

त्यसको दुई दिनअघि ८ पुसमा अर्धठोस अवस्थाको १९ केजी सुन विमानस्थल भन्सारबाहिर बरामद भयो । फ्लाई दुबईको जहाजबाट विमानस्थल झरेका सुडानी नागरिक मोहम्मद महमेदले डफला साराफेन्दिनले उक्त सुन कपडामा स्प्रे गरेर ल्याएका थिए । भन्सारको 'चेक पोइन्ट'बाट बाहिरिने क्रममा पक्राउ परेका उनलाई पनि 'एक्सरे' र 'वाक थ्रु गेट'दुवैले शंकास्पद देखेनन् ।

विमानस्थल भन्सार कार्यालय र सुरक्षा निकाय पनि शंकास्पद वस्तु पहिचान गर्ने मेसिनमा कैफियत देखिएको स्वीकार गर्छन् । विमानस्थल भन्सार कार्यालय प्रमुख टोकराज पाण्डेले भने, 'हामीकहाँ प्रयोग भएको एक्सरे मेसिन अन्तर्राष्ट्रिय मापदण्डअनुसारकै हो । तर, सुन बरामदको पछिल्लो घटनाले त्यसमा केही कैफियत भएको हो कि जस्तो देखिन्छ । अर्धठोस अवस्थाको सुनलाई यसले पहिल्याउन सकेको देखिएन । तस्करले अनेक केमिकल प्रयोग गर्छन्, त्यसैले पनि यस्तो समस्या आएको हुन सक्छ । जे होस्, हामीकहाँ भएको 'एक्सरे मेसिन'को सम्बन्धमा पुनर्विचार गर्नुपर्ने अवस्था आएकै हो ।'

विमानस्थल सुरक्षा कार्यालयका प्रमुख डिआइजी अर्जुन चन्द पनि तस्करीको अधिकांश सुन 'एक्सरे' र 'वाक थ्रु गेट' मेसिनमा चेकजाँच गरेर बाहिरिएपछि मात्रै बरामद भएको बताउँछन् । शंकास्पद व्यक्तिबारे कतिपय अवस्थामा पूर्वसूचना आउने भएकाले प्रहरीले निगरानीमा राख्ने र खानतलासी गर्दा सुन भेट्ने गरिएको उनले बताए । 'भन्सारको चेक पोइन्ट पास गरेर बाहिर आएका यात्रुबाट सुन बरामद भएका छन् । यसको अर्थ भन्सारमा प्रयोग गरिएको 'एक्सरे' र 'वाक थ्रु गेट'ले काम गर्न नसकेको भन्ने हो । हुन पनि अर्धठोस अवस्थाको सुनलाई हामीकहाँ प्रयोग गरिएको 'एक्सरे' र 'वाक थ्रु गेट'ले पहिचान नगर्ने रहेछ,' उनले भने । उनका अनुसार शनिबार मात्र इजिप्टेली नागरिकको साथबाट बरामद ६.५६५ केजी सुन पनि पूर्वसूचनाका आधारमा पहिचान भएको हो ।

भन्सार विभागका महानिर्देशक शोभाकान्त पौडेल पनि त्रिभुवन विमानस्थलमा जडित प्रविधि कमजोर भएको स्वीकार गर्छन् । 'कतिपय अवस्थामा हाम्रो एक्सरे मेसिनले सुन डिटेक्ट नगर्ने कुरा साँचो हो । सुन तस्करहरूले लेपन लगाउनेदेखि अनेक विधिको प्रयोग गर्छन्, त्यसअनुसारको हाम्रो प्रविधि छैन,' उनले भने, 'हामीले तत्काल नयाँ एक्सरे मेसिन खरिद गर्नुपर्छ भनेका छौं । यसका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई ६ करोड रुपैयाँ दिइसकेका छौं । तस्करी नियन्त्रणका लागि प्रविधिको सुधारमा लागेका छौं ।' उनी विमानस्थलमा घैरै निकाय भएकाले पनि सुन तस्करीमा साँठगाँठको सम्भावना हुन सक्ने बताउँछन् । 'अर्को कुरा विमानस्थलमा सयवटा निकाय छन् । कतिपय निकायको सुन तस्करी गर्ने समूहसँग हिमचिम नहोला भन्न सकिन्न,' उनले भने, 'जसकारण अन्य बाटोबाट पनि पास भएको हुन सक्छ ।'

दिनदिनैजसो सुन बरामद

शनिबार र शुक्रबार राति त्रिभुवन विमानस्थलबाट मात्रै होइन, शुक्रबार दिउँसो उपत्यकाको मुख्य नाका नागढुंगाबाट दुई केजी सुन बरामद भएको थियो । सुन तस्करीमा संलग्न रसुवाको गोसाइँकुण्ड गाउँपालिका- ५ का २६ वर्षीय बिरू तामाङ, २१ वर्षीय सुनील भुजेल र २८ वर्षीय म्याल्छिरिङ तामाङ पक्राउ परेका थिए । यही घटनामा संलग्न रहेको भन्दै आइतबार प्रहरीले चिनियाँ नागरिक चेन झिवीलाई पनि पक्राउ गरेको छ । उनीहरूले उक्त सुन रसुवा नाका हुँदै काठमाडौं ल्याएका थिए । प्रहरीका अनुसार उनीहरूले बागमती प्रदेश-०१ ०२८ च २६९७ को स्कार्पियोभित्र गियर बक्समा लुकाएर सुन ल्याएका थिए ।

उता, २९.७६ तोला सुनसहित बर्दियाबाट दुईजना पक्राउ परेका छन् । बाँकेको नेपालगन्ज उपमहानगरपालिका- १९ का २९ वर्षीय मोहन विक र बाँके राप्ती-सोनारी गाउँपालिका- २ का सवारीधनी ३८ वर्षीय देविन्द्रबहादुर घर्ती पक्राउ परेका हुन् । प्र-३-०१-०२३ ८१६८ नम्बरको हुन्डाई कारमा सवार उनीहरूलाई शनिबार बारबर्दिया नगरपालिका- ९ कर्तनियामा चेक पोइन्टबाट पक्राउ गरिएको बर्दिया प्रहरी प्रमुख सुधीरराज शाहीले बताए । पक्राउ परेका विक र घर्तीलाई सुनका गरगहनासहित थप अनुसन्धानका लागि राजापुर भन्सार कार्यालयमा बुझाइएको उनले बताए ।

गत साता मंगलबार (१९ मंसिर)मा पनि प्रहरीले तस्करी भएर आएको ७.१८५ केजी सुन न्युरोडबाट बरामद गरेको थियो । ओम पर्ल गोल्ड र कैलाश ज्वेलर्स सञ्चालन गर्दै आएका पदम पाण्डेले आफ्नो पसलबाट तस्करीको सुन बिक्री गर्दै आएको प्रहरीको दाबी छ । पाण्डेलाई आधार बनाएर सुन सप्लाई गर्ने समूहमाथि अनुसन्धान भइरहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । हाल प्रहरी थुनामा रहेका पाण्डेले हुन्डीको पनि कारोबार गर्दै आएका थिए ।

प्रहरीले गत १३ असोजमा पनि दोलखाको उत्तरी फलेक नाका हुँदै तस्कर भई आएको ११ केजी सुन बरामद गरेको थियो । उक्त सुन चिनियाँ व्यापारी ६६ वर्षीय टासी दावा भनिने आगर लामा र गेङ राउले नेपाल भित्र्याएका थिए । घटनामा संलग्न १५ अभियुक्तलाई प्रहरीले पक्राउ गरेर अनुसन्धान थालेपछि खुल्यो- उक्त समूहले वर्षदिनभित्र सोही नाकाबाट ३३ केजी सुन तस्करी गरिसकेको रहेछ । सोही घटनाको अनुसन्धानमा संलग्न प्रहरी टोलीले रसुवाको केरुङ नाकाबाटै थप दुई किलो सुन बरामद गरेको थियो ।

रुसी सेनामा...

पृष्ठ १ बाट क्रमशः

भयो भन्ने प्रश्न उठेको छ । सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले मूल्यांकन प्रक्रिया रिभ्यु गरेका कारण यस्तो नतिजा आएको बताए । 'पहिलाको मूल्यांकन प्रक्रियामा आफ्कोन्स- ३ एचसी जेभीमा हाई हिमालय हाइड्रो कन्स्ट्रक्सनको केही समस्या देखिएको थियो । पछिल्लो मूल्यांकनमा त्यो समस्या देखिएन, त्यसैले मूल्यांकन रिभ्यु गर्ने क्रममा उत्तीर्ण भयो,' उनले भने ।

तर, पिपिआरसीका एक उच्च अधिकारी सार्वजनिक खरिद ऐनको दफा ५० अनुसार पनि मूल्यांकनमा असन्तुष्टि देखाएर निवेदन दिने कम्पनीको मात्रै पुनः मूल्यांकन हुने भएकाले पिपिआरसीको निर्णय कालिका जेभीको हकमा मात्रै लागू हुने बताउँछन् । सेनाले के कारण सबैको पुनः मूल्यांकन गऱ्यो जानकारी नभएको उनको भनाइ छ । 'अरू कम्पनीले रिभ्युका लागि आवेदन नै दिएका थिएनन् । कालिका जेभीले मात्रै दिएको हुनाले सोही कम्पनीलाई मात्रै लागू हुने गरी निर्णय गरेको हो । सार्वजनिक खरिद ऐनको दफा ५० मा पनि जसले न्याय माग्न आएको हो, उसैलाई न्याय दिलाउने भन्ने स्पष्ट छ,' उनले भने, 'तर, सेनाले के-कसरी टेन्डर अघि बढायो, त्यसबारे भने हामीलाई जानकारी छैन ।'

पिपिआरसीका अध्यक्ष मोहन सापकोटाले भने यसबारे कुनै प्रतिक्रिया दिन चाहेनन् । सार्वजनिक खरिद अनुगमन कार्यालय (पिपिएमओ)का प्रवक्ता विष्णुप्रसाद शर्माले भने यो पिपिआरसीको विषय भएकाले उतैबाट जानकारी लिन भन्दै पन्छिए ।

एक पूर्वसचिवले पनि पुनः मूल्यांकनका लागि निवेदन नै नदिएको कम्पनीको पुनः मूल्यांकन गरिनु गलत अभ्यास भएको बताए । 'यो घटनाबारे म अनभिज्ञ छु । तर, जसले मलाई मर्का परेको छ भनेर पिपिआरसीमा आवेदन नै दिएको छैन । उसलाई पुनः मूल्यांकन गरेर उत्तीर्ण गर्नु गलत प्रवृत्ति हो,' उनले भने, 'यसले गतल नजिर स्थापित गर्छ । न्याय जसले माग्छ, उसलाई दिने हो । न्याय नमागेकालाई न्याय दिने होइन ।'

त्यस्तै, सेनाले प्राविधिक मूल्यांकनमा पास भएको ब्रर्जागुरु कन्स्ट्रक्सन कम्पनी र विष्णु प्रकाश आर पुंगलिया लिमिटेड (भिपिआरपिएल-बिजिसिसिपिएल) जेभीलाई भने पुनः मूल्यांकनमा फेल गराएको छ । सुरुको मूल्यांकनमा पास भएको कम्पनी पुनः मूल्यांकनमा कसरी फेल भयो ? सैनिक प्रवक्ता भण्डारी भन्छन्, 'पहिलो मूल्यांकनमा उत्तीर्ण भएको भिपिआरपिएल-बिजिसिसिपिएल जेभीको हकमा भने एक कम्पनीले अर्कोलाई जानकारी नै नदिई (सहमतिविना) प्रस्ताव हालेको आरोप लगाउँदै कम्पनीले नै पत्र पठाएपछि दोस्रो मूल्यांकनमा अनुत्तीर्ण गराइएको हो ।'

मानव अधिकार आयोगलाई बजेट विनियोजन गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

नयाँ पत्रिका

मानव अधिकार आयोगले क्षतिपूर्ति सिफारिस गरेका घटनामा उक्त सिफारिस कार्यान्वयन गर्न आगामी वर्षदेखि बजेट छुट्याइने भएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको कार्यक्रममा यस्तो प्रतिबद्धता जनाएका हुन् ।



'आयोगबाट भएका क्षतिपूर्तिको सिफारिस कार्यान्वयन गर्न आगामी वर्षबाट छुट्टै बजेटको व्यवस्था गरिने जानकारी गराउँछु । आउने दिनमा यसमा थप पहल गरिनेछ,' उनले भने, 'आयोगका सिफारिस कार्यान्वयनलाई सरकारले प्राथमिकता दिने भनेको छ । आउने दिनमा एक्सनमा जोड दिनेछ ।' द्वन्द्वकालीन घटनालाई टुंग्याउने गरी वर्तमान सरकारले काम गरिरहेको उनको भनाइ थियो । आयोग र नागरिक समाजले सरकारसँग राखेको अपेक्षाअनुरूप नै ती माग सम्बोधन गर्न शतप्रतिशत तयार रहेको प्रचण्डले बताए ।

आयोगको भवन पुनर्निर्माण, दरबन्दी थपजस्ता विषय नीति तथा कार्यक्रम र बजेटले नयाँ समीक्षासहित सम्बोधन गर्ने प्रतिबद्धता पनि उनले जनाए । 'आयोगको ऐन बनाई जारी गर्न सरकारले सैद्धान्तिक सहमति प्रदान गरिसकेको छ । आगामी संसद् अधिवेशनमा पेस गरिनेछ,' उनले थपे ।

जलावायु परिवर्तनको असरले नेपालीको मानव अधिकारलाई प्रभावित पारिरहेको भन्दै उनले पर्यावरणलाई नोक्सान गर्ने कार्य ठूला राष्ट्रबाट भइरहे पनि त्यसको असर नेपालजस्ता साना राष्ट्रले भोग्नुपरेको बताए । उनले संक्रमणकालीन न्याय पाउन ढिलाइ भइरहेको विषयमा आफू जानकार रहेको भन्दै यथाशीघ्र टुंग्याउनुपर्ने पक्षमा आफू रहेको स्पष्ट पारे ।

आयोगका अध्यक्ष तपबहादुर मगरले संक्रमणकालीन न्यायको विषय १७ वर्षदेखि निष्कर्षमा पुग्न ढिलाइ भएको धारणा राखे । साथै, आयोगले गरेका सिफारिस कार्यान्वयनको अवस्था उत्साहजनक नभएको भन्दै उनले सरकारको ध्यानाकर्षण गराए ।

आयोगकी सदस्य लिली थापाले द्वन्द्वकालीन गम्भीर मानव अधिकार उल्लंघनका घटनालाई गम्भीरतापूर्वक लिन सरकारलाई आग्रह गरिन् । यौन हिंसाबाट पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्दा पनि सरकारले चासो नदिनु र क्षतिपूर्ति उपलब्ध नगराउनु दुःखद रहेको उनको भनाइ थियो ।

यस वर्षको मानव अधिकार पुरस्कार बाजुराका पत्रकार, समाजसेवी तथा स्वास्थ्यकर्मी प्रकाशबहादुर सिंहले पाएका छन् । उनले कर्णाली र सुदूरपश्चिम प्रदेशमा रही मानव अधिकारको क्षेत्रमा कार्य गरेको भन्दै पुरस्कार प्रदान गरिएको हो । यसैगरी, सर्लाहीमा ज्येष्ठ नागरिकका क्षेत्रमा कार्य गर्दै आएकी भवानीकुमारी कोइराला पनि सम्मानित भएकी छिन् । उनलाई स्वर्गीय दयाराम परियार स्मृति सम्मानबाट सम्मानित गरिएको हो ।

■ शतबीज छर्न पशुपतिमा भिड



बाला चतुर्दशीको अवसरमा शतबीज छर्नका लागि आइतबार राति पाशुपत क्षेत्रमा पाल टाँगेर जाग्राम बसेका भक्तजन । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

विष्णुमती किनारमा पितृको नाममा दीप प्रज्वलन

काठमाडौं/ बालाचतुर्दशीको अवसरमा बुढानीलकण्ठ-४, विष्णुमतीको किनारमा आइतबार रातभर बसेर स्थानीयवासीले पितृहरूका नाममा दीप प्रज्वलन गरेका छन् । विष्णुमती धनेढिकुरो सरोकार समितिले यसपटक स्थानीयलाई सहभागी गराउन यस्तो कार्यक्रम आयोजना गरेको हो ।

आइतबार साँझ दीप प्रज्वलन र सोमबार बिहानै दिवंगत पितृहरूको नाममा शदबीज छर्ने विष्णुमती धनेढिकुरो सरोकार समिति तथा विष्णुमती सरसफाइ अभियानका अध्यक्ष हरिबहादुर केसीले जानकारी दिए । उनका अनुसार पितृहरूको नाममा ब्रह्म मुरतमा शदबीज छरिन्छ । दीप प्रज्वलनमा ५० भन्दा बढी परिवारको सहभागिता थियो । बुढानीलकण्ठ-४ का वडाध्यक्ष श्रीराम केसीसहित स्थानीय जनप्रनिधि पनि दीप प्रज्वलनमा सहभागी थिए । समितिले आयोजना गरेको यो चौथो कार्यक्रम हो ।

एक वर्ष बित्दा पनि...

पृष्ठ १ बाट क्रमशः

छलफल गरी संशोधनसहित प्रतिवेदन तयार गरी पठाएपछि प्रदेश सभाबाट पारित भइसकेको छ । तर, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, विज्ञान, प्रविधि, नवप्रवर्तक तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० समितिमा छन् । प्रदेशको शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा रहेका यी तीन विधेयकमध्ये प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफल टुंग्याए प्रतिवेदन लेखनको काम मात्रै बाँकी रहेको समितिको सभाध्यक्षता गरिरहेकी ज्येष्ठ सदस्य पोखरेलले जानकारी दिइन् । उनले अन्य दुई विधेयकमा छलफल बाँकी रहेको बताइन् ।

समिति गठनयता शिक्षा तथा कृषि समितिको बैठक नौपटक बसेको छ । प्रदेश मामिला समितिको बैठक चारपटक बस्दा सोही समितिको उपसमितिको तीन बैठक बसेको छ । त्यस्तै, अर्थ तथा विकास समितिको तीनपटक बैठक बसेको छ भने उपसमितिको बैठक दुईपटक बसेको छ । सार्वजनिक लेखा समिति र उपसमितिको बैठक तीन-तीनपटक बसेको छ । उद्योग, पर्यटन तथा वातावरण समितिको बैठक सातपटक बस्दा उपसमितिको नौ बैठक सञ्चालन भएको बागमती प्रदेश सभा सचिवालयले जनाएको छ ।

प्रमुख प्रतिपक्षी दल एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले समितिको बैठक नियमित बस्न नसक्नु सरकारको कमजोरी भएको आरोप लगाए । 'प्रदेश सभा र समितिलाई बिजनेस दिने काम सरकारको हो । सरकारको बेवास्ताका कारण प्रदेश सभा र संसदीय समितिको बैठक बस्न सकेको छैन,' उनले भने ।

तीन समितिमा एमालेको दाबी, एउटा मात्र दिने सरकारको रणनीति

बागमती प्रदेश सभाको सबैभन्दा ठूलो दल एमाले प्रतिपक्षमा छ । उसले सार्वजनिक लेखासहित तीन समितिको सभापतिमा दाबी गरिरहेको छ । तर, सत्तागठबन्धनले भने एउटा मात्र समिति एमालेलाई दिने रणनीति तय गरेको छ । सरकार र प्रतिपक्षको आ-आफ्नै अडानका कारण समितिको सभापति टुंगो लाग्न सकेको छैन ।

एमाले प्रमुख सचेतक मधुसुदन पौडेलले भने, 'उहाँहरूले सरकार चलाइरहनुभएको छ, हामीले संसद् चलाउन पाउनुपर्छ । त्यही भएर तीनवटा समितिमा हाम्रो दाबी हो ।' बागमतीमा सत्ता र प्रतिपक्ष मात्र होइन, सत्तारुढ दलभित्रै भागबन्डा मिलेको छैन । यहाँ माओवादी नेतृत्वमा सरकार छ, कांग्रेसले तीन र एकीकृत समाजवादीले एउटा समितिमा दाबी गरिरहेका छन् । बागमतीमा राप्रपाबाट सभामुख र एमालेबाट उपसभामुख छन् ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले १७ मंसिरमा सर्वदलीय बैठकसमेत आह्वान गरेका थिए । तर, आ-आफ्नो अडानका कारण सहमति नजुट्दा समितिको सभापतिको टुंगो लाग्न सकेको छैन ।

संसद्को हिउँदे अधिवेशन आह्वानमा ढिलाइ

बागमती प्रदेश सभाको हिउँदे अधिवेशन डाक्न पनि ढिलाइ भएको छ । प्रदेश सभाको पछिल्लो बैठक २३ असोजमा बसेको थियो । दुई विधेयक पारित गरेर स्थगित भएको बैठक अहिलेसम्म बस्न सकेको छैन ।

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले भने दलहरूबीच सहमति गरेर छिट्टै हिउँदे अधिवेशन आह्वान गर्ने र विषयगत समितिको नेतृत्व पनि टुंगो लगाउने दाबी गरे । अधिकतम सहमतिको प्रयास गर्ने अन्यथा प्रक्रियाबाटै सबै कुरा टुंगोमा पुऱ्याउने उनको भनाइ छ । गत वर्ष ४ मंसिरको संसदीय निर्वाचनपछि १४ पुसमा बागमती प्रदेश सभाका सदस्यले शपथ लिएसँगै प्रदेश सभाको दोस्रो कार्यकाल सुरु भएको थियो । त्यसयता प्रदेश सभाका दुईवटा अधिवेशन सकिएका छन् ।

पहिलेका...

पृष्ठ १ बाट क्रमशः

फिरौती बुझाउन बाध्य छन् ।

आइतबार पक्राउ परेकी कविता पहिला आफैं रोजगारीका लागि म्यानमार गएकी थिइन् । त्यहाँ उनी करिब एक महिना काम गरेर फर्किइन् । अन्य व्यक्तिहरूलाई फसाएर उनी फर्कन सफल भएकी थिइन् । नेपाल आएपछि थप व्यक्तिलाई पठाउने काम गरिन् । त्यसरी पुगेका मकवानपुरका दुई युवक गत असोजमा फर्किएका थिए । 'म त काम गर्न नसकेर फर्किएको हुँ, तपाईंहरूले महिनामा एक लाखभन्दा धेरै सजिलै कमाउन सक्नुहुन्छ भनेर विश्वासमा पारिन्,' पीडित युवकले सुनाए । कविता चिनियाँ भाषाकी दोभाषे हुन् । उनको चिनियाँ गिरोहसँग पनि राम्रो सम्बन्ध छ ।

दुई साताअघि पक्राउ परेका श्रीकृष्ण घले र वाङ्गो लामा पनि पहिला आफैं म्यानमारमा फसेर फर्किएका व्यक्ति हुन् । उनीहरूले चिनजानका व्यक्तिलाई राम्रो जागिर रहेको भन्दै झुक्याएर फसाएका थिए । उनीहरूसहित पीडित अन्य व्यक्तिको उजुरीपछि उनीहरूलाई ब्युरोले पक्राउ गरेको हो । चिनियाँ गिरोहले एकमार्फत अर्कोलाई फसाउने ट्र्याप नै बनाएको ब्युरोका प्रहरी अधिकारी बताउँछन् ।

शनिबार पक्राउ परेका बुद्ध तामाङ धादिङका एक युवाको जाहेरीका आधारमा पक्राउ परेका हुन् । उनीसहित सुनिता नेपालीले ती युवकलाई चिनियाँसँग मिलेर म्यानमार पठाएका थिए । सुनिता गत साउनमा यस्तै प्रकृतिको अर्को मुद्दामा पक्राउ परेकोमा हाल पुर्पक्षका लागि थुनामा छिन् । यस्तै घटनामा तीनजना चिनियाँ नागरिक पनि जेलमा छन् । अहिले पनि म्यानमारमा सयौं नेपाली चिनियाँको क्यापमा बन्धक बनेर अवैध काम गर्दै आएका छन् । उद्धारका लागि आग्रह हुँदा पनि सरकारबाट सहयोग नपाएको उनीहरू बताउँछन् । म्यानमारस्थित नेपाली दूतावासका अधिकारीहरू भने उद्धारका लागि आफूहरूले पहल गरे पनि द्वन्द्व चलिरहेकाले उद्धारमा समस्या भएको बताउँछन् ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. १९५३

स्वर्गारोहण
वि.सं. २०८०/८/१३

स्व. गुणमाया महर्जन

यस संघका भेग नं. ३२ को भेग प्रतिनिधि श्री कृष्णमान महर्जनको ममतामयी माता गुणमाया महर्जनको स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुखद घडीमा ईश्वरले शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् ।

नेपाल खुद्रा व्यापार संघ परिवार
टेकु, पचली

सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग योजना कार्यालय
पालुङटार, गोरखा

निर्माण कार्य सुरु गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०/०८/२५

तपसिलमा उल्लेखित निर्माण कम्पनीहरुले यस कार्यालयसँग भएको ठेक्का सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न नगरेको, लामो समयदेखि साइट मोबिलाइज नभएको, बाँकी रहेको निर्माण कार्य सम्पन्न गर्न यस कार्यालयबाट भएको ताकेताको बेवास्ता गरी निर्माण कार्यलाई अलपत्र पारी चरम लापरबाही गरेको कार्यप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । अतः हालसम्म निर्माण कार्य सम्पन्न हुन नसकेको उचित कारणसहितको स्पष्टीकरण तथा बाँकी रहेको निर्माण कार्य सम्पन्न गर्ने तपाईंको कार्ययोजना, यो सूचना प्रकाशित मितिबाट सात दिनभित्र यस कार्यालयमा पेश गर्नुहुन, साथै उक्त अवधिभित्र साइट मोबिलाइज समेत हुन जानकारी गराइन्छ । यो सूचनाको बेवास्ता गरेमा वा उक्त अवधिभित्र साइट मोबिलाइज नभएमा, ठेक्का सम्झौतामा उल्लेखित प्रावधान तथा प्रचलित कानुनअनुसार ठेक्का अन्त्य गर्नेसम्बन्धी कारबाहीको प्रक्रियाअगाडि बढाइने व्यहोरा जानकारी गराइन्छ ।

सी.नं.	ठेक्का नं.	कामको विवरण	निर्माण कम्पनीको नाम
१	MIDHLDNG/3371384/2072-73/004	Construction of Blacktop Road (Okhle KayaBhanjyang-Ghyampesal section and Ghyampesal-Nibel-Khahare Section at Gorkha District	एमपी/सूर्य/इलाइट जेभी, वीरेन्द्रनगर, सुर्खेत
२	MIDHLDNG/3371384/2074-75/002	Widening and Upgrading of Road to Blacktop Standard, Deudisamari bhanjyang-Katunje Road Section Nuwakot-Dhading	लुम्बिनी/मृत सञ्जीवनी जेभी, काठमाडौं

योजना प्रमुख

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगंज, धम्बोजीको धितोमा रहेको सम्पत्ति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०८/२५ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नेपालगंज, धम्बोजीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० पुष ०२ गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय नेपालगंज, धम्बोजीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

दामोदर भट्टको नातीनी, नन्दराम भट्टको छोरी, आनन्द बहादुर शाहको बुहारी, अर्जुन शाहको पत्नी बर्दिया जिल्ला पशुपति नगर गा.वि.स. वडा नं १, स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. ९, बस्ने **सिता शाह** (ना.प्र.प.नं. १०२६१, जारी मिति २०५९/०७/०५, जिल्ला प्रशासन कार्यालय बर्दिया) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. पृथ्वी बहादुर शाहको नाती, आनन्द बहादुर शाहको छोरा, बर्दिया जिल्ला पशुपति नगर गा.वि.स. वडा नं १,स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. ०९, बस्ने **अर्जुन शाह** (ना.प्र.प.नं. २३३२, जारी मिति २०५३/०८/१३, जिल्ला प्रशासन कार्यालय बर्दिया) ।

२. आनन्द बहादुर शाहको नाती, अर्जुन शाहको छोरा बांके जिल्ला, नेपालगंज न.पा वडा नं. १२ स्थायी ठेगाना भई हाल बांके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. ०९ बस्ने **अशेष शाह** (ना.प्र.प.नं. ६६-०१-७१-०३८८३, जारी मिति २०७१/०६/२४, जिल्ला प्रशासन कार्यालय बांके) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सिता शाह**को नाममा मालपोत कार्यालय नेपालगंजमा दर्ता कायम रहेको बांके जिल्ला, गनापुर गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. २८ को क्षेत्रफल १३६५ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुष ०१ गते** भित्र बैंकको शाखा कार्यालय नेपालगंज, धम्बोजीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नेपालगंज, धम्बोजीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भ

सोमबार २५ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ यू-१९ एसिया कप

नेपाल अफगानिस्तानसँग ७३ रनले पराजित

लगातार दुई खेलमा पराजित भएपछि नेपालको समूह 'ए' बाट सेमिफाइनल पुग्ने आशा समाप्त



नयाँ पत्रिका

एसिसी यू-१९ एसिया कपमा लगातार दोस्रो खेलमा पनि हारेपछि नेपाल सेमिफाइनल दौडबाट बाहिरिएको छ। युएईको आइसिसी मैदान-२ मा आइतबार अफगानिस्तानले नेपालमाथि ७३ रनको सानदार जित निकाली अन्तिम चारको आशा जीवितै राखेको छ। नेपालले अंक जोडेको छैन। अफगानिस्तान र भारतले समान दुई खेलबाट २ अंक जोडेको छ। समूह 'ए'मा पाकिस्तानले लगातार दोस्रो जित निकाली सेमिफाइनल दौड बलियो बनाएको छ।

पाकिस्तानले पहिलो खेलमा नेपाल र दोस्रो खेलमा भारतलाई हराएको हो। पहिलो ब्याटिङ गरेको अफगानिस्तानको यू-१९ टोलीले ४९.३ ओभरमा सबै विकेट गुमाएर २६१ रनको बलियो योगफल खडा गऱ्यो। प्रत्युत्तरमा नेपालले ४०.१ ओभरमा अलआउट हुँदै १८८ रन बनाएको थियो। नेपालका लागि ओपनर अर्जुन कुमाल शतकीय इनिङ्स खेल्नबाट वञ्चित भए।

अर्जुनको सर्वाधिक ९१ रन

लक्ष्य पछ्याएको इनिङ्समा नेपालले चौथो बलमै दोस्रा ओपनर विपिन रावललाई शून्यमा गुमायो। अफगानिस्तानका फरिडोनले ७.१ ओभरमा ३१ रन खर्चेर तीन विकेट लिँदा नेपालले सुरुवाती तीन खेलाडीलाई गुमाएको थियो। अफगानी बलर फरिडोनले नेपालका शीर्ष तीन ब्याट्सम्यानलाई पेभेलियन फर्काएका थिए। उनले दीपक बोहरोलाई १५ रन तथा अर्जुनलाई समेत आउट गरे। नेपालले पहिलो पाँच विकेट गुमाउँदा स्कोर बोर्डमा ७९ रन जोडेको थियो।

इनिङ्सको एक छेउबाट विकेट पतन भइरहँदा पनि ओपनर अर्जुनले आफ्नो विकेट जोगाइराखेका थिए। यद्यपि, उनलाई नेपालका कुनै पनि खेलाडीले गतिलो साथ दिन सकेनन्। नेपालको ब्याटिङमा अन्तिम खेलाडीका रूपमा अर्जुन आउट भएका थिए। उनले पहिलोदेखि १० विकेटसम्म साझेदारी गर्दै नेपाललाई फराकिलो हारबाट जोगाए। अर्जुन इनिङ्सको ४०.१ ओभरमा आउट भएका हुन्। उनले १०८ बलमा १३ चौका प्रहार गर्दै सर्वाधिक ९१ रनको योगदान दिए।

नेपालका लागि कप्तान देवले ३७ बलमा एक चौका प्रहार गरी २४ रन बनाए। सिनियर राष्ट्रिय टोलीका सदस्य गुलसन झाले २० बलमा दुई छक्काको सहयोगमा १७ रन बटुले। दीपेश कँडेलले १९ बलमा ११ रन बनाए। नेपालको इनिङ्समा चार ब्याट्सम्यानले रन नै बनाएनन्। अफगानिस्तानले नेपाललाई १८ अतिरिक्त रन दिएको थियो।

जमसिदको शतकीय योगदान

अफगानिस्तानको ब्याटिङमा तीन खेलाडीले उत्कृष्ट योगदान दिए। तेस्रो क्रमका ब्याट्सम्यान जमसिद जार्दानले १०६ रनको शतकीय इनिङ्स खेले। रहिमुल्लाह जुर्मातीले ३५ तथा विकेटकिपर ब्याट्सम्यान नुमान साहले ६० रनको महत्त्वपूर्ण योगदान दिए। नुमान र जमसिदबीच पाँचौं किवेटका लागि ९७ रनको साझेदारी भएको थियो। यी दुवै ब्याट्सम्यानले साझेदारी गर्नुअघि अफगानिस्तान ११४-४ को स्थितिमा थियो। नुमान आउट हुँदा अफगानिस्तान ४१.४ ओभरमा २११-५ को बलियो अवस्थमा रह्यो। नुमानले ४१ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे।

जसमिदले १५२ बलमा आठ चौका प्रहार गरे। उनी खेलमा रिटायर्ड हट भएका थिए। नेपाली बलरले अफगानिस्तानलाई १६ अतिरिक्त रन दिएका थिए। नेपालका लागि हेमन्त धामीले ६ ओभरमा ३७ रन खर्चेर दुई विकेट लिए। गुलसनले ८.३ ओभरमा दुई विकेट लिन ४६ रन खर्चे। यसैगरी सुवास भण्डारीले १० ओभरमा ४९ रन खर्चेदै दुई विकेट लिए।

पाकिस्तानले भारतलाई हरायो

प्रतियोगिताअन्तर्गत समूह 'ए'मा पाकिस्तानले भारतमाथि आठ विकेटको जित निकालेको छ। पहिलो ब्याटिङ गरेको भारतले ५० ओभरमा नौ विकेट गुमाएर २५९ रनको योगफल खडा गऱ्यो। प्रत्युत्तरमा पाकिस्तानले दुई विकेटको क्षतिमा २६३ रन बनाएको थियो। पाकिस्तानको जितमा अजान आविस र साद वैगले तेस्रो विकेटका लागि १२५ रनको साझेदारी गरेका थिए। अजानले १३० बलमा १०५ रनको शतकीय इनिङ्स खेले। उनले १० चौका प्रहार गरे। सादले ५१ बलमा आठ चौका र एक छक्का प्रहार गरे।

यसअघिको ब्याटिङमा भारतका लागि तीन खेलाडीले अर्धशतक प्रहार गरेका थिए। ओपनर आदर्श सिंहले ६२, कप्तान उदय सहरानले ६० र सचिन दासले ५८ रनको योगदान दिएका थिए।

अंक तालिका

समूह 'ए'					
टोली	खेल	जित	हार	अंक	रनरेट
पाकिस्तान	२	२	०	४	१.५६
भारत	२	१	१	२	०.४५
अफगानिस्तान	२	१	१	२	०.२०
नेपाल	२	०	२	०	-२.०२

समूह 'बी'					
टोली	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	१	१	०	२	४.६६
बंगलादेश	१	१	०	२	१.२२
युएई	१	०	१	०	-१.२२
जापान	१	०	१	०	-४.६६

हडकडको अल्ट्रा रेसमा जुम्लाकी सुनमाया च्याम्पियन

मानदत्त रावल/नयाँ पत्रिका

जुम्लाकी अल्ट्रा धाविका सुनमाया बुढाले हडकड अल्ट्रा रेस प्रतियोगिताको उपाधि जितेकी छिन्। हडकडमा आयोजित सय किलोमिटर 'अल्ट्रा रेस' प्रतियोगिता बुढाले १४ घन्टा ४० मिनेटमा पूरा गर्दै उपाधि हात पारेकी हुन्। २२ मंसिरमा भएको रेसमा सुनमायाले तीन सयभन्दा धेरै प्रतिस्पर्धीलाई पछि पार्दै पहिलो स्थान हात पारेकी थिइन्। 'द नर्थफेस हन्ड्रेड अल्ट्रा ट्रेल' च्यालेन्जिङले आयोजना गरेको प्रतियोगितामा द नर्थ फेस टिम एपिएबाट सुनमायाले भाग लिएकी हुन्।

प्रतियोगिताको दोस्रो र तेस्रो स्थानमा चीनका धावक रहे। सुनमाया रातिको समयमा ८ किलोमिटरको दूरीबीचमा हराएकी थिइन्। जुम्लाको पातारासी गाउँपालिका- २ पेरेगाउँमा जन्मिएकी सुनमाया ०७८ मा थाइल्यान्डमा आयोजित 'अल्ट्रा ट्रेल' रनिङ प्रतियोगितामा महिलातर्फ प्रथम भएकी थिइन्। त्यसवेला उनले ११० किलोमिटर दूरी १४ घन्टा ५४ मिनेट एक सेकेन्डमा पूरा गरेकी थिइन्।

यसपटक उनले प्रतिस्पर्धा गरेको रेस रातिको समयमा भएको थियो। 'यसअघिका रेस रात परे पनि निकै कम समयको हुन्थ्यो, तर यसपटक दौड पूरै रातको समयमा सुरु भयो,' सुनमायाले भनिन्, 'त्यसवेला र अहिलेको अनुभव फरक लाग्यो, रातको समय भएर होला, यसपटकको दौड निकै कठिन भयो।'

८ किलोमिटरको दूरी बाटो बिराउँदा पहिलो हुने आशा त्यागेको उनले बताइन्। 'बीचमा बाटो बिर्सिएँ, त्यसवेला पहिलो नै हुन्छ भन्ने विश्वास लागेन,' उनी भन्छिन्, 'कम्तीमा तेस्रोसम्म भइन्छ कि



भन्ने लाग्थ्यो, तर पहिलो नै भएँ।' यसपटकको दौड विगतको भन्दा निकै भिन्न र कठिन रहेको उनले बताइन्। 'मोबाइल फोन बोक्नुपर्ने, लाइटमा दौडनुपर्ने, सुरु गर्दा निकै गाह्रो थियो,' उनले भनिन्, 'कतिको खुट्टा नै भाँचियो। बत्ती मधुरो हुँदा बाटो नै नदेखिने स्थिति थियो, दुईवटा लाइट बोकेर गएको थिएँ।'

उदीपुरले जित्यो मेयर कप

लमजुङ/लमजुङ सदरमुकाम बेँसीसहरमा आयोजित चौथो मेयर कप फुटबल प्रतियोगिताको उपाधि वडा नं. १ उदीपुरले जितेको छ। सहजी खेल मैदानमा आइतबार भएको फाइनलमा उदीपुरले वडा नं. १० लाई ३-२ गोल अन्तरले हराउँदै उपाधि हात पारेको हो। विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ हात पारेका छन्। प्रतियोगितामा बेँसीसहर- १० का रविन तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित भए। उनले पाँच हजार रुपैयाँ हात पारे। बेँसीसहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्यालले खेल क्षेत्रको विकासका लागि नगरपालिका सधैं लागिपर्ने बताए। उनले खेलकुदका लागि पर्याप्त बजेट विनियोजन गरिने जनाएका छन्। 'खेलको विकासमा सबै वडाले पनि खेलकुद क्षेत्रका लागि बजेट विनियोजित गर्नुपर्छ,' अर्यालले भने। चौथो मेयर कप फुटबल प्रतियोगिता १९ मंसिरदेखि सुरु भएको थियो।

खेल संक्षेप

भारोत्तोलन टोली कतार जाँदै



काठमाडौं/ आइडब्लुएफ ग्रान्ड प्रि-२ च्याम्पियनसिपमा सहभागी हुन एक खेलाडीसहित तीन सदस्यीय नेपाली भारोत्तोलन टोली सोमबार कतारको दोहा प्रस्थान गर्दै छ। १८ मंसिरदेखि सुरु भएको प्रतियोगितामा नेपालबाट सागर भण्डारीले पुरुष १०९ केजीमाथि तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्। सागरको खेल प्रतियोगिताको अन्तिम दिन २८ मंसिरमा रहेको नेपाल भारोत्तोलन संघका अध्यक्ष रामकृष्ण श्रेष्ठले जनाएका छन्। प्रशिक्षकमा जीवन गौतम तथा व्यवस्थापकमा रामसुन्दर श्रेष्ठ छन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद् का सदस्यसचिव टंकलाल घिसिङले आइतबार बिदाइ गरे।

हाइल्यान्ड क्वार्टरफाइनलमा

काठमाडौं/ हाइल्यान्ड १६औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा क्वार्टरफाइनलमा प्रवेश गरेको छ। प्रतियोगितामा हाइल्यान्डले साबिक विजेता ओरियन्टल एकेडेमीलाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गऱ्यो। निर्धारित समयको खेल २-२ गोलको बराबरीमा टुंगिएको थियो। मूलपानीमा भइरहेको प्रतियोगितामा ब्रह्मकुञ्जले पनि अन्तिम आठको स्थान सुरक्षित गरेको छ। ब्रह्मकुञ्जले अक्षरालाई ४-१ ले हरायो। ब्रह्मकुञ्जका सिद्धार्थ कर्माचार्यले ह्याट्रिक गरे। करिअर बिल्डिङ इन्टरनेसनल एकेडेमीले एक्लव्य शिक्षा सदनमाथि २-१ ले पाखा लगायो।

गोल्डेन गेटको जित

काठमाडौं/ गोल्डेन गेटले दोस्रो नखीपोट पुरुष खुला तथा महिला यू-२३ बास्केटबल प्रतियोगिताको पुरुषमा जित हात पारेको छ। नखीपोट युवा क्लबको आयोजनामा भइरहेको प्रतियोगितामा गोल्डेन गेटले ओइभिएस हाउन्ड्सलाई ९४-८८ ले पराजित गऱ्यो। गोल्डेन गेटका आशिष सिडडेनले २२ स्कोर गरे। पुरुषमै टाइम आउट नेपाल र टाइम्सले जित निकाले। टाइम आउटले स्नोल्यान्ड स्पोर्टसलाई ८२-५७ ले हरायो। टाइम आउटको जितमा जेसाङ सुनुवारले १८ स्कोरको योगदान गरे। मविन्द्र भण्डारीको २३ स्कोरको सहयोगमा टाइम्सले आयोजक नखीपोटलाई ९४-७३ ले पन्छायो।

पाँचौं खेलमा सिटीको जित

लन्डन/ इंग्लिस प्रिमियर लिगको साबिक तीनपटकको विजेता म्यानचेस्टर सिटीले पाँचौं खेलमा जित निकालेको छ। सिटीले आइतबार लोटन टाउनलाई २-१ ले पराजित गरेको हो। यसअघिको चार खेलमा सिटी जितविहीन थियो। सन् २०१९ पछि सिटीले प्रिमियर लिगमा खराब प्रदर्शन गर्दै चार खेलसम्म जितविहीन नतिजा निकालेको यो नै पहिलोपटक हो।

पेप ग्वार्डिओलाको प्रशिक्षणमा रहेको सिटीले लगातार दुई खेलमा हारको सामना यसैपटक गऱ्यो। घरेलु मैदानमा लोटनका लागि इलिजाहले अप्रत्याशित रूपमा १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमा उत्कृष्ट प्रदर्शन गरेको घरेलु टोली लोटनले मध्यान्तरपछि लयलाई निरन्तरता दिन सकेन। खेलको ६२औं मिनेटमा बर्नान्डो सिल्भाले सिटीलाई १-१ को बराबरीमा पुऱ्याए। उनले डिबक्सभित्र सहजै प्राप्त बलमा गोल गरेका हुन्। खेलको ६५औं मिनेटमा ज्याक ग्रेलिसले सिटीलाई २-१ को अग्रता दिलाए।



उनले जुलियन अल्भारेजको क्रसमा गोल गरेका थिए। जितसँगै सिटी चौथो स्थानमै रह्यो। पराजित लिटन पुछारबाट तेस्रो स्थानमा छ। खेलमा सिटीले विपक्षीविरुद्ध ६५ प्रतिशत बल पोसेसन बनाएको थियो। सिटीले १८ पटक सट प्रहार गरेको थियो। यसैगरी, आइतबार भएको अर्को खेलमा एभर्टनले चेल्सीमाथि २-० को जित निकालेको को छ। एभर्टनको जितमा ड्वकोरे र डोबिनले एक-एक गोल गरेका थिए। खेलको ५४औं मिनेटमा एभर्टनले १-० को अग्रता लियो। ड्वाकोरेले चेल्सीको पोस्टमा पहिलो गोल गरे। खेलको अन्तिम इन्जुरी समयमा डोबिनले एभर्टनको जित २-० को पक्का पारे। हारपछि चेल्सी १९ अंकका साथ १२ औं स्थानमा छ।

प्रकाश दाहालको स्मृतिमा राष्ट्रिय ब्याडमिन्टन हुने

नयाँ पत्रिका

माओवादी नेता स्व. प्रकाश दाहालको स्मृतिमा प्रथम प्रकाश दाहाल स्मृति राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। बौद्ध लाखेपोखरीस्थित स्पोर्टस् हब नेपाल प्रालिको आयोजनामा २५ पुसदेखि प्रतियोगिता हुनेछ। ब्याडमिन्टन संघको मान्यता प्राप्त वरीयतासहितको राष्ट्रिय प्रतियोगितामा पुरुष एकल, महिला एकल र पुरुष युगल (ब्याडमिन्टन संघको उच्च २० वरीयताबाहेक) को स्पर्धा रहेको आयोजक समितिका निर्देशक एवं संयोजक आङ्कुसाङ शेर्पाले जानकारी दिए। उनका अनुसार स्थानीय स्तर, मास्टर्स युगल ३५ वर्षभन्दा माथि र ४५ वर्षभन्दा माथि गरी ६ विधामा प्रतिस्पर्धा हुनेछ।

प्रतियोगिता सञ्चालन गर्न २५ लाख बजेट रहेको छ। विजेताले ४५ हजार, उपविजेताले २५ हजार र तेस्रो स्थान प्राप्त गर्ने खेलाडीले १० हजार रुपैयाँ प्राप्त गर्ने आर्थिक संयोजक एवं स्पोर्टस् हबका



सञ्चालक अश्मेल शाहीले जानकारी गराए। वरीयतासहितको राष्ट्रिय प्रतियोगिता रहेकाले चार सय खेलाडीको सहभागिता हुने आयोजकले जनाएको छ। 'हामीले विगतमा पनि प्रतियोगिता आयोजना गर्दै आइरहेका थियौं, यसमा खेलाडीको अत्यन्तै चाप रहेको छ,' शेर्पाले भने, 'यसपटक नेपाल ब्याडमिन्टन संघको वरीयतासमेत हुने भएका कारण खेलाडी थप उत्साहित छन्।'

यसैबीच, विश्व ब्याडमिन्टन महासंघको आयोजनामा हुने पाँचौं फजा दुबई पारा ब्याडमिन्टन इन्टरनेसनल २०२३ मा निर्णायकको भूमिका निर्वाह गर्न नेपाली निर्णायक राजु देउजा संयुक्त अरब इमिरेटको दुबई प्रस्थान गरेका छन्। ११ देखि १७ डिसेम्बरसम्म आयोजना हुने विश्व ब्याडमिन्टन महासंघ (बिडब्लुएफ) पारा ब्याडमिन्टन इन्टरनेसनल लेभल २ प्रतियोगितामा अम्पायर देउजाले निर्णायकको भूमिका निर्वाह गर्नेछन्।

ललितपुर नेपाल सुपर लिगको शीर्ष स्थानमा

नयाँ पत्रिका

फ्रेन्चाइज ललितपुर सिटी एफसी दोस्रो नेपाल सुपर लिग (एनएसएल)को शीर्ष स्थानमा उक्लिएको छ। दशरथ रंगशालामा १० खेलाडीमा सीमित एफसी चितवनमाथि ३-१ को सानदार जित निकाल्दै ललितपुर शीर्ष स्थानमा उक्लिएको हो। ललितपुरको जितमा फ्रान्सेली फरवार्ड पापा इबो केबेले दुई तथा विवेक पौडेलले एक गोल गरेका थिए। चितवनका लागि एक मात्र गोल घानाका रफिक अमिनुले फर्काए। ललितपुरका अस्ट्रेलियन प्रशिक्षक इयान आन्द्रे गिलानले खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका बताए। 'पछिल्लो पाँच दिन राम्रो तयारी भयो। सबै खेलाडी अभ्यासमा उपलब्ध भए। जसकारण चितवनविरुद्धको खेलमा सुधार भयो। दबाव बनाउन सफल भयौं,' इयानले भने।

जितसँगै अपराजित रहेको ललितपुरले ५ खेलबाट ९ अंक बटुलेको छ। ८ अंकका साथ धनगढी दोस्रो स्थानमा छ। चितवन ५ अंकका साथ सातौं स्थानमा झरेको छ। हारपछि चितवनले धनगढी एफसीसँग अंक बराबरी गर्ने मौका गुमाएको छ। चितवनका भारतीय प्रशिक्षक मेहराजुद्दिन वाडुले खेल राम्रो भएको जनाए। उनले बाँकी तीन खेलमा जित निकाल्दै प्ले अफमा स्थान बनाउने जनाएका छन्। 'मलाई लाग्छ खेल धेरै राम्रो भयो। दुवै टोलीले राम्रो खेले। सुरुमै गोल हुँदा हामी दबाबमा पऱ्यौं,' वाडुले भने, 'अझै तीन खेल बाँकी छ। उत्कृष्ट खेल खेल्दै प्ले अफमा स्थान बनाउन चाहन्छौं।'

उत्कृष्ट गोल गरेका ललितपुरका विवेक म्यान अफ दी म्याच बने। उनले यही लयलाई राष्ट्रिय टोलीमा स्थान बनाउने योजना रहेको सुनाए। 'पछिल्लो समय राम्रो भइरहेको छ।

पापा इबोको दुई गोल

लिगमा ललितपुरले दोस्रो जित निकाल्दा फ्रान्सेली स्ट्राइकर पापा इबो केबेले दुई गोल गरे। उनले एक गोल पेनाल्टीमा गरे। खेलको १९औं मिनेटमा उनले ललितपुरलाई १-० को अग्रता दिलाए। डिबक्स अनमार्कमा रहेका पापा इबोले दिनेश हेम्जनको सहज पासमा वान टचमै गोल गरे। ललितपुरले खेलको ५७औं मिनेटमा २-० को अग्रता लियो। यसपटक विवेकले आकर्षक भली गोल गरे। दिनेशको क्रसलाई चितवनका रक्षक अब्बुबारिक युसिफले क्लियर गरेका थिए। रिबाउन्स बललाई डिबक्सबाहिर विवेकले सुन्दर भली गोल गरेका हुन्।

लिगको शीर्ष स्थानमा उक्लेको ललितपुरले पाँच खेलबाट ९ अंक बटुलेको छ



'अभ्यासमा प्रशिक्षकले यस्तै सिकाउनुभएको थियो। वातावरण नै त्यस्तै बन्यो। आज प्रशिक्षणका क्रममा गरेका प्रयास सफल बनाएँ,' विवेकले भने। खेलको ८९औं मिनेटमा चितवनका अमिनुले एक गोल फर्काए। ८९औं मिनेटमा टोरिक जेब्रिनको थ्रु पासमा अमिनुले गोल गरेका हुन्। उनको गोलसँगै चितवन खेलमा फर्कने छनक देखिएको थियो। ललितपुरले इन्जुरी समयमा पेनाल्टीमा गोल गर्दै जित लगभग पक्का गऱ्यो।

मिडफिल्डर उत्सव राईले वैकल्पिक खेलाडी आदित्य शाक्यलाई डिबक्सभित्र लडाएपछि ललितपुरले पेनाल्टी पायो। उत्सवले दोहोरो पहँलो कार्डसँगै रातो कार्डको सामना गरे। पापा इबोले कुनै गल्ती नगरी गोल गरेका हुन्। यस गोलसँगै उनी लिगमा दुई गोल पूरा गर्ने पाँचौं खेलाडी बनेका छन्।

तीन खेल जित्दै पुनरागमन गर्छौं

मेहराजुद्दिन वाडु, प्रशिक्षक, चितवन एफसी

ललितपुरसँगको खेल राम्रो भयो। हामीहरूले राम्रो खेल्यौं। सुरुमै गोल हुँदा दबाब भयो। ललितपुरसँगको खेल सहज थिएन। खेलाडीको प्रदर्शनबाट खुसी छु। हामीसँग अझै तीन खेल बाँकी छ। सबै खेल जित्दै प्ले अफ स्थान बनाउने योजनामा छौं। नवयुग लिएर गोल गर्न चाहन्थ्यौं। दुई गोल हुँदा अट्याकिङ थर्डमा दबाब बनायौं। केही प्रहार पोस्टमा पनि लाग्यो।

खेलाडीबीचको तालमेल राम्रो भएको छ

इयान आन्द्रे गिलान, प्रशिक्षक, ललितपुर

आजको हाम्रो खेल फरक थियो। हामीले पोसेसन बनाउने प्रयास गऱ्यौं। पछिल्लो पाँच दिन राम्रो तयारी भयो। विदेशी र नेपाली खेलाडीबीच राम्रो तालमेल भएको छ। विदेशी खेलाडी पापा केबे र विवेकले राम्रो गोल गरे। उनीहरूका गोल साँच्चै राम्रो थियो। हामीहरूको सेट पिसमा राम्रो भएको छ।

रेडियन्ट र रातो बंगलालाई उपाधि



काठमाडौं/ रेडियन्ट पब्लिक र रातो बंगलाले २९औं ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। रेडियन्ट पुरुष तथा रातो बंगला महिलामा च्याम्पियन बनेका हुन्। बुडमतीस्थित आयोजक ज्ञानोदयको कोर्टमा भएको पुरुष फाइनलमा रेडियन्टले आयोजक ज्ञानोदयलाई ५४-४१ ले पराजित गऱ्यो। रेडियन्टका सन्तोष शर्माले २२ स्कोर गरेका थिए।

महिलामा रेडियन्ट फाइनलमा पुगे पनि उपाधि हात पार्न चुकेको छ। उपाधि भिडन्तमा रातो बंगलाले रेडियन्टलाई ४३-१९ ले हरायो। रातो बंगलाकी अन्शु उरावले २६ स्कोर गरिन्। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय सन्तोष र अन्शु आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए। विजेतालाई ज्ञानोदयकी संस्थापिका प्रिन्सिपल इन्दिरा याक्थुम्बा, ज्ञानोदयका भाइस प्रिन्सिपल भानु ए, रेडियन्ट पब्लिकका प्रिन्सिपल सूर्यबहादुर केसीलगायतले पुरस्कृत गरे।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com